दैनिक विश्व जागरण
जि.प्र.का.ध.द.नं. ८१/०५६/५७ ध.जि.हु.द.नं. ३/०५६/५७
२०८० साल, माघ ४ गते बिहिवार
Thursday, 18 Jan.- 2024

सुशासन कायम गर्ने प्रतिबद्धता अनुरुप काम अगाडि बढ्यो : मुख्यमन्त्री यादव

जासस, जनकपुरधाम, माघ ३ गते ।
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेशमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने प्रतिबद्धता अनुरुप प्रदेश सरकारले कामलाई अगाडि बढाएको बताउनु भएको छ ।
मधेश स्वाभिमान दिवसको उपलक्ष्यमा बुधबार जनकपुरधाममा आयोजना गरिएको मुख्यमन्त्री यादव नेतृत्वको सरकारले एक वर्षको अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरुको सार्वजनिकी करण कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनु भएको हो ।
उहाँले एक वर्षको अवधिमा कानुन निमार्णदेखि लिएर शिक्षा, स्वास्थ्य, कृषी र पूर्वाधारको क्षेत्रमा उल्लेख्य सुधार भएको दाबी गर्नु भयो । मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारले एक वर्षको अवधिमा छ वटा विधेयक प्रदेश सभामा पेश गरेकोमा तीन वटा ऐन, दुई वटा नियमावली, सात वटा कार्यविधि र तीन वटा निर्देशिका निमार्ण भएको बताउनु भयो । उहाँले प्रदेशमा अझै १६ सय कर्मचारीको अभाव रहेको भन्दै यस आर्थिक वर्षमा सरकारले विनियोजन गरेको बजेटमध्ये कमतीमा ८० प्रतिशत बजेटको रकम खर्चिने लक्ष्य सरकारले लिएको बताउनु भयो । उहाँले सञ्चार माध्यमका लागि छुट्याइएको लोककल्याणकारी विज्ञापनको रकमलाई ५० लाखबाट दुई करोडमा पुर्याइने जानकारी दिनुभयो ।
मुख्यमन्त्री यादवले प्रदेश सरकारको कामकाजको उपलब्धी बारेमा प्रस्तुत गर्नु भएको २७ पृष्ट लामो प्रतिवेदनमा सङ्घीयता कार्यान्वयनतर्फ संघ सरकारले कानुन नबनाएका कारण प्रदेशहरुलाई भइरहेको समस्याबारे मधेश प्रदेश सरकारले नेतृत्व लिएर प्रधानमन्त्री तथा गृहमन्त्रीलाई ध्यानाकर्षण गराएको विषय उल्लेख छ । यसैगरी, सुशासन, सेवा प्रवाह, कानुन निमार्ण र स्थानीय तहतर्फ मधेश प्रदेशका ८ वटै जिल्लामा प्रदेश कानुनी सहायता अधिकृत नियुक्ति गरी पदस्थापन गरिएको, प्रदेशको वित्तीय सुशासनलाई मापन गर्ने कम्प्युटरमा आधारित प्रादेशिक वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याइएको, सबै यातायात व्यवस्था कार्यालयहरुबाट सवारी दर्ता सेवा अनलाइन प्रणालीबाट सेवा प्रवाह भइरहेको, सवारी चालक अनुमति पत्र छपाइमा भइरहेको ढिलाइलाई निराकरण गर्न प्रदेशमा नै मेसिन खरिद प्रक्रिया प्रारम्भ भएको उल्लेख छ । यसैगरी, संगठन संरचना निमार्ण र जनशक्ति वयवस्थापनतर्फ एक हजार छ सय ३६ जना जन प्रतिनिधि तथा दुई हजार तीन सय ८८ जना कर्मचारीहरुको क्षमता विकास गरिएको, रिक्त पदहरुमा बढुवा र खुल्ला गरी २११ पदको पदपूर्ति प्रक्रिया अगाडि बढाएको उल्लेख छ । वित्तीय व्यवस्थापन तथा आर्थिक सुशासनतर्फ मधेश प्रदेशमा पहिलो पटक आर्थिक वर्ष २०७९/८०को आर्थिक सर्वेक्षण मधेश प्रदेश सभामा पेश भएको र यसले प्रदेशको आर्थिक तथ्याङ्क र बजेट निमार्ण तथा तर्जुमामा सहयोग पुगेको र आर्थिक वर्ष २०७९/८०मा प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय समानीकरण, समपुरक, सशर्त अनुदान गरी कुल जम्मा चार अर्ब २५ करोड ९० लाख वित्तीय हस्तान्तरण भएको उल्लेख छ ।
यसैगरी, भौतिक पूर्वाधार तथा विकास निमार्णतर्फ जनकपुरधामको राम जानकी बहुउदेशीय रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक र सुविधा सम्पन्न बनाउने गरी मधेशले गौरवको योजना घोषणा गरी निमार्णको कार्यलाई अघि बढाएको, ६४ वटा निर्वाचन क्षेत्रमा ५ किमिको दरले ३२० किलो मिटर पक्की सडक निमार्ण कार्य गरिरहेको, सरकारले विभिन्न स्थानमा ३५ किलोमिटर कालोपत्रे सडक निमार्ण, प्रदेशका विभिन्न स्थानहरुमा ८ वटा पुल निमार्ण सम्पन्न भएको र २८ वटा पुल निर्माणधीन अवस्थामा रहेको छ ।
यसैगरी, प्रादेशिक सडक सञ्जाल गुरु योजनाअन्तर्गत दुई हजार दुई सय ३४ किलोमिटर प्रादेशिक लोकमार्ग र तीन हजार ७२ किलोमिटर प्रादेशिक सडक गरी जम्मा पाँच हजार तन सय छ किलोमिटर सडक छनोट गरी प्रादेशिक सडक सञ्जाल गुरु योजना कार्यान्वयनमा ल्याइसकिएको उल्लेख छ ।
पर्सादेखि सप्तरीसम्मको करिब ३१२ किलोमिटर सडकलाई मधेश शहिद राजमार्ग को रुपमा अध्ययन कार्य सम्मपन्न गरी काम अगाडि बढाइएको, प्रदेशमा ४१ वटा धर्मशाला, १७० वटा समुदायिक भवन निमार्णको काम सम्पन्न भएको साथै जनता अवासतर्फ छ हजार छ सय ९३ वटा घर निमार्ण भई हस्तान्तरण भइसकेको र महेन्द्र नरायण निधि अवास कार्यक्रममार्फत ४५६ घर निमार्ण गरिदिएको, सतह सिँचाइतर्फ पाँच वटा योजना सम्पन्न भई ११४० हेक्टर सिँचाइ योग्य जग्गामा सिँचाइ सुविधा पुगेको, प्रदेशको नदी खोलाहरुको नियन्त्रणका लागि कामकाज भएको उल्लेख छ ।
यसैगरी, प्रदेशको आठवटै जिल्लाको विभिन्न स्थान गरी ७५ स्थानमा हाई मास्ट टावर लाइट जडान, एक सय वटा मिनि टावर जडान र आठ वटा वाटर एटिएम मेसिन जडान कार्य सम्पन्न हुनुको साथै ४१ वटा खानेपानी आयोजनाहरु सम्पन्न भए पश्चात २० हजार घरधुरीहरु लाभान्वित भएको उल्लेख छ ।
त्यस्तै, समाजिकतर्फ प्रादेशिक अस्पतालहरुको स्तरोन्नती भएको र १३६ वटै स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला स्थापना भएको उल्लेख छ । प्रदेशमा पोषणमा सुधार हुनुको साथै ज्येष्ठ नागरिकलाई प्रादेशिक अस्पतालहरुमा ९० प्रतिशत छुट प्रदान गरिएको उल्लेख छ ।
यसैगरी, समुदायिक विद्यालयको कक्षा ९ मा अध्ययनरत ८६ हजनार पाँच सय २३ विद्यथीलाई शैक्षिक किटको व्यवस्था गरिएको, विद्यालयहरु संरचना निमाण हुँदा अपाङ्गमैत्री बनाइएको उल्लेख छ । प्रतिवेदनमा कृषि सहकारी तथा पशुपालन, उद्योग र व्यापार, वनतथा वातावरण शान्ति सुरक्षा तथा सञ्चारको क्षेत्रमा उल्लेखिय कामकाजहरु भएको उल्लेख छ ।
मुख्यमन्त्रीले यादवले एक वर्षका उपलब्धीबारे जानकारी गराइ रहदा प्रदेश सरकारको सबै मन्त्रीहरुको उपस्थिति थियो ।

पुल निर्माणका लागि दबाब

जासस, जनकपुरधाम, माघ ३ गते ।
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-७, इच्छापुरस्थित जलाद नदीमा पुल निर्माणको कामलाई तीव्रता दिन माग गर्दै स्थानीयवासीले दबाब ञ्याली निकालेका छन् । ठेक्का सकार गरेको अढाई वर्षमा बन्नुपर्ने पुल सात वर्षमा पनि नबनेपछि स्थानीयले तत्काल पुल निर्माणको माग गर्दै आज यहाँ दबाब दिएका हुन् । जलाद नदीबाट निकालिएको दबाब ञ्यालीका सहभागीले 'जलाद नदीको अलपत्र पुल छिटो निर्माण गर' नारा लगाउँदै महेन्द्रनगर चोकमा आएर सडक अवरुद्ध गरेका थिए । मिथिलामध्यमा परिक्रमा सडकखण्डसँग जोडिएको जलाद नदीमा पुल निर्माणमा ढिलाइ हुँदा स्थानीयले समस्या भोग्दैआएका छन् । पुल नबन्दा हरेक वर्ष वर्षायाममा सो नदीले बगाएर सर्वसाधारणले ज्यान गुमाउने गरेको र आउन जान सास्ती खेप्नुपरेकाले दबाब कार्यक्रम गरेको स्थानीयको भनाइ छ ।
डिभिजन सडक कार्यालय जनकपुरका सूचना अधिकारी एवम् इन्जिनियर विवेक झाले ठेकेदारको लापरबाहीले पुल निर्माणको काममा ढिलाइ भएको बताउनुभयो । पटक-पटक ताकेता गर्दा पनि ठेकेदार कम्पनीले पुल निर्माणमा सक्रियता नदेखाएको उहाँले जानकारी दिनुभयो ।
सुरुको सम्झौता बमोजिम पुल निर्माण कार्य २०७६ पुस १९ गते सम्पन्न गर्नुपर्ने थियो तर २०८० असार १९ गते ठेक्का कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति दिइएको थियो । समयावधि सकिए पनि ठेकेदार कम्पनीले ५३ प्रतिशतमात्र काम सम्पन्न गरेको उहाँले बताउनुभयो । सो पुल निर्माणको ठेक्का पप्पु कमल जेभी निर्माण कम्पनीले पाएको छ । पुलको लम्बाई १२० मिटर र चौडाइ ११ मिटर छ । निर्माण कम्पनीले १२ करोड ३५ लाख ६३ हजार २२४ रुपियाँमा निर्माणको जिम्मा पाएको हो ।

संस्थापक/प्रकाशक तथा सम्पादक स्व. रवीन्द्र साह / सम्पादक तथा प्रकाशक : राघवेन्द्र साह, प्रधान कार्यालय : मिडिया कम्लेक्स, सरस्वतीराज सदन, जानकी चौक जनकपुरधाम-३, फोन : ५२३०८३, ५२७७८३, फ्याक्स : ०४१-५२७६८३, ०४१-५२१०८३ (निवास)
सिन्धुली कार्यालय : कमलामाई नगरपालिका वा.नं.६, फोन नं.०४७-५२०५३८, सिरहा कार्यालय : ०३३-५६२०४५१ मुद्रण : राजर्षि जनक अफसेट प्रिंटर्स :-०४१-५२३०८३

रबिन्द्र मेमोरियल अस्पताल (३०० शैय्या)

जनकपुरधाम उपमहानगरपालिका -२३, बेला, धनुषा जिल्ला, मधेश प्रदेश

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

पेश गरिएको निकाय	**मार्फत**
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाण्डौ नेपाल	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ, काठमाडौं फोन नं. : ०१-४२६२५४३,४२६२८०२ ईमेल : info@mohp.gov.np

प्रस्तावक

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.

जनकपुरधाम - २३, धनुषा

ईमेल: rabindramemorialhospital@gmail.com

फोन नं: ९८४४०२०५१९

माघ, २०७९

बिषय सुची

तालिका सूची

चित्र सूची

अनुसुचिहरु

कार्यकारी सारांश

प्रस्तावक

रबिन्द्र मेमोरियल अस्पताल, जनकपुरमा गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. द्वारा संचालित अस्पताल हो।

<u>पत्राचार गर्ने पूर्ण ठेगाना</u>

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.
मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका-२३, रबिन्द्रनगर
ईमेल: *rabindramemorialhospital@gmail.com*
<u>सम्पर्क गर्ने आधिकारिक व्यक्तिहरु</u>:
राग्वेंद्र प्रसाद शाह ९८४४०२०५१९,
त्रिचन्द्र शाह ९८५४०२०५६२

आयोजनाको परिचय

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. द्वारा प्रस्तावित रबिन्द्र मेमोरियल अस्पताल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप.म.न.पा-२३, बेलामा पर्दछ। यस प्रस्ताव क्षेत्र समुद्री सतहदेखि ८३ मिटरको उचाईमा रहेको छ। यस क्षेत्रको भौगोलिक निर्देशांक २६° ४३' १२.५३" उत्तरी अक्षांश र ८५° ५४' ३७.०१" पूर्वी देशान्तर रहेको छ।

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा.लि. कम्पनी रजिस्टर कार्यालयमा मिति २०७२ सालमा दर्ता गराइएको थियो। यस अस्पतालको कम्पनी दर्ता नम्बर १४६९३०/०७२/०७३ र करदाता प्रमाणपत्र नम्बर ६०४२३५८८८ रहेको छ। यस अस्पतालले ३०० शैय्याको अस्पताल निर्माण तथा संचालन गर्ने प्रस्ताव गरेको छ। यस अस्पतालले आउटडोर सेवा (जस्तैः एनसथेसीओलोजी, जनरल मेडिसिन, जनरल सर्जरी, यौन रोग, दन्त रोग, बाल रोग, नाक, कान, घाँटी, छाती रोग, छाला रोग, हाड जोर्नी) र इन्डोर सेवा (जस्तैः मेडिकल वार्ड, सर्जिकल वार्ड) तथा निदात्मक सेवा (जस्तैः एक्सरे, ई. सि. जि., सि. टि. स्क्यान, इन्डोस्कपी, प्रयोगशाला, अपरेसन थिएटर, प्याथोलोजी सेवा) र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी सेवा प्रदान गर्ने प्रस्ताव गरेको छ।

प्रस्तावित क्षेत्रमा आवश्यक सुविधाहरु जस्तै खानेपानी, बिजुली इत्यादिको राम्रो प्रबन्ध रहेको छ । अस्पतालले खानेपानी प्रयोजनका लागि जारको पानी तथा जमिनमुनिको प्रशोधित पानी प्रयोग गर्नेछ। अस्पतालको निर्माणको क्रममा अनुमानित पानीको उपभोग नौ हजार लिटर प्रतिदिन तथा संचालनका क्रममा (१५०,०००) एक लाख पचास हजार लिटर प्रतिदिन हुनेछ। निर्माणका क्रममा अनुमानित पिउने पानीको उपभोग तीन सय लिटर प्रतिदिन तथा संचालनका क्रममा चार हजार लिटर प्रतिदिन रहनेछ।

अस्पतालको संचालनका क्रममा अस्पतालका बिरामी, कर्मचारी तथा कुरुवाहरुबाट उत्सर्जन हुने फोहरमैलाको परिमाण अन्दाजी ५१० के.जि. फोहर प्रतिदिन उत्पादन हुनेछ जसमा हानिकारक ठोस फोहरमैलाको मात्रा अन्दाजी १३२.६ के.जि. प्रतिदिन र जोखिम रहित ३७७.४ के.जि. प्रतिदिन हुनेछ। अस्पतालबाट अन्दाजी दैनिक तीन हजार लिटर तरल फोहर उत्पादन हुने सम्भावना रहेको छ।

यस प्रस्तावनाले अस्पताल संरचनाका लागि सात तल्ले भवन निर्माणका लागि प्रस्ताव गरेको छ। प्रस्तावको क्षेत्रफल १०,१६२.२ वर्ग मि. रहेको छ जसमा ९३९.३० वर्ग मि. क्षेत्रमा अस्पतालको भवन निर्माण हुनेछ। सात तल्ले अस्पताल भवनको जम्मा क्षेत्रफल १०,३४४.२१ वर्ग मि. रहेको छ भने पार्किंग तथा खुल्ला क्षेत्र लागि ८५२१ वर्ग मि. छुट्याइएको छ । अस्पताल संचालन संगै ३७४ जना कर्मचारीहरुले रोजगारी पाउनेछन्।

वातावरणीय प्रभाव मूल्याङ्कनको सान्दर्भिकता

वातावरण संरक्षण नियमावली २०७७ (पहिलो संसोधन २०७८, जेष्ठ १०) को नियम ३ सँग सम्बन्धित अनुसूची ३ को (ख) स्वास्थ्य क्षेत्र अनुसार १०० शैय्या भन्दा बढीको अस्पताल, नर्सिङ होम वा चिकित्सा व्यवसाय संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। प्रस्तावित अस्पताल ३०० शैय्या (१०० शैय्या भन्दा बढी) अस्पताल संचालन गर्नु भन्दा पहिले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने देखिन्छ। प्रस्तावित अस्पताल २०० शैय्या भन्दा बढी क्षमताको भएकाले जनस्वास्थ्य नियमावली, २०७० को अनुसूची ९ बमोजिम संघीय सरकार मातहतको मार्फत वा.प्र.मू. प्रतिवेदन स्वीकृत गर्न लागिएको हो। साथसाथै सोहि नियमावलीको नियम ३ सँग सम्बन्धित अनुसूची ३ को (ज) (२) अनुसार १०,००० वर्ग मि. क्षेत्रफल भन्दा बढी built-up area वा floor area भएको आवासीय व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने र त्यसै नियमको (ज) (६) अनुसार २०,००० लि. भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्नु परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने नियम अनुरुप EIA संघ मार्फत गर्न लागिएको हो।

वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य यस अस्पताल निर्माण तथा संचालन गर्दा प्रभावित क्षेत्रको वातावरणीय पक्षहरुको अध्ययन गरी भौतिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्ने प्रभावहरु पहिचान एवं मूल्याङ्कन गरी नकारात्मक प्रभावको न्यूनीकरण र सकारात्मक प्रभाव बढाउने उपायहरु पत्ता लगाई वातावरण व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्नु रहेको छ।

अध्ययन विधिहरु

यस वातावरणीय प्रभाव मूल्याङ्कन वातावरण संरक्षण नियमावली २०७७, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका १९९३ तथा मिति २०७९-०३-१६ मा वन तथा वातावरण मन्त्रालयको (मा.

मन्त्रीस्तरीय) निर्णयद्वारा स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीको अधिनमा रही तयार गरिएको छ । यस वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका उद्देश्यहरु प्राप्त गर्न आवश्यक संदर्भ सामाग्रीहरुका पूर्व अध्ययन गरिएको थियो र आयोजनाको प्रभावित क्षेत्र रेखाङकन गरिएको थियो। अध्ययन टोलीले २०७९ असार २५ गते सार्वजनिक सुनुवाई गरियो साथसाथै आयोजना क्षेत्रको स्थलगत अध्ययन गरी सूचना संकलन गर्ने, सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने तथा स्थलगत सर्वेक्षणको कार्य सम्पन्न गरिएको थियो । स्थलगत सर्वेक्षणको क्रममा आयोजना प्रभाव क्षेत्रको विद्यमान वातावरणीय अवस्था सम्बन्धी जानकारी संकलन गरियो र आयोजना निर्माण तथा संचालनले पार्न सक्ने प्रभावहरु र तिनीहरुका न्यूनीकरणका उपायहरु पहिचान गरियो।

विद्यमान वातावरणीय अवस्था

भौतिक वातावरण

आयोजना प्रभाव क्षेत्र धनुषा जिल्ला, नेपालको तराई भागमा पर्दछ।यो क्षेत्र जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ मा पर्दछ । यस क्षेत्रमा एलुभियम माटो रहेको छ जसअन्तर्गत नदीले थुपारेको मसिनो पांगो माटोदेखि ग्राभेल, बालुवा, सिल्ट तथा ढुंगाहरुको मिश्रण पर्दछ ।अस्पतालको माटोको वहन क्षमता ११९.७ किलो न्युटन प्रति वर्ग मिटर रहेको छ । यस प्रस्तावित आयोजना क्षेत्रको हावापानी आर्द्र अर्ध-कटिबन्धीय जलवायु रहेको छ। यस क्षेत्रको सरदर औसत तापक्रम २५ डिग्री से., औसत अधिकतम तापक्रम ३०.५ डिग्री से. र औसत न्यूनतम तापक्रम १९.४ डिग्री से. रहेको छ।सरदर वार्षिक वर्षा १,५५२.५ मि. मि. हुने गर्दछ भने भारी वर्षा जुलाई महिनामा हुने गर्दछ।प्रस्तावित अस्पताल चक्रपथमा पर्ने हुँदा सडकको राम्रो पहुँच छ ।यस प्रस्तावित क्षेत्र वरपर पर्ने वायुको गुणस्तर मापन केन्द्र जनकपुर चुरोट कारखानामा लिएको तथ्यांक अनुसार यस क्षेत्रको PM_{10} को २४ घन्टे औसत ६६.०९ माइक्रोग्राम प्रति घनमिटर रहेको छ।

जैविक वातावरण

यस प्रस्तावित क्षेत्रमा वन क्षेत्र नरहे पनि स्थानीयहरुका निजी रुपमा रहेका विभिन्न रुख तथा वनस्पतिहरु जस्तै : साल, बकेनु, बर, बेल, आँप, लिच्ची, चमेली, चम्पा, आदि रहेका छन् ।यस अस्पताल क्षेत्र नजिकमा सामान्यतय मानवबस्ती नजिक पाइने जीवजन्तुहरु जस्तै भ्यागुतो, सर्प, मुसा, माछा, छेपारो, गङ्यौला, आदि बढी देखिन्छन्।

सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण

नेपाल सरकार, केन्द्रीय तथ्यांक विभाग, २०६८ का अनुसार अस्पतालको प्रभावित क्षेत्र जनकपुरधाम उप-महानगरपालिकाको कूल जनसंख्या १०३,०८३ जसमा पुरुषको कुल जनसंख्या ४६,९७८ र महिलाको कुल जनसंख्या ५६,१०५ रहेका छन्।प्रस्तावित अस्पताल क्षेत्रमा बहुसंख्यक जनसंख्या यादवको रहेको छ भने बहुसंख्याक मैथिली भाषी रहेको छ।यस प्रस्तावित क्षेत्रमा अधिकांश

घरधुरीले कलको पानी प्रयोग गर्छन् भने बजार क्षेत्रमा रहेका घरधुरीले धारा तथा पाइपको पानी प्रयोग गरेको पाइन्छ। आयोजना क्षेत्रमा खाना पकाउनको लागि एलपि ग्याँस प्रयोग गर्नेको घरधुरीको संख्या धेरै देखिएको छ। यस आयोजना क्षेत्रमा अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध रहेको पाइएको छ । त्यस्तै, यस क्षेत्रमा बहुसंख्यक हिन्दु धर्मावलम्बीहरु रहेका छन् । यस प्रस्तावित क्षेत्रमा प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमा जानकी मन्दिर, राम मन्दिर, लक्ष्मणमन्दिर, रत्नसागर मन्दिर, संकत्मोचन मन्दिर, भूतनाथ मन्दिर, स्वर्गदार, गंगासागर, रामसागर, धनुषसागर, रसिक निवास, हनुमान दरबार, रानिपति, इत्यादी रहेका छन्।

बैकल्पिक विश्लेषण

प्रस्तावको सम्बन्धमा अस्पताल रहने स्थान, बैकल्पिक डिजाईन, प्रक्रिया र प्रस्ताव कार्यान्वयन नै नगर्ने विकल्पहरुको विश्लेषण गरिएका छन्। अस्पताल निर्माण र संचालनका लागि जनकपुरधाम उपमहानगरपालिका, वडा नं २३ मा नै प्रस्ताव गरिएको छ जसको संचालनबाट जनकपुर लगायत नेपालका अन्य जिल्लाका वासिन्दाहरुलाई समेत सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ। फोहरमैला व्यवस्थापनको सन्दर्भमा संक्रामक फोहरलाई अटोक्लेभ प्रविधिबाट संक्रमणरहित बनाइनेछ र फोहर पानीलाई क्लोरिनको प्रयोग गरेर निस्कासन गरिनेछ तथा अन्ततोगत्वा प्रशोधन गरेर नेपाल सरकारको मापदण्ड अनुरुप उपचार गरी मात्र सार्वजनिक ढलमा फालिनेछ वा पुनः प्रयोग गरिनेछ। आयोजना कार्यान्वयन नगरिएमा सर्वसाधारण जनताले स्वास्थ्य सेवाको अवसर गुम्ने, नयाँ रोजगारीको अवसरमा वृद्धि नहुने, स्थानीय क्षेत्रमा आर्थिक गतिविधिको वृद्धि नहुने हुन्छ। तसर्थ, अस्पताल निर्माण तथा संचालनका लागि रबिन्द्रनगर (बेला) नै चयन गरिएको छ।

प्रस्तावका प्रभावहरु

प्रस्तावको कार्यन्वयनले वातावरण तथा मानव जीवनमा दुवै किसिमको सकारात्मक तथा नकारात्मक प्रभावहरु पार्ने देखिन्छ।

<u>प्रमुख अनुकूल प्रभावहरु</u>

- स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी सुविधा हुने,
- स्थानीय स्तरमा रोजगारीको अवसर प्राप्त हुने,
- आर्थिक गतिविधिमा वृद्धि हुने,
- स्थानीय विकास हुने,
- स्थानीय सरकारलाई राजस्व संकलनको अवसर मिल्ने।

<u>प्रमुख प्रतिकूल प्रभावहरु</u>

- भू-उपयोगितामा परिवर्तन हुने,
- भूमिगत पानी निष्कासनले पानीको सतहमा आउने प्रभाव पर्न सक्ने,
- स्थानीय स्तरमा हावा, पानी, माटो र ध्वनिमा प्रदुषण हुने,

- सरसफाई तथा फोहरमैला व्यवस्थापन प्रभावकारी नहुँदा स्थानीयमा स्वास्थ्य समस्या उत्पन्न हुन सक्ने,
- रोग तथा महामारी प्रकोप बढ्न सक्ने,
- विभिन्न पेशामा आबद्ध कर्मचारीहरुले औजार तथा उपकरणहरुको असुरक्षित प्रयोगका कारणले सुरक्षा नअपनाउदा चोटपटक वा गम्भीर दुर्घटना समेत हुन सक्ने।

न्युनीकरणका उपायहरु

- वायु प्रदुषण कम गर्न निर्माण उपकरणहरु तथा निर्माण सामाग्री ढुवानी गर्ने यातायात साधनहरु राम्रो अवस्थामा रहेको मात्र प्रयोग गर्ने,
- हावामा प्रदुषण कम गर्नका लागि प्लास्टिक तथा सि.जि.आइ सिटले ढाकिनेछ,
- निर्माण क्षेत्रमा उत्सर्जन हुने फोहरमैला तथा ढलको उचित व्यवस्थापन गरिनेछ,
- धुलो धुँवाबाट कामदारलाई हुने हानी न्यूनीकरण गर्न मास्क प्रयोग गर्ने प्रेरित गरिनेछ,
- धुलो उत्सर्जन हुने स्थलमा पानी छर्किने,
- कामदारको शिविरबाट निस्किने मलमुत्र तथा फोहरपानीलाई पानीको श्रोतभन्दा टाढा विसर्जन गर्ने र प्रशोधन पश्चात् निस्काशन गरिनेछ,
- रातको समयमा बढी ध्वनि उत्पन्न हुने हुँदा निर्माण कार्य राति नगर्ने,
- ध्वनि प्रदुषण न्यूनीकरण गर्न सकेसम्म नयाँ उपकरण मात्र प्रयोग गर्ने र पुरानो उपकरण प्रयोग गर्नु परेमा बेलाबेलामा मर्मत सम्भार गरिनेछ,
- निर्माण सामाग्री ढुवानी साधनले विद्यमान यातायात व्यवस्थालाई हुन सक्ने अवरोधलाई कम गर्न सेक्युरिटी गार्डलाई परिचालित गर्ने,
- यातायातको चाँप कम भएको बेला मात्र निर्माण सामाग्री ढुवानी गर्ने,
- भूकम्प प्रतिरोधी भवन बनाइनेछ र सबै आचारसंहिता पालन गरी निर्माण गरिनेछ,
- फायर अलार्मको व्यवस्था गर्ने,
- अग्नि नियन्त्रक अस्पतालको हरेक तल्लामा राख्ने,
- कर्मचारीहरुलाई फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी उचित तालिम गर्ने,
- फोहरमैला व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउनका लागि श्रोतमै भिन्न भिन्नै संकलन गर्ने (फरक रंगको कन्टेनर प्रयोग गर्ने),
- तरल फोहरमैला व्यवस्थापन गर्नका लागि Effluent Treatment Plant (ETP) जडान गर्ने,
- ब्ल्याक वाटर र ग्रे वाटरलाई अलग अलग पाइपको माध्यमबाट संकलन गरी व्यवस्थापन गर्ने,
- नियमित फोहर संकलन गर्न उप-महानगरपालिका तथा वडा कार्यालय सँग सहकार्य गर्ने,
- जल प्रदुषण कम गर्न व्यवस्थित ढल निकास गर्ने जसका लागि ट्वाइलेट, बाथरुम तथा ल्याब तथा शल्यक्रियामा प्रयोग गरिएको पानीको संकलन गर्दा छुट्टाछुट्टै ढल पाइपको व्यवस्था गर्ने,
- ल्याब तथा शल्यक्रिया कक्षबाट निस्किने तरल फोहरका लागि प्रशोधन प्रणाली जडान गर्ने,

- विकिरणयुक्त उपकरणको प्रयोगबाट हुने जोखिम न्यूनीकरण गर्न कर्मचारीलाई आवश्यक पहिरनको व्यवस्था गर्ने,
- हानिकारक रसायनिक पदार्थको सही मात्रामा प्रयोग गर्न र व्यवस्थापन गर्न सम्बन्धित कर्मचारीलाई उचित तालिम तथा प्रशिक्षण दिने,
- प्रयोग भईसकेको सुईलाई उचित निर्मुलिकरण गरेर मात्रै डिस्पोजल गर्ने,
- निर्माण कार्य गर्दा ध्वनि प्रमाणित उपकरणहरु मात्रै प्रयोग गर्ने,
- पुरुष तथा महिलालाई कार्य सम्पादन तथा दक्षताका आधारमा ज्याला निर्धारण गरी कार्य हुनु अगाबै तय गर्ने,
- बाल श्रम प्रयोग भए नभएको अनुगमन गर्ने,
- कामदारहरुलाई सम्भावित सामाजिक, साँस्कृतिक तथा धार्मिक द्वन्दबारे सचेतना दिने,
- निश्चित समय अन्तरालमा अस्पतालका सबै क्षेत्रमा disinfectant प्रयोग गरी सरसफाई गरिनेछ,
- सरुवा रोग नफैलियोस् भन्नका लागि भेट्न आउने मानिसहरुको लागि आवश्यक मास्क, जुत्ता तथा अप्रोन (apron) लगाउन दिने,
- सरुवा रोग भएका बिरामीहरुसँग प्रत्यक्ष रुपमा सेवा दिनु पर्ने कर्मचारीलाई आवश्यक पोशाकको व्यवस्था गर्ने,
- सेक्युरिटी गार्डलाई अस्पताल सवारीसाधनलाई निश्चित पार्किंग क्षेत्रमा मात्रै रोक्न र पार्किंग गर्न लगाउने,
- अस्पतालमा अनावश्यक भिडभाड कम गर्न ठाउँ ठाउँमा सूचना टाँस गरी जानकारी दिने,

यस बाहेक अस्पतालले अन्य कम महत्वका प्रतिकूल प्रभावहरुलाई समेत रोकथाम या न्यूनीकरण गर्न उपायहरु अवलम्बन गर्नेछ।

वातावरणीय व्यवस्थापन योजना

प्रस्तावले यस प्रतिवेदनमा अस्पतालको विभिन्न व्यवस्थापन योजनाहरु जस्तै : फोहरमैला व्यवस्थापन योजना, आपतकालीन तयारी योजना एवं प्रकोप जोखिम न्यूनीकरण योजना उल्लेख गरेको छ ।नेपाल सरकारको प्रचलित नियम कानूनको मातहतमा रही र प्रतिवेदनमा उल्लेखित व्यवस्थाको अवलम्बन गरी चुस्तदुरुस्त रुपमा प्रस्तावित अस्पतालका सबै विषयहरुको व्यवस्थापन गर्न प्रस्तावक प्रतिवद्ध छ ।साथै, सामाजिक दायित्वको रुपमा स्थानीय जनतासंग सुमधुर सम्बन्ध बनाई समन्वय गरी गुनासो व्यवस्थापन गरिनेछ एवं स्थानीय निकायसंग समन्वय गरी स्थानीय विकास कार्यमा समेत योगदान गरिनेछ।

वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग, स्थानीय प्रशासन तथा सरकारले अस्पतालको नियमित अनुगमन तथा नियमन गर्नेछ । प्रस्तावको वातावरणीय असरको अभिवृद्धि तथा न्यूनीकरणका लागि ने. रु.४७,५०,००० (सड्चालिस लाख पचास हजार रुपैयाँ मात्र) तथा वातावरणीय अनुगमनका लागि ने. रु. ४,१५,००० (चारलाख पन्ध्र हजार रुपैयाँ मात्र) छुट्टयाइएको छ।

निष्कर्ष

वातावरणीय प्रभाव मूल्यांकनबाट आयोजनाको निर्माण तथा संचालनबाट सम्भावित प्रतिकूल प्रभावहरु हटाउन या कम गर्न न्यूनीकरणका उपायहरु अवलम्बन गर्न सकिने देखिएको छ । तसर्थ, प्रतिवेदनमा सुझाइएका न्यूनीकरणका उपायहरु र अनुगमनका कार्यक्रमहरु कार्यान्वयन भएमा प्रस्तावित आयोजनाको निर्माण तथा संचालन वातावरणीय दृष्टिकोणले उपयुक्त देखिन्छ। साथै, आयोजनाको संचालनबाट त्यस क्षेत्रको स्वास्थ्य सेवामा अभिवृद्धि, रोजगारीको अवसरहरु, स्थानीय व्यापार व्यवसायमा वृद्धि तथा समग्र रुपमा स्थानीय विकासमा टेवा पुग्ने देखिएको छ । अन्तमा प्रतिवेदनमा उल्लेखित बमोजिम उपायहरु अवलम्बन गर्नका लागि प्रस्तावक गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. प्रतिवद्ध छ।

Executive Summary

Proponent

Rabindra Memorial Hospital is proposed by Ganinath Govinda Health Foundation private limited. Detailed address is given below.

Detailed contact Address

Ganinath Govinda Health Foundation Pvt. Ltd.

Madhesh Provience, Dhanusha District, Janakpurdham Sub-metropolitan – 23, Rabindranagar (Bela)

Email: Rabindramemorialhospital@gmail.com

Contact Person: Raghvendra Prasad Shah 9844020519, Trichandra Shah 9854020562

Introduction of the Project

The Rabindra Memorial Hospital is proposed by Ganinath Govind Health Foundation Pvt. Ltd. which is located in Madhesh Pradesh, Dhanusha District, Janakpurdham Sub-M.N.Pa-23, Bela. The proposed project location is at a height of 83 meters above sea level. The geographic coordinates of this area are 260 43' 12.53" North Latitude and 850 54' 37.01" East Longitude.

Ganinath Govind Health Foundation Pvt. Ltd. was registered in the company register office on the year of 2072. Company registration number of this hospital is 146930/072/073 and taxpayer certificate number is 604235888. It has proposed to build and operate a 300-bed hospital. This hospital offers outdoor services (eg: Anesthesiology, General Medicine, General Surgery, Venereal Diseases, Dentistry, Pediatrics, Nose, Ear, Throat, Chest Diseases, Skin Diseases, Bone Joints) and Indoor Services (eg: Medical Ward, Surgical Ward) and diagnostic services (eg: X-ray, E.C.G., CT- Scan, endoscopy, laboratory, operation theater, pathology service) and offers 24-hour emergency service as well as pharmacy services.

Necessary facilities like water supply, electricity etc. are well arranged in the proposed area. The hospital will use jar water and underground treated water for drinking purposes. Estimated water consumption during the construction of the hospital will be (9,000) nine thousand liters per day and (150,000) one lakh fifty thousand liters per day during operation. Estimated drinking water consumption during construction will be three hundred liters per day. And during operation, there will be four thousand liters per day.

During the operation of the hospital, the amount of waste emitted by the patients, employees and staff of the hospital is approximately 255 kg. Garbage will be produced daily, in which the amount of harmful solid waste is approximately 75 kg along with that, there is a possibility that approximately 3000 liters of liquid waste will be produced from the hospital every day.

The project proposes to construct a seven-storey building for the hospital structure. The area of the land is 10,162.2 sq. m. A hospital building will be constructed in the built-up area of 939.30 sq. m. The total floor area of the seven-storey hospital building is 10,344.21 square meters. There will be 8521 square meters of area for parking and open space propose. In operation period 374 employees will get employment including both skilled, unskilled, medical and management faculty.

Rationality of the EIA

As per clause (b) of Schedule 3 related to Rule 3 of Environmental Protection Rule 2077 (Amendment in 2078), in the case of health sector, there is a provision to assess the environmental impact assessment when operating a hospital, nursing home or medical business with more than 100 beds. Regarding proposed hospital having 300 beds (more than 100 beds) hospital, It is required that environmental impact assessment should be done before operation. As the hospital has more than 200 beds, EIA is going to be done through the centralized government. Also, according to clause (h) (2) of Schedule 3 related to Rule 3 of Environment Protection Regulations 2077, for more than 10,000 square meters floor area building and use of more than 20,000 li. Underground water EIA report need to be prepared and implement the project as per EIA.

Objectives of EIA

The main objective of the EIA is to identify and evaluate impacts on physical, biological, socio-economic and cultural environment by studying the environmental settings of the project area and to recommend mitigation measures for adverse impacts and augmentation measures for positive measures and implement by making environmental management plan.

Methodology

This EIA Report has been prepared following the Environment Protection Act 2076, Environment Protection Rule, 2077, NEIA Guidelines and as per the SD and ToR approved by the Ministry level decision of the MoFE on 2079-03-16. For achieving the objectives of the EIA, required reference contents were pre-studied and impact area of the project was demarked. EIA study team made the field visit and public hearing was held on 2079-03-25 as well as field survey, collection of necessary information and public consultation with local people and concerned stakehoders was done. During field survey, baseline data on existing environmental condition of the project area was collected and possible environmental impacts due to project activities during construction phase and operation phases and their mitigation measures were identified.

Existing Environmental Condition

Physical Environment

The project impact area is in Terai part of Dhanusha district. This area is in Janakpurdham sub-metropolitan ward No. 23. In this area, there is alluvium soil, which includes a mixture of gravel, sand, silt and stones from fine clay soil deposited by the river. The bearing capacity of the soil of the hospital is 119.7 kilo newtons per square meter. The climate of this proposed project area is humid semi-tropical. The average temperature in this area is 25 degrees Celsius, the average maximum temperature is 30.5 degrees Celsius. And the average minimum temperature is 19.4 degrees Celsius. The average annual rainfall is 1,552.5 m. Basically Heavy rain occurs in the month of July. Approach road condition on the proposed hospital is good and lies on the Janakpur-Jaleshower road section.

Biological Environment

Although there is no forest area in proposed hospital area, there are various trees and plants that are privately owned by the locals such as: bar, vine, mango, lychee, jasmine, champa, etc. Animals such as frogs, snakes, which are usually found near human settlements near this hospital area, rats, fish, lizards, lizards, etc. can also be seen more.

Socio-economic and cultural Environment

According to the Government of Nepal, Central Statistics Department, 2068, the total population of Janakpurdham sub-metropolitan city in the affected area of the hospital is 103,083, in which the total population of males is 46,978 and the total population of females is 56,105. The majority of the population in the proposed hospital area is Yadav and the majority is Maithili speaking. Most of the households in this proposed area use bore hole tap water, while the households in the market area use bore hole tap and piped water. The majority of households use LP gas for cooking in the project area. It is found that most of the population in this project area is involved in agriculture. Also, there are majority of Hindus in this area. The major religious and tourist places in this proposed area are Janaki Temple, Ram Temple. , Laxman Mandir, Ratnasagar Temple, Sankatmochan Temple, Bhootnath Temple, Swargdar, Gangasagar, Ramsagar, Dhanushsagar, Rasik Niwas, Hanuman Palace, Ranipati, etc.

Alternative Analysis

In relation to the proposal, the location of the hospital, alternative design, process and options for not implementing the proposal have been analyzed. It has been proposed to construct and operate the hospital in Ward No. 23 of Janakpurdham sub-metropolitan city, which will provide accessible and quality healthcare services to the residents of Janakpur and other districts of Nepal. can be provided. In terms of waste management, the infectious waste will be sterilized by autoclave technology and the waste water will be discharged using chlorine and finally after processing it will be treated according to the standards of the Government of Nepal and will be thrown into the public sewer or reused. If the project is not implemented, the common people will lose the opportunity of health services, there will be no increase in new employment opportunities, and there will be no increase in economic activity in the local area. Therefore, Rabindranagar (Bela) has been selected for the construction and operation of the hospital.

Impact of the Proposal

The commissioning of the proposal will have both the beneficial and adverse impacts on the Environment and human life.

Major beneficial effects

• Easy health related facilities at the local level,

• Employment opportunities at the local level,

• Increase in economic activity,

• Local development,

• The local government will get an opportunity to collect revenue

Major adverse effects

• Changes in land use,

• Groundwater withdrawals may affect surface water levels,

• Local level air, water, soil and noise pollution,

• If sanitation and waste management are not effective, health problems may arise in the local population,

• Diseases and epidemics may increase,

• Due to the unsafe use of tools and equipment by employees in various professions, injuries or serious accidents may occur if safety is not adopted,

Mitigation Measures

- To reduce air pollution, use construction equipment and transport vehicles that are in good condition
- To reduce air pollution, plastic and CGI seats will be covered
- Garbage and sewage emitted in the construction area will be properly managed
- The use of masks will be encouraged to minimize the harm caused to workers by dust fumes, spraying of water at the place where dust is emitted
- Excreta and waste water from workers' camps will be disposed away from water sources and discharged after treatment
- Construction work should not be done at night as more noise is generated at night
- Use only new equipment as much as possible to reduce noise pollution and if old equipment has to be used, maintenance will be carried out from time to time

Environmental Management Plan

The proposal has mentioned in this report various management plans of the hospital such as: waste management plan, emergency preparedness plan and disaster risk reduction plan. The proposer is committed to manage all the subjects of the proposed hospital in an agile manner by following the prevailing rules and laws of the Government of Nepal and adopting the arrangements mentioned in the report. Also, as a social responsibility, grievances will be managed by coordinating with the local people by establishing harmonious relations and contributing to local development work by coordinating with the local bodies.

Ministry of Forest and Environment, Ministry of Health and Population, Department of Environment, Local Administration and Government will regularly monitor and regulate the hospital. For enhancement and reduction of the environmental impact of the proposal. Rs. 47,50,000 (forty seven lakh and fifty thousand rupees only) and for environmental monitoring. Rs. 4,15,000 (Four lakh fifteen thousand rupees only) has been allocated.

Conclusion

From the environmental impact assessment, it has been seen that mitigation measures can be adopted to eliminate or reduce possible adverse effects from the construction and operation of the project. Therefore, if the mitigation measures and monitoring programs suggested in the report are implemented, the construction and operation of the proposed project seems appropriate from an environmental point of view. In addition, it is seen that the operation of the project will contribute to the improvement of health services in the Janakpur area, employment opportunities, growth in local business and overall local development. Finally, the proponent Ganinath Gobind Health Foundation Pvt. Ltd. will be committed to adopt the measures mentioned in the report for smooth run of construction and operation.

संक्षेपीकरणको सूची

%	प्रतिशत
°C	डिग्री सेल्सियस
अ.प्र.क्षे.	अप्रत्यक्ष प्रभाव क्षेत्र
आईयूसिएन (IUCN)	International Union for Conservation of Nature
आइसीयु(ICU)	Intensive care unit
ईसिजी(ECG)	Electrocardiogram
ईआईए(EIA)	Environmental Impact Assessement
एस. ए. आई. सि. एम. (SAICM)	Strategic Approach to International Chemicals Management
ऐन. बि. सि. (NBC)	Nepal Building Code
ऐनसिप (NCSIP)	National Conservation Strategy Implementation Project
ओपिडी(OPD)	बाहिरि बिरामी शाखा (Out Patient Department)
ओटी(OT)	Operation Theatre
कि.मि.	किलोमिटर
के.त.वि.	केन्द्रीय तथ्याङ्क विभाग
क्र.स.	क्रम संख्या
गा.पा.	गाउँपालिका
घ.धु	घरधुरी
जि. आई. एस. (GIS)	Geographic Information System
जि. ओ. एन. (GoN)	Government of Nepal
जि. डि. पि. (GDP)	Gross Development Product
जी.पी.यस.	ग्लोवल पोजिसनिंग सिस्टम
डि.एच.एम. (DHM)	Department of Hydrology and Meteorology
ध.मि.	घनमिटर
न.पा.	नगरपालिका
नं.	नम्बर

ने.रु	नेपाली रुपैयाँ
ने.स.	नेपाल सरकार
पि. पि. ई. (PPE)	Personal Protective Equipment
प्र.प्र.क्षे.	प्रत्यक्ष प्रभाव क्षेत्र
मि.	मिटर
लि.	लिटर
रा.वा.प्र.मु.नि.	राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका
व.वा.म.	वन तथा वातावरण मन्त्रालय
वा.अ.	वातावरणीय अध्ययन
वा.प्र.मू.	वातावरणीय प्रभाव मूल्यांकन
वा.सं.नि.	वातावरण संरक्षण नियमावली
स.प्र.क्षे.	समग्र प्रभाव क्षेत्र
साईटिस (CITIES)	Convention on International Trade in Endangered Species
सि.बि.एस. (CBS)	Central Bureau of Statistics
सि. टि. स्क्यान(CT Scan)	Computed Tomography Scan
सि.नं.	सिरियल नम्बर

परिच्छेद १

प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगाना

१.१ प्रस्तावकको पुरा नाम तथा ठेगाना

रबिन्द्र मेमोरियल अस्पताल निर्माण तथा सञ्चालनका प्रस्तावक जनकपुरमा गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. हो। प्रस्तावकको नाम र ठेगाना निम्न रहेको छ।

नामः गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.

ठेगानाः जनकपुरधाम उपमहानगरपालिका-२३, बेला, धनुषा जिल्ला, मधेश प्रदेश, नेपाल

ईमेलः rabindramemorialhospital@gmail.com

सम्पर्क गर्ने आधिकारिक व्यक्तिहरुः रागवेंद्र प्रसाद शाह ९८४४०२०५१९,
त्रिचन्द्र शाह ९८५४०२०५६२

१.२ परामर्शदाताको पुरा नाम तथा ठेगाना

एडेले इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.

महालक्ष्मी नगरपालिका -०४, ललितपुर जिल्ला, बागमती प्रदेश, नेपाल

फोन नंः ९८५१३२२३१८

ईमेलः adelyeng.consult@gmail.com

तालिका १ः वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा संलग्न भएका विज्ञ टोली

क्र. स.	विज्ञको नाम	शैक्षिक योग्यता	अध्ययन क्षेत्र	अनुभव
१	मदन गोराथोकी	स्नातकोत्तर तह, वातावरण इन्जिनियरिङ्ग	वातावरण विज्ञ /टोली प्रमुख	४ EIA वा २५ वटा IEE
२	नुर सिंह डंगोल	स्नातकोत्तर, वातावरण विज्ञान	जैविक वातावरण पक्ष	१ वटा EIA र ४ वटा IEE
३	अशेष निरौला	स्नातकोत्तर, सामाजिक विज्ञान तथा ग्रामिण विकास	प्राकृतिक श्रोत-साधन व्यवस्थापन	४ वटा IEE
४	शिवलाल चालिसे	स्नातकोत्तर, स्ट्रक्चर इन्जिनियरिङ्ग	इन्जिनियरिङ पक्ष	६ वटा IEE
५	शैलेश रेग्मी	स्नातकोत्तर, प्राथमिक स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन	जन स्वास्थ्य	४ वटा IEE
६	राजेश कुमार दथेपुथे	स्नातक, सिभिल इन्जिनियरिङ्ग	भौतिक वातावरण पक्ष	१ वटा EIA र ८ वटा IEE

१.३ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यता

वातावरण संरक्षण नियमावली २०७७ (पहिलो संसोधन २०७८, जेष्ठ १०) को नियम ३ सँग सम्बन्धित अनुसूची ३ को (ख) स्वास्थ्य क्षेत्र अनुसार १०० शैय्या भन्दा बढीको अस्पताल, नर्सिङ होम वा चिकित्सा व्यवसाय संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। प्रस्तावित अस्पताल ३०० शैय्या (१०० शैय्या भन्दा बढी) अस्पताल संचालन गर्नु भन्दा पहिले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने देखिन्छ। प्रस्तावित अस्पताल २०० शैय्या भन्दा बढी क्षमताको भएकाले जनस्वास्थ्य नियमावली, २०७० को अनुसूची ९ बमोजिम संघीय सरकार मातहतको मार्फत वा.प्र.मू. प्रतिवेदन स्वीकृत गर्न लागिएको हो। साथसाथै सोहि नियमावलीको नियम ३ सँग सम्बन्धित अनुसूची ३ को (ज) (२) अनुसार १०,००० वर्ग मि. क्षेत्रफल भन्दा बढी built-up area वा floor area भएको आवासीय व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने र त्यसै नियमको (ज) (६) अनुसार २०,००० लि. भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्नु परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने नियम अनुरुप EIA संघ मार्फत गर्न लागिएको हो। प्रस्तावित आयोजनाले ३०० शैय्या क्षमताको अस्पताल सञ्चालन गर्ने जसको कूल built up area १७,०८१.४४ वर्ग मि. र दैनिक १५०,००० हजार भूमिगत पानीको प्रयोग हुनेहुदाँ वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

१.४ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य प्रस्तावित आयोजना सञ्चालनबाट प्रस्ताव क्षेत्रको विद्यमान वातावरणीय अवस्थामा पर्ने प्रभाव पहिचान गरी सकारात्मक प्रभावलाई बढोत्तरी तथा प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायहरु मार्फत त्यस क्षेत्रको वातावरणीय अवस्थामा उल्लेख्य प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कनको अन्य विशिष्ट उद्देश्य निम्न बमोजिम रहेका छन्।

- भौतिक, जैविक र सामाजिक-आर्थिक र साँस्कृतिक वातावरण सम्बन्धी आधारभूत तथ्याङ्कहरु सङ्कलन गर्नु,
- प्रस्ताव क्षेत्रमा सार्वजनिक सुनुवाई गरी स्थानीय जनता तथा सरोकारवाला निकायबाट प्राप्त रायसुझाव सङ्कलन गरी प्रतिवेदनमा समावेश गर्नु ,
- आयोजना सञ्चालनबाट स्थानीय वातावरणमा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरुको पहिचान गरी ती प्रभावहरुको तह निर्धारण गर्नु,
- आयोजना सञ्चालनका कारण वातावरणमा पर्ने अनुकूल प्रभाव अधिकतम तथा प्रतिकूल प्रभाव न्यूनतम गर्ने उपायहरु पहिचान गरी सो बमोजिमका वातावरणीय व्यवस्थापन योजना तयार गर्नु,

- अनुगमनका सूचक, विधि, समय तालिका, अनुगमन निकाय र अनुमानित रकम सहित वातावरणीय अनुगमन योजना तयार गर्नु,

१.५ अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुरा

यस अध्ययनको सीमा रबिन्द्र मेमोरियल अस्पतालको निमार्ण तथा सञ्चालनबाट प्रस्तावित क्षेत्रको स्थानीय भौतिक, जैविक र सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभाव तथा त्यस्ता प्रभावको अनुकूलन तथा न्यूनीकरणका उपायहरु पहिचान गरी सुझाव प्रदान गर्नु रहेको छ। यस बाहेक सो क्षेत्रमा अन्य कारणबाट हुने वातावरणीय तथा सामाजिक प्रभावहरु यस अध्ययनले समावेश गरेको छैन्।

१.६ आयोजनाको प्रभाव क्षेत्र

आयोजनाको निर्माण, सञ्चालन तथा मर्मतले वातावरणका बिभिन्न क्षेत्रहरुमा अनुकुल तथा प्रतिकुल प्रभावहरु पर्ने हुन्छन्। प्रस्तावको प्रभावित क्षेत्रको बर्गीकरण निम्न तालिकाको अनुसार गरिएको छ।

तालिका २: आयोजनाको प्रभाव क्षेत्र

प्रत्यक्ष प्रभाव क्षेत्र (प्र.प्र.क्षे.)	आयोजना सञ्चालन हुने स्थानबाट १०० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा निर्धारण गरिएको छ। अस्पतालको निर्माण र संचालन क्रियाकलापले यस क्षेत्रमा भौतिक, जैविक र सामाजिक तथा साँस्कृतिक वातावरणलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ। प्रत्यक्ष प्रभाव क्षेत्र अन्तर्गत निर्माण स्थल, कामदार शिविर, भण्डारण क्षेत्र र विरेन्द्रनगर वस्ति पर्दछ। प्रत्यक्ष प्रभाव क्षेत्र भित्र २१ घरधुरी भित्र ११३ जनसंख्याको बसोवास गर्दछन्।
अप्रत्यक्ष प्रभाव क्षेत्र (अ.प्र.क्षे.)	प्रत्यक्ष प्रभाव क्षेत्र बाहेक ५०० मि. परिधि भित्रको क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा लिइएको छ। यस क्षेत्रमा अस्पतालको निर्माण र संचालन क्रियाकलापले अप्रत्यक्ष रुपमा प्रभाव पर्ने गर्दछ। जसअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ पर्दछ। अप्रत्यक्ष प्रभाव क्षेत्र भित्र ४१७ घरधुरी भित्र २२४५ जनसंख्या बसोवास गर्दछन्।
समग्र प्रभाव क्षेत्र (स.प्र.क्षे.)	अस्पताल संचालन हुने नगरपालिका/ उपमहानगरपालिकाहरु तथा मधेश प्रदेश को प्रशासनिक सिमाहरुलाई लिन सकिन्छ। जसअन्तर्गत पुरा जनकपुरधाम उपमहानगरपालिका पर्दछ। समग्र प्रभाव क्षेत्र भित्र अर्थात जनकपुरधाम

	उपमहानगरपालिका भित्र ३०,५८१ घरधुरी भित्र ७७,८९६ घरधुरी बसोवास गर्दछन्।

परिच्छेद २
प्रस्तावको परिचय

२.१ भूमिका

नेपालमा समग्र स्वास्थ्य क्षेत्रको योजनाबद्द विकास वि. सं. २०१३ को प्रथम आवधिक योजना सँगै सुरु भएको हो वि. सं. २०३२ मा १५ वर्षे प्रथम दिर्घकालिन स्वास्थ्य योजना लागू भएको र वि.सं. २०४८ ले संरचनागत विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी र सहभागितालाई प्रबर्दन गरेको थियो। त्यसैगरी स्वास्थ्य नीति, २०७१ ले जनसहभागिता मुलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको थियो। हालको स्वास्थ्य नीति, २०७६ ले स्वास्थ्य क्षेत्रलाई संघिय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रद्दत नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिक्षित गर्ने कुरामा जोड दिएको छ। स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गर्ने रणनीति रहेको छ। त्यसैगरी, १४औं योजना देखि १५औं योजना सम्म अन्य क्षेत्रमा भन्दा निकै कम विकास भएको छ, शिशु मृत्युदर घटाएर प्रतिहजार २० मा ल्याउने लक्ष्य थियो त्यो २१ सम्म मात्र ल्याउन सफल भयो, ५ वर्षमुनिका बालबच्चाको मृत्युदर घटाएर ३० मा ल्याउने लक्ष्य जबकी त्यो ३९ मै सिमित रहयो, त्यसैगरी मातृ मृत्युदर १४५ ल्याउने लक्ष्य थियो र त्यो पनि २३९ मा नै सिमित रहयो। १४ औ योजना बाट १५औ योजना सम्म स्वास्थ्य क्षेत्र विकासले १.७ % ले मात्र GDP मा योगदान गरेको छ र १५ औं योजना अनुसार २०८०/८१ सम्म यो बढेर १.८ % मात्र हुने प्रतेप्क्षण गरिएको छ। यहाँ थाहा पाउन सकिन्छ, स्वास्थ्य क्षेत्र विकासकामा गति लिनु आवश्यक छ। १५ औं योजनामा नेपाल सरकार निजी स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरेर भएपनि हरेक संघिय स्थानीय क्षेत्रको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने लक्ष्य लिइएको छ।

स्वास्थ्य सेवा कुनैपनि समुदायमा स्वस्थ जीवनशैलीका लागि मेरुदण्डको रुपमा रहेको हुन्छ। यसले मानिसहरुलाई विभिन्न रोगबाट बचाउँछ साथसाथै दिर्घकालिन रुपमा पनि रोग लाग्नबाट रोक्छ। जनताको जीवनशैलीको गुणस्तर स्वास्थ्यको आधारमा निर्धारण गरिन्छ जसले अन्ततः देशको समृद्धिलाई मार्गनिर्देशन गर्छ। गुणस्तर वातावरण र स्वास्थ्य सुरक्षा मानिसहरुको आधारभूत अधिकार पनि हो। दिनानुदिन बढ्दै गरेको भिडभाड, वातावारणको गुणस्तरमा गिरावट, बस्ती र सुकुम्बासी बस्तीमा वृद्धि जस्ता कारणले स्वास्थ्यसँग सम्बन्धित मुद्धाहरु वृद्धि भैरहेका छन्।

यस वास्तविकताका कारण हामी मृत्युदर बढेको चुनौतीहरुको सामना गरिरहेका छौं जसका लागि स्वास्थ्य सेवाबाट बन्चित समुदायहरुमा पुग्न सुनिश्चित स्वास्थ्य सेवाहरुको लागि हामीलाई थप प्रशिक्षण प्राप्त चिकित्सकहरुको आवश्यकता छ। स्वास्थ्यकर्मीहरु उपलब्ध नहुने मुद्दाहरुलाई सम्बोधन गर्न, मृत्युदर घटाउने, आयु बढाउन देशभरको विभिन्न सुलभ क्षेत्रमा दक्ष जनशक्ति मार्फत स्वास्थ्य सेवाहरु कार्यान्वयन गर्नुपर्छ। त्यसैले सरकारले उद्दारिकरण आर्थिक नीति अन्तर्गत निजी

क्षेत्रको लगानीद्वारा अस्पतालहरु, नर्सिङ होम, शिक्षण संस्था, क्लिनिकहरु जस्ता स्वास्थ्य सेवाहरु संचालन गर्न प्रोत्साहन गरेको छ। त्यसै सन्दर्भमा, प्रस्तावित रबिन्द्र मेमोरियल अस्पतालले स्वास्थ्य सेवा र सुविधाहरुका धेरै पक्षहरुमा उच्च गुणस्तरसँग सेवाहरु दिने सुनिश्चित गर्दछ। कार्डियोलोजी, अर्थोपेडिक, रेडियोलोजी, अल्ट्रा सोनोग्राम, गाइनोकोलोजी, बाल रोग आदिको सफल उपचार दिने प्रतिज्ञा गर्दछ।

२.२ प्रस्तावको विवरण

२.२.१ प्रस्तावको अवस्थिति र पहुँच

प्रस्तावित रबिन्द्र मेमोरियल अस्पतालको अवस्थिति गूगल कोअर्डिनेटमा (अक्षांश: २६°४३'१२.५३" उ., देशान्तर: ८५°५४'३७.०१" पू.) रहेको छ। प्रस्तावित अस्पताल मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका-२३, बेला (रबिन्द्रनगर भनेर नि चिनिने) मा पर्दछ। प्रस्तावित अस्पताल जनकपुर चक्रपथबाट १ कि. मि. बाहिर जनकपुर-जलेश्वर सडक खण्डमा पर्दछ। प्रस्ताव अस्पताल जनकपुर चक्रपथमा पर्ने जिरो माईल (Zero Mile) देखि १ कि. मि. बाहिर पर्दछ र जनकपुरधामको प्रसिद्ध जानकी मन्दिर अस्पताल भन्दा ३.२ कि. मि. टाढा रहेको छ। अस्पतालको अवस्थिति गू-गल नक्सा र नेपालको नक्सामा तल देखाइएको छ।

चित्र १: प्रस्तावित अस्पाताल नेपालको नक्सामा



चित्र २: प्रस्तावित अस्पाताल नेपालको नक्सामा

२.२.२ संरचनाको जानकारी

प्रस्तावित आयोजनाको संरचनाको जानकारी तालिका नं २ मा देखाइएको छ।

तालिका ३: प्रस्तावित आयोजनाको विवरण

	अवयव	विवरण
१	**प्रस्ताव र प्रस्तावको अवस्थिति**	
	प्रस्तावको नाम	रबिन्द्र मेमोरियल अस्पताल निर्माण तथा सञ्चालनका लागि वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन
	प्रस्तावको अवस्थिति	जनकपुरधाम उपमहानगरपालिका-२३, बेला, धनुषा
	प्रदेश	मधेश प्रदेश
	अक्षांश	२६°४३'१२.५३"उ.
	देशान्तर	८५°५४'३७.०१"पू.
	उचाई (altitude)	८३ मि. समुन्द्री सतह देखि
	दर्ता	कम्पनीको दर्ता नम्बरः १४६९३०/०७२/०७३ करदाता प्रमाणपत्र नम्बरः ६०४२३५८८८
	शैय्या संख्या	३००
	जग्गा कित्ता नं	४१७, ५७, १४१६, १४१७, १४१४ (लालपूर्जा भएको) ९०८, ३२७, २९३, ३१०, ३११ (लिजमा लिइएको) कानूनी कागजातहरु अनुसूची ८ मा राखिएको छ
२	**अस्पताल स्थल र संरचना सम्बन्धी विवरण**	
	जग्गाको क्षेत्रफल	१०,१६२.२२ वर्ग मि. (२१-२-१-३.७३ रोपनी)
	जम्मा अस्पतालको क्षेत्रफल	१७,०८१.४४ वर्ग मि.
	जग्गाको स्वामित्व	निजी जग्गा (गनिनाथ गोबिन्द हेल्थ फाउन्डेसन प्रा. लि. र यसको सेयर होल्डरको नाममा)
	पार्किंग क्षमता	४०० चार पाङ्ग्रे र २५० दुई पाङ्ग्रे (विधि तथा श्रोतः स्वास्थ्य संस्था संचालन सम्बन्धि मापदण्ड, २०७७ अनुसार ३०० शैय्या अस्पतालको लागि १०० वटा गाडी अट्ने पार्किंग क्षेत्र आवश्यक पर्दछ, १ कार को पार्किंग क्षेत्र २.५ x ४.५ मि. र २ मोटरसाइकल बरावर १ कार पार्किंग क्षेत्र)
	खुल्ला क्षेत्र	८५२१ वर्ग मि.
	हरियाली क्षेत्र	१२५६ वर्ग मि.
	पानीको श्रोत	खानेपानी भूमिगत प्रशोधित पानी र वर्षामा सङ्कलित पानी

	प्रतिदिन आवश्यक पानीको परिमाण	१५०,००० लिटर
	शौचालय	५५
३	**अस्पताल पूर्वाधार तथा सुविधा**	
	भवन	पुरानो भवनलाई रेक्टोफिटिङ्ग गरिने
	ग्राउण्ड कभरेज	३३.७८%
	भवनको उचाई अर्थात् लाइट प्लेन (Light plane)	२७.४३ मि. (५१.१५ डिग्री मा २७.४३ मि. अग्लो भवन < ६३.५ डिग्री मा ४४.३२ मि. अग्लो (permissible))
	खुल्ला क्षेत्र	११३९ वर्ग मि. (४०.९७%)
	पार्किङ	१३०० वर्ग मि. (३०० वर्ग मि. बेसमेन्ट र १००० वर्ग मि. खुल्ला क्षेत्र)
	हरियाली क्षेत्र	१३९ वर्ग मि. (५%)
	प्रति वेड क्षेत्रफल	५६.९३ वर्ग मि.
	वेसमेन्ट	९३९.३० वर्ग मि. (पार्किंग, एक्स-रे, एम. आर. आई. , सि. टि. स्क्यान, केमिकल तथा ड्रग स्टोर)
	भुइँ तल्ला	९३९.३० वर्ग मि. (इमर्जेन्सी वार्ड, माइनर अपरेसन कोठा, इमर्जेन्सी आई. सि. यू. , फार्मेसी, एक्टिभ डेलीभेरी)
	पहिलो तल्ला	९३९.३० वर्ग मि. (हिस्टोप्याथोलोजी, हेम्याटोलोजी, बायोकेमिस्ट्री ल्याब, ओपिडी, न्युरो ओपिडी, यू. आर. ओ. ओपिडी, ओर्थो ओपिडी, डेन्टल, फिजिओथेरापी, आँखा शाखा)
	दोश्रो तल्ला	९३९.३० वर्ग मि. (एस आइसीयु, मेजर अपरेसन, माइनर अपरेसन, प्रि-अपरेसन)
	तेश्रो तल्ला	९३९.३० वर्ग मि. (एम आइसीयु, आइसोलेसन रुम, डायोलाइसिस)
	चौथो तल्ला	९१६.९३ वर्ग मि. (एन आइसीयु, नर्सरी)
	पाँचौ तल्ला	९१६.९३ वर्ग मि. (पी आइसीयु, वार्ड)
	छैठौ तल्ला	९१६.९३ वर्ग मि. (वार्ड)
	सातौं तल्ला	२२८.७३ वर्ग मि. (अफिस)
	विपद तथा प्रकोपको तयारी	आकस्मिक द्वार-२ वटा अग्नि समयन्त्र (Fire extinguisher) – अस्पतालको प्रत्येक तल्लामा जडान आकस्मिक सूचक, आकस्मिक वार्ड, आकस्मिक अपरेसन थिएटर र आकस्मिक आइसीयु भुइँतल्लामा नै राखिएको

		आकस्मिक सभा कक्ष- अस्पतालको भवन अगाडी खाली ठाउँमा जडान गर्ने सेक्युरिटी गार्ड-४ जना
	अपाङ्गमैत्री संरचना तथा सेवाहरु	लिफ्ट-१ वटा Ramp-भुईतल्लादेखि माथिल्लो तल्लासम्म व्हील चियर/ट्रोली/स्ट्रेचर-३५ भन्दा बढी संख्या अपाङ्गमैत्री शौचालय-१०, चियर/उडन/ प्लाष्टिक
	सेवाहरु	आउटडोर सेवा (जस्तैः एनसथेसीओलोजी, जनरल मेडिसिन, जनरल सर्जरी, यौन रोग, दन्त रोग, बाल रोग, नाक, कान, घाँटी, छाती रोग, छाला रोग, हाड जोर्नी) र इन्डोर सेवा (जस्तैः मेडिकल वार्ड, सर्जिकल वार्ड) तथा निदात्मक सेवा (जस्तैः एक्सरे, ई. सि. जि., सि. टि. स्क्यान, इन्डोस्कपी, प्रयोगशाला, अपरेसन थिएटर, प्याथोलोजी सेवा) र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी
	स्वास्थ्य तथा अस्पतालजन्य फोहोरमैला उत्सर्जन	दैनिक ५१० के. जी. जोखिममुक्त १३२.६ के.जी. जोखिम रहित ३७७.४ के. जी.
	आयोजनाको लागत (अनुमानित)	ने. रु. १०००,०००,००० (भ्याट बाहेक)

श्रोतः गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. ,२०७७

२.२.३ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलाप

निर्माण अघिका क्रियाकलाप

- प्रस्तावित अस्पताल निर्माण अघि परामर्शदाता चयन गरी परामर्शदाता मार्फत आयोजनाको डिजाईन गरी सम्वन्धित निकायबाट डिजाईन स्वीकृत गर्ने,
- रेट्रोफिट गर्नुपर्ने भवनको रेट्रोफिट डिजाइन गरी स्वीकृत गर्ने र रेट्रोफिट निर्माणको पूर्व तयारी गर्ने,
- डिजाईन संगै निर्माणको लागि पूर्व तयारि पनि गरिनेछ जसमा अस्पताल निर्माणका लागि आवश्यक जग्गा, निर्माण विधि ,आवश्यक स्वीकृती लिने जस्ता आदि काम गरिने छ।

निर्माण चरणका क्रियाकलाप

- प्रस्तावित अस्पताल निर्माणको लागि निर्माणकर्ता चयन गर्ने।

- प्रस्तावक ,परामर्शदाता र निर्माणकर्ताको प्राविधिक टोलीहरुबाट अध्ययन र डिजाईनको आधारमा प्रस्तावित अस्पतालको संयुक्त सर्वेक्षण गरिन्छ। कुनै परिमार्जन वा परिष्कृत गर्नुपरेमा निर्माणकर्ताले सोको परिष्कृत नक्सा तयार पारी सम्वन्धित निकायबाट स्वीकृति लिने,
- निर्माण सामाग्री भण्डारणका लागि अस्थायी संरचनाहरु निर्माण गर्ने,
- निर्माणमा संलग्न कामदारका लागि शिविर र शौचालयको ब्यवस्थापन,
- निर्माणमा प्रयोग हुने हरेक प्रकारका बस्तु तथा सामानहरू जस्तै गिट्टी ,रोडा ,बालुवा , ,सिमेण्ट ,ईटा, जालीतार आदिको नमुना सङ्कलन गरी गुणस्तरीय जाँच गराई आवश्यक गुणस्तर प्रमाणिकरण गरी प्रयोग गर्ने,
- सिभिल अर्थवोर्क्स सहित अस्पताल भवनका विभिन्न संरचनाहरू निर्माण गर्ने,
- संरचनाहरू मापदण्ड तथा गुणस्तर अनुसार बनेकोनबनेको परामर्शदा/ता र भवन डिजाईन स्वीकृति दिने निकायद्वारा चेक जाँच गरी निर्माण सम्पन्न प्रमाणपत्र लिने।

संचालन चरणका क्रियाकलाप

संचालन चरणका मुख्य क्रियाकलापहरु

- फोहोरमैला व्यवस्थापन ,
- रासायनिक पदार्थको उचित निकास तथा व्यवस्थापन ,
- वातावरणको सरसफाई र स्वास्थ्य सेवा प्रवाह रहेका छन्,
- स्थानीयलाई रोजगारीमा प्राथामिकता

२.२.४ आयोजनाका लागि आवश्यक निर्माण सामग्रीहरु

प्रस्तावित अस्पताल निर्माणको लागि निम्न अनुसारको निर्माण सामाग्रीहरु आवश्यक पर्दछ ।

तालिका ४: आवश्यक निर्माण सामग्रीहरु

आवश्यक निर्माण सामाग्री	ईकाइ	परिमाण
सिमेन्ट	मेट्रिक टन (MT)	१,४७१.६०
डण्डी (Rebar)	मेट्रिक टन (MT)	११४.३०
इट्टा(Brick)	संख्या (Number)	२४२,५७५
बालुवा(Sand)	घ. मि. (cubic meter)	१,१४२.२
गिट्टी(Aggregate)	घ. मि. (cubic meter)	९१५

श्रोतः विस्तृत आयोजना प्रतिवेदन, २०७७

२.२.५ आयोजनाको लागि आवश्यक उर्जा किसिम, श्रोत र खपत हुने परिमाण

अस्पतालले राष्ट्रिय विद्युत प्रशारण लाइनबाट विद्युत आपुर्ति गर्नेछ र हरेक प्रकारका उर्जाको प्रयोगमा नविकरणीय उर्जालाई प्राथमिकता दिइने छ। प्रति महिना प्रति ७५०० किलोवाटघण्टा (Kilowatt hour) विद्युत खपत गर्नेछ यसबाहेक कटौतीको अवधिमा आवश्यक अनुसार इनभटर र सोलार प्रविधिको प्रयोग गरी green energy लाई जोड दिइनेछ र अत्यन्तै आवश्यकको बखत मात्र ५०० के. भि. ए. क्षमताको जेनेरेटर प्रयोग गरिनेछ जसले प्रतिघण्टा लोड अनुसार ५० देखि १५० लिटर डिजल खपत गर्नेछ।

अस्पतालमा चौबिसै घण्टा विद्युत आपूर्तिहुने व्यवस्था हुनेछ। सम्भव भएसम्म डेडिकेटेड लाइन जोडिनेछ तर डेडिकेटेड लाइन संभव नभएमा छुटै transformer को व्यवस्था हुनु पर्दछ। अस्पताल तथा अस्पतालको ICU, OT, ER कक्षमा निरन्तर आपूर्तिको लागि ब्याक अप सिस्टम जस्तै इन्भरटर, जेनेरेटर, सोलार सिस्टम राखेको हुनु पर्नेछ। अस्पतालमा विद्युतको वैकल्पिक व्यवस्थापनको लागि प्रयोग हुने उपकरण सञ्चालनको लागि कम्तिमा ७ दिनसम्म पुग्ने इन्धनको व्यवस्था गरी राखिनेछ। अस्पतालमा सञ्चालन हुने CT, MRI, X-ray, USG, Laboratory equipment लगायतका उपकरणहरुको बिद्युतबाट हुनसक्ने क्षति न्यूनिकरणको लागि अनिवार्य भोल्ट गार्डको व्यवस्था गरिनेछ। अस्पतालहरुमा ३ फेजको विद्युतको लाइन जोडिनेछ र अर्थिङ्ग गरी सुरक्षित बनाइनेछ।

२.२.६ आयोजनाको लागि चाहिने आवश्यक जग्गा

प्रस्ताव अस्पताल निर्माण तथा संचालनको लागि १०,१६२.२२ वर्ग मि. निजी (गनिनाथ गोबिन्द हेल्थ फाउन्डेसन प्रा. लि. को स्वामित्वमा रहेको) जग्गा छुट्टाइएको छ। जसमध्ये ९३९.३ वर्ग मि. जग्गामा अस्पतालको भवन रहेको छ भने बाँकी जग्गा खाली तथा पार्किगको लागि रहेको छ। प्रयोग गरिने जग्गाको प्रकार कृषियोग्य बाँझो जमिन रहेको छ। अस्पतालको लागि भवन पहिले नै रहेको र उक्त भवनलाई रेक्टोफिटिङ्ग गरि संरचनात्मक रुपमा सुरक्षित र कार्यात्मक रुपमा कुशल बनाई र उक्त रेक्टोफिटिङ्ग गरिएको भवनमा अस्पताल संचालन गरिने छ।

२.२.७ जनकपुरधाममा ३०० शैय्या अस्पतालको आवश्यकता

जनकपुरधाम एक तिब्र रुपमा सहरीकरण भैरहेको तराई क्षेत्रको सहर हो। सहरीकरण बढेता पनि स्थानीय स्तरमा शुलभ प्रसूति सेवा, बाल रोग, बिबिराजन्य रोग, आँखा सम्बन्धि रोग, नाक र कान सम्बन्धि संक्रमण, प्रजनन तथा यौन रोग, जेष्ठ नागरिकको स्वास्थ्य समस्या, सर्पदंश, झाडापखाला, छाला सम्बन्धि रोगहरुको निकै समस्या रहेको छ। धनुषा जिल्लाको जनसंख्या २०६८ का अनुसार ७५४,७७७ रहेको छ भने १.४ % ले वृद्दी भै २०७८ को प्रारम्भिक तथ्यांक अनुसार ८७३,२७४ रहेको छ। जनकपुरधाम उपमहानगरपालिकाको जनसंख्या २०६८ को १०३,०८३ बाट वृद्दी भै

हाल प्रारम्भिक तथ्यांक अनुसार १९५,४३८ रहेको छ ।बढ्दो जनसंख्या, कोभिड जस्तो महामारीको डर, उच्च गुणस्तरीय स्वास्थ्य सेवाको माग र स्थानीय स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले विशेष गरि मधेश प्रदेशलाई लक्षित गरी यस ३०० शैय्या अस्पताल निर्माण तथा संचालन गर्न प्रस्ताव गरिएको हो।साथै जनकपुरधाममा भारतको जयनगर, बरतोल, मधुबनी, सोठगाँव, रिवहर, बासोपट्टि जस्ता ठाउँहरुबाट पनि प्रर्याप्त मात्रामा बिरामीहरु आउने भएकाले इकोनोमीलाई गती दिनलाई पनि यो अस्पताल प्रस्ताव गरिएको छ।

२.२.८ अस्पतालले दिने सेवाहरु

प्रस्ताव ३०० शैय्या अस्पतालले स्वास्थ्य सम्बन्धि सम्पूर्ण सेवाहरु प्रदान गर्नेछ। प्रदान गर्ने सेवाहरु यस प्रकारका रहेका छन्।

क) आधारभूत स्वास्थ्य सेवाहरु

- खोप सेवा (बालबालिका, गर्भवती महिला, तथा प्रजनन उमेरका महिलाहरुलाई)
- नवजात शिशु तथा बालरोग सेवा
- पोषण सम्बन्धि सेवा
- गर्भवती, प्रसुती तथा सुत्केरी सेवा
- प्रजनन स्वास्थ्य समस्या तथा महिला क्यान्सर सम्बन्धि सेवा
- सरुवा रोग सम्बन्धि सेवा
- नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धि सेवा
- मानसिक रोग सम्बन्धि सेवा
- जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि सेवा
- सामान्य आकस्मिक अवस्थाका सेवा
- स्वास्थ्य प्रवर्द्धन सेवा
- आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवा

ख) आकस्मिक स्वास्थ्य सेवाहरु

- स्वासप्रस्वास सम्बन्धि सेवा
- मुटु सम्बन्धि
- मस्तिष्क तथा नशा सम्बन्धि
- पेट सम्बन्धि
- मूत्र प्रणालीसँग सम्बन्धित
- प्रजनन स्वास्थ्य सम्बन्धि
- हाडजोर्नी सम्बन्धि
- मेताबोलिक एण्ड इन्डोक्रईनोलोजिकल सम्बन्धि सेवा
- आँखा सम्बन्धि सेवा
- नाक, कान र घाँटी सम्बन्धि सेवा

- पोलाई सम्बन्धि सेवा
- मानसिक स्वास्थ्य सम्बन्धि
- विषाक्तता र औषधिको ओभरडोज सम्बन्धि सेवा
- सर्पदंश/किराको टोकाई/जनावरको टोकाई सम्बन्धी
- बाल रोग सम्बन्धी
- चोटपटक तथा घाउखटिरा

ग) विशेषज्ञ सेवाहरु

- जनरल फिजिसियन सेवा
- जनरल सर्जरी सेवा
- स्त्रीरोग तथा प्रसूति सेवा
- बाल तथा शिशु सेवा
- ऐनस्थेसियोलोजी सेवा
- हाडजोर्नी सेवा
- दन्त चिकित्सा सेवा
- नाक, कान, घाँटी सेवा
- चर्म तथा यौनरोग
- मानसिक रोग सेवा
- रेडिएसन ओन्कोलोजी सेवा
- रेडियोलोजी एण्ड इमेजिङ्ग सेवा
- रेडियोथेरापी सेवा
- अप्थाल्मोलोजी सेवा
- प्याथोलोजी सेवा
- फार्मेसी सेवा
- क्लिनिकल फर्माकोलोजी
- फरेन्सिक मेडिसिन सेवा
- जनरल प्राक्टिस सेवा
- फिजियोथेरापी सेवा
- आयुर्वेद सेवा

घ) विशिष्टिकृत सेवाहरु

- प्लास्टिक सर्जरी
- सर्जिकल अन्कोलोजी
- पल्मोनोलोजी
- युरोलोजी
- नेफ्रोलोजी

- ट्रोपिकल मेडिसिन एण्ड इन्फेक्सियस डिजिज
- कार्डिओथोरासिक एण्ड भास्कुलर सर्जरी
- ट्रान्सप्लान्ट सर्जरी
- इमर्जेन्सी मेडिसिन
- इन्डोक्रानोलोजी
- रिउमाटोलोजी
- हेपाटोबिलियारी सर्जरी
- न्युरोलोजी
- न्युरोसर्जरी
- अर्थो (स्पाइन) सर्जरी
- भास्कुलर सर्जरी
- थोरासिक सर्जरी
- न्युक्लियर मेडिसिन
- ओरल मेडिसिन एण्ड रेडियोलोजी
- ट्रान्सफ्युजन मेडिसिन एण्ड सेल थेरापी
- फिजिकल मेडिसिन एण्ड रिहाबिलिटेसन
- नियोनाटोलोजी
- पेडीयाट्रिक सर्जरी
- कार्डियोलोजी
- हेपाटोलोजी
- मेडिकल ओन्कोलोजी
- ग्यास्ट्रोनइन्टेरोलोजी
- ग्यास्ट्रोइन्टेस्टिनल सर्जरी
- क्रिटिकल केयर एण्ड अनेस्थेसियोलोजी
- पल्मोनरी क्रिटिकल केयर एण्ड स्लिप मेडिसिन
- मोलिक्युलर बायोकेमिस्ट्री
- हेमाटोप्याथोलोजी
- जेनेटिक मेडिसिन

२.२.९ आवश्यक जनशक्ति

निर्माण चरण

आयोजना निर्माणको लागि जम्मा २,१६,००० मानव दिनको आवश्यक पर्नेछ जसमध्ये १५१,२०० मानव दिन अदक्ष जनशक्तिको आवश्यक पर्दछ भने ६४,८०० मानव दिन दक्ष जनशक्ति आवश्यक पर्नेछ। जसमध्ये भवन संरचना निर्माण अवधिमा ९०,७२० मानव दिन दक्ष र ३८,८८० मानवदिन

अदक्ष , पार्टटेसन र पर्खाल अवधिमा ४५३६० मानव दिन दक्ष र १९,४०० मानव दिन अदक्ष र अन्तिमिकरण तथा रंगरोगन अवधिमा १५,१०२ मानव दिन दक्ष र ६,४८० मानव दिन अदक्ष जनशक्तिको आवश्यक पर्नेछ।

अस्पताल संचालन चरण

अस्पताल संचालन हुँदा जम्मा ३७४ जना कर्मचारीहरु कार्यरत हुनेछन् जसमध्ये ३४५ जना कर्मचारीहरु क्लिनिकल सेवाका लागि रहनेछन्, १६ जना कर्मचारी सुशासन तथा अस्पताल व्यवस्थापनका लागि रहनेछन् र १३ जना कर्मचारी अस्पताल सहयोग सेवाका लागि कार्यरत रहनेछन्। अस्पतालमा कार्यरत कर्मचारीहरुको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ। अस्पताल संचालन गर्दा अस्पतालका जनशक्तिको स्वास्थ्यलाई मध्यनजर गरी covid-१९ जस्ता रोगहरुको अवस्थामा सुरक्षाका लागि सुरक्षित सामाग्रीहरु (PPE) को उपलब्ध गराइनेछ। साथै आयोजना निर्माण र संचालन दुबै चरणमा नेपाल सरकारले तोकेको कोभिड-१९ जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गरिनेछ।

तालिका ५: सुशासन तथा व्यवस्थापनका लागि जनशक्ति

सि.नं.	कर्मचारीहरु	फुल टाइम	पार्ट टाईम	जम्मा
सुशासन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति				
१	मेडिकल डाइरेक्टर/सुपेरीटेनडेन्ट मेडिकल	१		१
२	मेट्रोन	१		१
३	अस्पताल व्यवस्थापन अधिकृत/ प्रशासक	१		१
४	आइ. टि. अधिकृत/सहायक	२	१	३
५	बायो मेडिकल इन्जिनियर/सहायक	१	२	३
६	मेडिकल रेकर्डर (मेडिकल रेकर्डर अधिकृत/सहायक)	३		३

७	अस्पताल वित्तीय व्यवस्थापक (लेखा अधिकृत/ लेखापाल/ स. लेखापाल)	२		२
८	स्टोर किपर (सहायक/अधिकृत)	१		१
९	रिसेप्सनिस्ट	१		१
जम्मा				१६
क्लिनिकल सेवाका लागि आवश्यक जनशक्ति				
१०	General Physician	२		२
११	General Surgeon	२		२
१२	Gynecologist and Obstetrician	२		२
१३	Pediatrician	२		२
१४	Anesthesiologist	२		२
१५	Orthopedic surgeon	२		२
१६	General practitioners	२		२
१७	Dental surgeon	२		२
१८	Dermatologist and venerologist	२		२
१९	Psychiatrist	१		१
२०	ENT surgeon	१		१
२१	Pathologist	२		२
२२	Ophthalmologist	१		१
२३	Radiologist	२		२

२४	Plastic, Reconstructive, Aesthetic, and Hand surgeon	१		१
२५	Cardiologist	२		२
२६	Neonatologist	१		१
२७	Critical care physician	१		१
२८	मेडिकल अधिकृत	३२	४०	७२
२९	नर्सिंग अधिकृत	१२	१२	३६
३०	नर्सिंग सुपरभाइजर	२	१	३
३१	नर्सिंग स्टाफ	७०	५०	१२०
३२	पारामेडिकल स्टाफ/ हे. अ.	११	२५	३६
३३	औषधी व्यवस्थापक/ फार्मेसी अधिकृत/ फार्मेसी सहायक	१/१/२	०/१/३	७
३४	प्रयोगशालाका लागि चाहिने जनशक्ति	३	३	६
३५	एनेस्थेटिक सहायक	६	६	१२
३६	डेन्टल हाइजिनिस्ट	२		२
३७	डेन्टल सहायक	२		२
३८	MO/ Optometrist	१/१		२
३९	अप्थाल्मिक सहायक	२		२
४०	मेडिको लिगल र फोरेन्सिक सेवा	१	१	१
४१	फिजियोथेरापिष्ट	६	६	१२
४२	डाईटिसियन	१		१

४३	सिनियर डाईटिसियन	१		१
जम्मा				३४५
अस्पताल सहयोग सेवाका लागि जनशक्ति				
४४	हाउस किपर	१		१
४५	CSSD	२	१	३
४६	laundry र housekeeping	२	१	३
४७	सुरक्षा	२		२
४८	Plumber	१	१	२
४९	Electrician	१	१	२
जम्मा				१३
अस्पताल संचालनको लागि आवश्यक कुल जम्मा जनशक्ति				३७४

श्रोतः स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड, २०७७

२.२.१० अस्पताल भवनको डिजाइन

अस्पताल भवनको डिजाइन राष्ट्रिय भवन संहिता २०७६ (NBC 105:2020) अनुसार गरिएको छ। भवन डिजाइनका केहि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६: डिजाइन र नगरपालिकाको मापदण्डहरु

विवरण	नगरपालिकाको मापदण्ड अनुसार	बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड अनुसार	भवन डिजाइन अनुसार
Floor area Ratio (FAR)	३	२.५	२.४
Ground Coverage Ratio (GCR)	-	अधिकतम ४०%	३३.७८ %

Open Space	-	न्यूनतम २५%	४६.७६ %
Set back	५ फिट	न्यूनतम ३ फिट	१२ फिट
भवनको उचाई	-	< ६३.५ डिग्री मा ४४.३२ मि. अग्लो (permissible)	५१.१५ डिग्री मा २७.४३ मि. अग्लो भवन

श्रोतः जनकपुरधाम उपमहानगरपालिका र भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड, २०७२

२.२.११ आयोजनाका सहायक संरचना

यस आयोजनालाई निर्माण शिविर, सामान भण्डारण क्षेत्र र विग्रन तथा मक क्षेत्र आवश्यक पर्दछ । निर्माण सामाग्री भण्डारणको लागि अस्पताल निर्माण हुने स्थलमा नै भवन निर्माण हुने बाहेकको जग्गामा गरिनेछ भने कामदार शिविर को लागि त्यहि अस्पाताल निर्माण हुने जग्गामै रहेको पुरानो निजी घरटहराहरुमा व्यवस्था गरिनेछ र निर्माण सम्पन्न पछि त्यो भत्काई अस्पतालको लागि हरियाली प्रबर्धन गरिनेछ।विग्रन तथा मक व्यवस्थापनको लागि अस्पताल नजिक रहेको ठाउँमा संकलन गरी बेच्न मिल्ने, पुन प्रयोग गर्न मिल्ने र निपटान गर्नुपर्ने सामग्री छुट्टाई उचित व्यवस्थापन गरिनेछ।

तालिका ७: भण्डारण क्षेत्र, कामदार शिविर, विग्रन तथा मक व्यवस्थापन क्षेत्रको विवरण

सि.नं.	प्रयोगको उद्देश्य	स्थान	क्षेत्रफल	स्वामित्व
१	निर्माण सामाग्री भण्डारण क्षेत्र	अक्षांश २६°४३'१२.९७" उ. देशान्तर ८५° ५४'३७.६८" पू.	८२९.१७ वर्ग मि. अस्पताल स्थान	निजी (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)
२	कामदार शिविर क्षेत्र	अक्षांश २६°४३'१२.१९" उ. देशान्तर ८५° ५४'३८.३४" पू.	१११.०८ वर्ग मि. मा रहेको १ तल्ले पुरानो भवन (अस्पताल स्थान)	निजी (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)
३	विग्रन तथा मक व्यवस्थापन क्षेत्र	अक्षांश २६°४३'६.७७" उ. देशान्तर ८५° ५४'३९.७९" पू.	८३२.०७ वर्ग मि. मा रहेको कृषियोग्य जग्गा	निजी (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)

श्रोतः स्थलगत अध्ययन २०७७

२.२.१० प्रयोग हुने प्रविधि

प्रस्तावित अस्पताल निर्माण गर्दा प्रायः मेसिन, औजार, विभिन्न उपकरणहरु सँगसँगै मानव श्रमको प्रयोग गरिने छ। अस्पताल निर्माण गर्दा मुख्य रुपमा प्रयोग गरिने उपकरणहरु तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ८: निर्माण चरणमा प्रयोग हुने उपकरण तथा प्रविधि

सि.नं.	उपकरण तथा प्रविधि	प्रयोगको उद्देश्य
१	मिक्चर मेसिन (Mixer machine)	कंक्रिटिंग गर्नको लागि
२	भाइब्रेटर (Vibrator)	कंक्रिटिंग गर्नको लागि
३	प्लेट कम्प्याक्टर (Plate Compactor)	कंक्रिटिंग गर्दा कम्प्याक्ट गर्न
४	पम्प सेट (water pump/pump set)	पानी तान्न
५	व्हील ब्यारो (wheel Barrow)	विविध कामहरुको लागि

६	डण्डी बंगाउने मेसिन (Bar bending machine)	डण्डीहरुलाई आवश्यक आकार दिन
७	डण्डी काट्ने मेसिन (Bar cutter machine)	डण्डी काट्न
८	आरा (हाते तथा ईलेक्ट्रिक) (saw cutter machine)	Formwork को लागि
९	ज्याक पाईप (jack pipe 2m height)	Beams/columns हरुको कंक्रिटिंग गर्न

२.२.१२ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन

विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्यजन्य फोहर भन्नाले स्वास्थ्य सेवा संस्थाबाट, रिसर्च सेन्टर तथा स्वास्थ्य सेवासँग सम्बन्धित प्रयोगशालाबाट निष्काशन हुने सम्पुर्ण फोहरलाई जनाउछ। स्वास्थ्यजन्य फोहरमैलाहरु मुख्यतयाः जोखिमयुत्त र जोखिम रहित गरी वर्गीकरण गरिएको छ। स्वास्थ्य मन्त्रालयबाट सन् २००३ मा प्रकाशित प्रतिवेदनमा दैनिक १.७ के.जी. प्रति वेड अस्पतालन्य फोहर उत्पादन हुने कुरा उल्लेख गरेको छ जसमा २६% जोखिमयुत्त फोहर रहने गरिएको छ। उक्त प्रतिवेदनको आधार लिँदा ३०० शैय्याको रबिन्द्र मेमोरियल अस्पतालबाट अस्पताल सञ्चालनमा चरणमा दैनिक औषत ५१० कि.ग्रा. अस्पतालजन्य फोहर उत्सर्जन हुने देखिन्छ जस्मा १३२.६ कि.ग्रा. जोखिमयुक्त फोहर उत्सर्जन हुने अनुमान गरिएको छ। अस्पतालले स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको लागि प्रत्येक वार्डमा विभिन्न कलरका डष्टबिन राखिने छन् जसमा कलर अनुसारको फोहरमैला रोखिने व्यवस्था गरिनेछ। उक्त फोहरलाई सङ्कलन डष्टविनहरू तालिका नं ७ अनुसार हुनेछन्।

तालिका ९: फोहरमैला सङ्कलन गर्ने प्रयोग हुने विभिन्न रंगका डष्टबिनहरु

क्र.सं.	फोहरमैलाको प्रकार	कन्टेनरको रंग	अन्तर्राष्ट्रिय संकेत
१	**Non-Risk Health Care Wastes (HCWs)**		
१.१	जैविक (Bio-degradable) (Compostable) फोहर	हरियो	
१.२	अजैविक (Non Bio-degradable) (Recyclable) फोहर	निलो	
२	**Risk Health Care Wastes (HCWs)**		
२.१	संक्रामक, सुई लगायत धारिलो फोहर	रातो	
२.२	रेडियोधर्मी (Radioactive) फोहर	कालो	

श्रोत : Health Care Waste Management Guideline, 2071

२.२.१३ खानेपानी व्यवस्थापन र सरसफाईः

प्रस्तावित अस्पताल सञ्चालन चरणमा दैनिक १५०,००० लिटर पानी आवश्यक रहने अनुमान गरिएको छ जसमा ४५,००० लिटर (पिउने पानी), ४५,००० लिटर (लण्डीको लागि), ३०,००० लिटर (सरसफाईको लागि) र ३०,००० लिटर अन्य प्रयोजनको लागि प्रयोग हुने अनुमान गरिएको छ। आवश्यक पानी परिपूर्तिका लागि अस्पतालले बोरिङ जडान गरी भूमिगत पानी प्रयोग गरिनेछ। उक्त पानीलाई प्रशोधन गरी पिउनयोग्य बनाइन्छ, साथै खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ बमोजिम हुनेछ। अस्पताल क्षेत्रमा दैनिक रुपमा सरसफाई गरिनेछ। शौचालयहरु नियमित सफा गरिनेछन् तथा अस्पताल वरपर पनि सरसफाई कायम गर्नको लागि समय समयमा सफा गरिनेछ।

२.२.१४ ढल निकास र फोहरपानी व्यवस्थापनः

अस्पतालले ढल निकास र फोहरपानीको व्यवस्थापन गर्न फोहरपानी प्रशोधन प्लान्ट स्थापना गरिनेछ। वाथरुम र शौचालयबाट निस्केको फोहरपानीलाई पहिले प्रशोधन गरेर सेप्टिक ट्याङ्किमा पठाइनेछ र केहि समय थिग्रिन दिएर तरल पदार्थ मात्र नगरपालिकाको ढल निकासमा पठाउने गरिनेछ।

२.२.१५ विपद् व्यवस्थापनको तयारीः

आगलागी जस्तो विपद् बाट बच्न अस्पताल भवनको प्रत्येक तल्लामा अग्नि संयन्त्र राखिनेछ। यसका अतिरिक्त बिभिन्न ठाउँमा सेक्यूरिटी अलार्महरु, PAS (Public Announcement System) राखिनेछ र कर्मचारीहरुलाई पेशागत सुरक्षा सम्बन्धी तालिमहरु पनि दिइनेछ।

२.२.१६ खाद्यान्न स्वच्छता र क्यान्टिनः

अस्पतालले बिरामी, कर्मचारी र बिरामी कुरुवालाई स्वच्छ खानेकुरा प्रदान गर्न अस्पतालको हातामा स्वच्छ र स्वस्थ क्यान्टिनको व्यवस्था गरिनेछ। क्यान्टिनको कर्मचारीहरुले प्रदान गर्ने खानेकुरा स्वच्छ र स्वस्थ छ वा छैन भनी खानेकुरा गुणस्तर कायम गर्न समय समयमा चेकजाँच गरिनेछ।

२.२.१७ पारो रहित चिकित्साः

अस्पतालले पारोयुक्त थर्मोमिटरको सट्टा डिजिटल थर्मोमिटर र डिजिटल रक्तचाँप मिटरको प्रयोग गरिनेछ।

२.३ प्रस्तावको उद्धेश्य

जनकपुरधाम तिब्र रुपमा विकास भैरहेको तराईको एक ठुलो सहर हो। बस्ती सँगसंगै जनसंख्या दिनानुदिन बढिरहेको छ। अव्यवस्थित बसोबास, दुर्गन्ध, धुलोधुँवा, दूषित खानेपानी आदिको कारणले प्रदूषित वातावरण र भारत सीमा जीवनशैलीको प्रभावले अझैपनि न्यून जीवनशैली बिताइरहनु परेको

छ जसले गर्दा विभिन्न दिर्घकालिन तथा अल्पकालीन रोगविधिहरु झेल्नुपरेको छ र गुणस्तरीय स्वास्थ्य सेवाको निकै आवश्यक देखिन्छ। त्यसैले ३०० शैय्या (bed) भएको फिजियोलोजी, माइक्रोबायोलोजी, आर्थोलोजी, गाइनोलोजी, डर्माटोलोजी, कार्डियोलोजी, न्युरोलोजी, यूरोलोजी, रेडियोग्राफी जस्ता सम्पूर्ण रोगहरुको उपचार र सुविधा सम्पन्न, २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्ने गरि अस्पताल तथा शिक्षण संस्थानको निर्माण र संचालन गरी, पुरा धनुषा लगायत महोत्तरी, सर्लाही, सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, रौतहट जिल्लाहरुलाई पनि गुणस्तर र उच्च स्वास्थ्य सेवा लिनको लागि नजिक र सजिलो विकल्प दिनु यस प्रस्तावको मुख्य उद्धेश्य रहेको छ।

परिच्छेद ३

प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

३.१ सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकनः

यस आयोजनाको आर्किटेकचरल तथा स्ट्रकचरल नक्साहरु, माटो परीक्षण प्रतिवेदनको अध्ययन तथा पुनरावलोकन गरिएको थियो। त्यसका अतिरिक्त यस आयोजनासँग सम्बन्धित कानूनी दस्तावेज जस्तै वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७०, स्वास्थ्य सेवा फोहर व्यवस्थापन निर्देशिका, २०७१ लगायतका अन्य कानूनहरु पुनरावलोकन गरिएको थियो। त्यसैगरी राष्ट्रिय जनसंख्या तथा घरधूरी सर्वेक्षण, २०६८ को पनि पुनरावलोकन गरिएको थियो। प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकन वा डेस्क अध्ययनको समयमा तलका उपायहरु अवलम्बन गरिएका छन्।

- नक्साको लेखाजोखा तथा फोटोहरुको बिश्लेषण तथा प्रकाशित अप्रकाशित स्रोतहरुको अध्ययन।
- बिभिन्न स्रोतहरु जस्तै वडा कार्यालय, उपमहानगरपालिका, गैर सरकारी संस्था तथा अन्य निकायबाट आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।
- समान प्रकृतिका प्रतिवेदनको अध्ययन, प्रदेश वातावरण संरक्षण ऐन तथा नियमावलीको अध्ययन, प्रदेश सरकार तथा संघीय सरकारका सो बिषयका दस्तावेजहरुको पुनरावलोकन।
- भू बनौट नक्सामा प्रभाव क्षेत्रको भगौलिक सिमा कोर्ने।
- नक्साहरुको अध्ययन र टोपोग्राफिक नक्सामा भौगोलिक अवस्थितिको चित्रण :प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था, टोपोग्राफिक नक्सा, गूगल नक्शा र गा.पा.पा.न/.को नक्साको आधारमा अध्ययन गरी नजिक कुनै संबेदनशिल क्षेत्र छन् वा छैनन् पत्ता लगाउने तथा उक्त कार्यबाट प्रभाव पर्न सक्ने क्षेत्रमा जानकारी नक्साबाट लिईएको छ।
- आयोजना क्षेत्रको भू प्रयोग सम्बन्धी तथ्याङ्क गू-गल नक्सा र GIS बाट लिइएको छ।
- आयोजनाको मौसम सम्बन्धी तथ्याङ्क जल तथा मौसम विज्ञान विभागबाट लिइएको छ।
- सामाजिक, आर्थिक रसाँस्कृतिकवातावरणको लागि जनसंख्याको तथ्याङ्क केन्द्रीय तथ्यांक विभागबाट लिइएको छ।

३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष)

क) प्रत्यक्ष प्रभाव क्षेत्रः

आयोजना सञ्चालन हुने स्थलबाट १०० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा निर्धारण गरिएको थियो। आयोजनाको निर्माण र सञ्चालन क्रियाकलापले यस क्षेत्रमा भौतिक, जैविक र सामाजिक तथा साँस्कृतिक वातावरणलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ।

ख) अप्रत्यक्ष प्रभाव क्षेत्रः

यस अन्तर्गत प्रत्यक्ष प्रभाव क्षेत्र बाहेक ५०० मि. परिधि भित्रको क्षेत्रलाई राखेर अध्ययन गरिएको थियो। यस क्षेत्रमा आयोजनाको निर्माण र सञ्चालन क्रियाकलापले अप्रत्यक्ष रुपमा प्रभाव पर्ने गर्दछ।

३.३ स्थलगत अध्ययनः

आयोजनाको स्थलगत अध्ययन गर्दा अध्ययन टोलीद्वारा मिति २०७६/०९/१० देखि २०७६/०९/११ सम्म स्थलगत अध्ययन गरिएको थियो। स्थलगत अध्ययनको क्रममा भौतिक, जैविक र सामाजिक तथा साँस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्कहरु संकलन गरिएको थियो ।

३.३.१ भौतिक वातावरणः

आयोजनाको भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्नको लागि स्थलगत अवलोकन/ अध्ययनको क्रममा आयोजना क्षेत्रमा वाकथ्रु सर्वे (Walkthrough Survey) गरी प्रस्ताव स्थलको भू-बनोट, भू-उपयोग, माटो परीक्षण गरी माटोको प्रकार र भार क्षमता परीक्षण, भूमिगत पानीको गुणस्तर र तहको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो। वायुको गुणस्तर मापन गर्नको लागि "एयर भिजियल प्रो" मार्फत मापन गरिएको थियो। ध्वनिको तह मापन गर्नको लागि ध्वनि तह मापन यन्त्र प्रयोग गरिएको थियो। पानीको गुणस्तर जाँच गर्नको लागि नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरिएको थियो। साथै अस्पतालबाट के कति स्वास्थ्यजन्य फोहर निस्किन्छ भनी मूल्याङ्कन गरिएको थियो यसको लागि स्वास्थ्य मन्त्रालयबाट सन् २००३ मा प्रकाशित प्रतिवेदनको सहयोग लिइएको थियो।

३.३.२ जैविक वातावरणः

जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलनको लागि वाकथ्रु सर्वे (walkthrough survey) गरिएको थियो साथै मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता गरिएको थियो। प्रस्ताव अस्पताल सहरी क्षेत्रमा पर्ने हुनाले वन्यजन्तुहरुको पनि कुनै बाहुल्यता छैन। समूहगत रुपमा छलफलद्वारा प्रस्ताव क्षेत्रको नजिक वनजंगलहरुमा पाइने वन्यजन्तु र प्रस्तावको कार्यान्वयनबाट वन्यजन्तुहरुमा पर्न सक्ने असरहरु र आवश्यक न्यूनीकरणका उपायहरुको बारे जानकारी लिईएको छ भने चेकलिस्ट र प्रश्नावलीद्वारा जैविक वातावरणको विस्तृत जानकारी लिईएको छ।

३.३.३ सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणः

स्थलगत अध्ययनका क्रममा वाकथ्रू सर्वे (walkthrough survey) गरी आयोजना क्षेत्र वरपर पर्ने धार्मिक तथा साँस्कृतिक स्थल, नजिकका विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी र खानेपानीका

सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो। मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता गरी प्रभावित क्षेत्रको संस्कृति, चाडवाड तथा रीतिरीवाज सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो।

तालिका १०: मूख्य जानकार ब्यक्तिहरू नाम

सि.नं	नाम	ठेगाना
१	**ई. मुकेश शाह (२३ नं. वडा सदस्य)**	जनकपुरधाम उपमहानगरपालिका, वडा नं. २३, बेला (९८१९६५१४०२)
२	**अभिमन्दन ठाकुर (समाजसेवी)**	जनकपुरधाम उपमहानगरपालिका, वडा नं. २३, बिन्दी (९८४२९४१३०६)
३	**मोहिनदीन रोइन (२३ नं. वडा सदस्य)**	जनकपुरधाम उपमहानगरपालिका, वडा नं. २३, बेला (९८०८२५४१७३)

३.३.४ सामुहिक छलफलः

मिति २०७९/०३/२२ गतेका दिन जनकपुरधाम उपमहानगरपालिका वडा नं २३, बेलामा स्थानीयसँग सामुहिक छलफल कार्यक्रम सम्पन्न गरेको थियो। उक्त कार्यक्रम स्थानीय अगुवाले नयाँ बन्न लागेको रबिन्द्र मेमोरियल अस्पताल सम्बन्धी आ-आफ्नो धारणा व्यक्त गरेका थिए। यस बाहेक स्थानीयले बन्न लागेको रबिन्द्र मेमोरियल अस्पतालले स्थानीय वातावरणमा पार्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरु पनि औल्याएका थिए। उक्त कार्यक्रममा जम्मा १० जना सहभागी भएका थिए।

तालिका ११: सामुहिक छलफलमा उठेका मुख्य कुराहरू

मिति	ठेगाना	उठान भएका रायसुझावहरू	समाबेश गरिएको परिच्छेद, खण्ड
२०७९/०३/२२	जनकपुरघाम उपमहानगरपालिका वडा नं २३	१. जनकपुर — जलेश्वोर सडक खण्ड धुलाम्मे रहेकोले अस्पतालको निर्माण पछि वृक्षरोपण गर्नुपर्ने २. नजिकका स्थानीयहरुलाई औषधि उपचार खर्चमा सहुलियत दिनुपर्ने	परिच्छेद २.२.२, तालिका ३ परिच्छेद ८.१, तालिका ३१

तालिका

३.४ सार्वजनिक सुनुवाई

वा.सं.नि. २०७७ को नियम ६ अनुसार वातावरणीय अध्ययन प्रक्रियालाई पारदर्शी र प्रस्ताव कार्यान्वयनबाट उक्त क्षेत्र वरिपरिका समुदायमा पर्न सक्ने सकारात्मक प्रभावको उपभोग र नकारात्मक प्रभावको न्यूनीकरणका लागि उक्त क्षेत्रको समुदायबाटै राय सुझाव सङ्कलन गरी

सुशासनको प्रत्याभूति गराउन र प्रस्ताव कार्यान्वयनबाट सम्बन्धित क्षेत्रमा पर्ने सम्पूर्ण वातावरणीय

प्रभावहरुको लेखाजोखा गर्न मितिः २०७९/०३/२५ गते शनिबारका दिन श्री गोविन्द मन्दिरको प्रांगण, दुधमतीपुल बेला, जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ मा सार्वजनिक सुनुवाई गरियो। सार्वजनिक सुनुवाई गर्नुपूर्व सार्वजनिक सुनुवाईमा स्थानीय र सरोकारवालाहरुको उपस्थितिको लागि मितिः २०७९/०३/२१ गते विश्व जागरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो साथसाथै विभिन्न सरोकारवाला संघसंस्थाहरुलाई पत्राचार गरी सो सुनुवाइमा उपस्थिति हुन अनुरोध पनि गरिएको थियो। उक्त सार्वजनिक सुनुवाईबाट आएका राय सुझावलाई प्रतिवेदनको मस्यौदा बनाउने सिलसिलामा समावेश गरिएको छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा छलफल हुँदै

यस सार्वजनिक सुनुवाई कार्यक्रममा ३७ जना उपस्थिति भएका थिए। सहभागीको उपस्थिति सहित सार्वजनिक सुनुवाईको माइनुटलाई अनुसूची ४ मा राखिएको छ।

तालिका १२ः सार्वजनिक सुनुवाईमा उठेका सवालहरु

सि.नं.	उठेका मुख्य कुराहरू	समाबेश गरिएको परिच्छेद
१	अस्पताल संचालनको क्रममा दुधमति खोलामा अस्पतालबाट उत्सर्जन भएका कुनै किसिमका फोहरहरु नमिसाउने	परिच्छेद ८.२
२	अस्पताल नजिक रहेका पोखरी, कृषि तथा पशुपालनका लागि प्रयोग हुने श्रोतहरुमा अस्पतालजन्य फोहरहरु नमिसाउने	परिच्छेद ८.२
३	अस्पताल नजिकको सडक पार्किंगको रुपमा प्रयोग नगर्ने	परिच्छेद २.२.२

३.५ वातावरणीय प्रभावहरूको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि

वातावरणीय प्रभावहरूको मुल्याङ्कन राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा दिइएको परिमाण, सीमा र अवधिको आधारमा गरिएको छ। विज्ञहरूको निर्णय तथा त्यस्तै आयोजनाहरूबाट प्राप्त अनुभवहरूको आधारमा प्रभावहरूको मापन गरिएको छ। यदि प्रभाव ३ वर्ष सम्म रहन्छ भने यसलाई अल्पकालीनको रूपमा लिईएको छ। त्यसैगरी यदि प्रभाव ३ वर्ष देखि २० वर्ष सम्म जारी रहयो भने यसलाई मध्यकालिनको रूपमा लिईएको छ र यदि यो २० वर्ष भन्दा लामो छ भने यसलाई दीर्घकालीनको रूपमा लिईएको छ। यस्तै यदि आयोजना क्षेत्र भित्र मात्र प्रभाव पर्ने देखिन्छ भने त्यसलाई स्थान निर्दिस्ट असर, जो स्थानीय तहको स्तर सम्म जान्छ त्यसलाई स्थानीय असर भनेर परिभाषित गरिएको छ र दुई भन्दा बढी स्थानीय तहमा जान्छ भने

क्षेत्रीय असर भनेर परिभाषित गरिएको छ। त्यसैगरी यदि आयोजनाले गर्ने प्रभाव अपरिवर्तनीय छ भने प्रभावलाई उच्च, जो लामो समयमा आंशिक रूपमा परिवर्तनशील छ भने मध्यम र त्यस्तो असर परिवर्तनशील छ भने कम असरको रूपमा परिभाषित गरिएको छ। प्रत्यक्ष प्रभाव हुने प्रभावलाई प्रत्यक्ष भनिएको छ भने अप्रत्यक्ष प्रभावलाई अप्रत्यक्ष भनिएको छ। संख्यात्मक श्रेणी सहितको म्याट्रिक्स विधि अपनाएर पूर्वानुमानित प्रभावहरूको प्रभाव मुल्याङ्कन गरिएको छ।

तालिका १३: प्रभाव मूल्याङ्कन अङ्क तालिका

मात्रा	अङ्क	सिमा	अङ्क	समायावधि	अङ्क
उच्च	६०	क्षेत्रीय	६०	दीर्घकालिन	२०
मध्यम	२०	स्थानीय	२०	मध्यम	१०
सामान्य	१०	क्षेत्र विशेष	१०	अल्पकालीन	०५

स्रोतः राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०

यिनीहरुको संचीय अङ्कबाट प्रभाव महत्त्वको विश्लेषण गरिएको छ जुन तल तालिका नं १२ मा देखाइएको छ।

तालिका १४: महत्त्व श्रेणीको संचीय अङ्क

जम्मा अङ्क	प्रभावको महत्त्व
४५ भन्दा कम	कम महत्त्वपूर्ण
४५ देखि ७५ सम्म	महत्त्वपूर्ण
७५ र भन्दा माथि	अति महत्त्वपूर्ण

३.६ सार्वजनिक सूचना प्रकाशित

प्रस्तावित प्रस्तावको वा.प्र.मू. प्रतिवेदन तयार गर्ने सिलसिलामा प्रस्तावित प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पार्न सक्ने प्रभावको सम्बन्धमा लिखित राय सुझाव दिनको लागि सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ९ बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गरियो र सोही बमोजिमको सात दिने सूचना मिति २०७९/०४/२८ गतेका दिन हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो।

३.७ मस्यौदा प्रतिवेदन तयारी

वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची -१२ मा वातावरणीय प्रभाव मूल्याङ्कनको ढाँचा दिइएको छ। नियमावलीमा दिइएको ढाँचा अनुसार तथा वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका,

२०५० मा आधारित भई व्याख्या गरिएका विभिन्न सवालहरूको विश्लेषण गरी मस्यौदा वा.प्र.मू. प्रतिवेदन तयार गरियो।

परिच्छेद ४

प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्ड

नेपाल सरकारले विकास र वातावरणीय संरक्षणलाई एकीकृत रूपमा सँग सँगै लैजानको लागि विभिन्न ऐन, नियम तथा निर्देशिकाहरू जारी गरेको छ । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि आवश्यकता भए अनुसार निम्न ऐन नियम निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका प्रावधानहरूद्वारा निर्देशित हुनेछ ।

पुनरावलोकलन गरिएका कानूनी दस्तावेज	**प्रस्त्व कार्यान्व्यन गर्दा आकर्षित हुने दफा/नियम/खण्ड/सम्वन्धित बुदाँ**	**अनुपालन**
नेपालको संविधानः	दफा ३० को उपदफा (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार र (२) ले वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिबापत पिडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने अधिकार सुनिश्चित गरेको छ। नेपाल संविधान धारा ३५ स्वास्थ्य सम्बन्धी हकः यसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क हुनुपर्ने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ र प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाईमा पहुँचको हक हुनेछ भन्ने कुरा उल्लेख छ।	स्वास्थ्य सेवा संचालन गर्दा हुने प्रदूषणले गर्दा कुनै असर परेमा
आवधिक योजनाः		
पन्ध्रौ योजना २०७६/७७ - २०८०/२०८१	यस योजनाको परिच्छेद ७ को खण्ड ७.३ मा स्वास्थ्य तथा पोषण सम्बन्धी कुरा उल्लेख गरिएको छ जस अनुसार यस योजनाले सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चत गर्ने लक्ष्य राखेको छ।	जनस्वास्थ्यमा गुणस्तर स्वास्थ्य प्रदान गर्ने क्रममा
नीति तथा रणनीति		

राष्ट्रिय वातावरण नीति, २०७६	यस नीतिको बुंदा ६ मा प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन, गर्ने छ भने खण्ड ८ को बँदा ८.१ मा वातावरणीय प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण सम्बन्धी नीति रहेका छन्।	वातावरण प्रवर्द्धन र फोहोरमैला व्यवस्थापन गर्ने क्रममा
राष्ट्रिय जलवायु परिवर्तन निति, २०७६	खण्ड ८ को बँदा ८.७ मा जलवायु परिवर्तनका कारणले उत्पन्न ।प्रकोपले मानव स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावलाई कम गरी स्वस्थ्य वातावरण सृजना गर्ने कुरा लाई जोड दिएको छ।	जलवायुमा असर गर्ने फोहोरमैला व्यवस्थापन गर्ने क्रममा
राष्ट्रिय स्वास्थ्य नीति, २०७६	यस नीतिको नीति ५ मा निर्देशक सिद्दान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्येश्य हरुको बारेमा उल्लेख गरिएको छ जसमा स्वास्थ्य क्षेत्रलाई संघीय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ।	स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा
नेपाल स्वास्थ्य क्षेत्र रणनीति, २०७२-२०७७	यस रणनीतिको लक्ष्य न्यूनतम स्वास्थ्य सेवा वितरण प्रणाली मार्फत सबै व्यक्तिको स्वास्थ्य स्थिति सुधार गर्नु हो। यसले राष्ट्रिय स्वास्थ्य नीतिद्वारा राखिएको दर्शन र लक्ष्य आत्मसात गरेको छ र आधारभूत स्वास्थ्य सेवाहरुको पहुँच प्रत्येक नागरिकको मौलिक अधिकारका रुपमा ग्यारेन्टी गर्ने संवैधानिक प्रावधान लिइएको छ। यसले अन्तराष्ट्रिय स्वास्थ्य कभरेज (UHC) हासिल गर्नेतर्फ राष्ट्रको प्रतिबद्धता अभिव्यक्ति गर्दछ र आवश्यक संसाधनहरु र लगानीहरु जुटाउनको लागि आधार प्रदान गर्नु रहेको छ।	स्वास्थ्य संस्थाको निर्माण, विकास र स्तरोन्नतिको क्रममा
विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५	यस नीतिले प्रत्येक वर्ष बाढी, पहिरो, चट्टयांग, आगलागी, सडक दुर्घटना, र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको	प्राकृतिक प्रकोप तथा विपद् परेको खण्डमा

	समयमा निजी संस्थानले पनि हातेमालो गरि सक्रिय रुपमा निर्मुल पार्नुपर्छ भनिएको छ।	
ऐनः		
वातावरण संरक्षण ऐन, २०७६	यस ऐनको दफा ३ मा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने, दफा ३ को उपदफा २ मा प्रतिवेदन स्वीकृतिको लागि पेश गरिने निकाय, त्यसैगरी सोही दफाको उपदफा ४ मा सार्वजनिक सुनुवाई, दफा ४ मा विकल्पको विस्तृत विश्लेषण, दफा ५ मा क्षेत्रनिर्धारण तथा कार्यसूची सम्बन्धी व्यवस्था गरेको छ। दफा ६ मा मापदण्ड एवं गुणस्तर कायम, दफा ११ मा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन, दफा १२ मा वातावरणीय परीक्षण सम्बन्धी व्यवस्था गरेको छ। त्यसैगरी दफा ३५ मा जरिबाना सम्बन्धी व्यवस्था गरेको छ।	वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्दा
भवन ऐन, २०५५ (संशोधन २०६४)	यो ऐन भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको हो। भूकम्प आगलागी तथा अन्य दैवी प्रकोपहरुबाट भवनहरुलाई यथासम्भव सुरक्षित राख्नको लागि भवन निर्माण कार्यलाई नियमित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो ऐन बनाएको हो। यो ऐन लागू भएको उपमहानगरपालिका क्षेत्रभित्र दफा ८ मा उल्लखित क ख वा ग वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम स्वीकृतिको लागि उपमहानगरपलिका समक्ष दरखास्त दिदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ।	भवन नक्सा, डिजाइन पास तथा निर्माण संचालन गर्ने क्रममा
स्थानीय सरकार संचालन ऐन, २०७४	यस ऐनको दफा ११ को २ उपदफा भित्र (ञ) १२ मा वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति , कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यन्वयन, अनुगमन र नियमन, १३ मा	स्थानीय स्तरका सवाल आइपरे तथा स्थानीय स्तरको फोहोरमैला व्यवस्थापन गर्ने क्रममा

	स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, १५ मा स्थानीयस्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन, १६ मा स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन, १७ मा स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्धन र १८ मा स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापनको कुराहरु उल्लेख गरिएको छ। यसै ऐनको दफा २४ को उपदफा १ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्नेछ।	
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४	विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व दफा (२०) को उपदफा (१) बमोजिम हुनुपर्ने छ। उपदफा (२) अनुसार सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धि योजनाको अधिनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य लागू गर्नु पर्नेछ।	प्राकृतिक प्रकोप तथा विपद् परेको खण्डमा
श्रम ऐन, २०७४	यस ऐन अनुसार जहाँ २० वा बढी कर्मचारीहरु संलग्न छन् रोजगारदाताले धारा ७४ अनुसार सुरक्षा र स्वास्थ्य समिति गठन गर्नेछ। १० वा सो भन्दा बढी कर्मचारी संस्थामा कार्यरत छन् भने रोजगारदाताले धारा ११६ बमोजिम सामुहिक समझदारी समितिको पनि गठन गर्नेछ। धारा ८० ले संक्रमित रोग नियन्त्रण गर्ने प्रावधानको बारेमा उल्लेख गरेको छ। धारा ८२ ले	स्वास्थ्य संस्था निर्माण तथा संचालनको क्रममा कर्मचारी तथा लेवर परिचालन गर्दा

	व्यावसायिक स्वास्थ्य र उपचारको बारेमा उल्लेख गरेको छ।	
फोहर मैला व्यवस्थापन ऐन, २०६८	यस ऐनको दफा २२ को उपदफा (५) अनुसार फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ। उपदफा (६) अनुसार फोहोरमैलाको व्यवस्थापन स्थलको कारणले गम्भीर प्रभावित क्षेत्र र प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक विकास एवं वातावरण संरक्षणमा सुझाव दिन स्थानीय स्तरमा तोकिए बमोजिमको समिति गठन गर्न सकिनेछ।	प्रदूषण तथा फोहोरमैला व्यवस्थापन गर्दा
जलश्रोत ऐन, २०४९	यस ऐनमा नेपालभित्र रहेका जलस्रोतको स्वामित्व नेपाल सरकारमा रहन, अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न नपाउने जलस्रोतको उपयोग गर्न व्यक्ति वा संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायिक उपयोग गर्नपर्ने, जलस्रोत प्राप्त हुने सामुहिक लाभको लागि जल उपभोक्ता संख्या गठन गर्न सक्ने त्यस्तो संख्या गठन गर्न सक्ने त्यस्तो संख्या अविछिन्न उत्तरीधकारी संख्याको व्यवस्था भएको छ। यस ऐनको जलस्रोतको उपयोग गर्दा प्राथमिकता अनुसार खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकता राखेको छ।	अस्पताल निर्माण तथा संचालन गर्दा पिउने तथा अन्य प्रयोजनको लागि पानि प्रयोग गर्दा
जनस्वास्थ्य सेवा ऐन, २०७५	यस ऐनको दफा ४० को उपदफा १ मा ध्वनि, वायु, जल तथा दृश्य प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्नका लागि संघीय कानून बमोजिम नेपाल सरकारले यस सम्बन्धि मापदण्ड निर्धारण गर्न सक्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै दफा ४१ मा सरसफाई तथा फोहरमैला	अस्पताल निर्माण तथा संचालन गर्दा

	व्यवस्थापन सम्बन्धि आवश्यक मापदण्ड बनाउने कुरा उल्लेख छ।	
भू-उपयोग ऐन, २०७६	यस ऐनको दफा ४ मा भू-उपयोग क्षेत्रको वर्गीकरण, दफा ८ मा भूउपयोग परिवर्तन गर्न नहुने, दफा १० मा जग्गाको खण्डिकरण नियन्त्रण र दफा २५ मा सजाय सम्बन्धि व्यवस्था गरेको छ।	जमिन खनेर फाउन्डेसन निर्माण गर्दा
संक्रात्मक रोग सम्बन्धि ऐन, २०२० (संशोधन २०७५)	यस ऐन नेपाल देशभर वा नेपालको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगले उग्र रुप लिन नपाउने गरी रोगको निर्मूल गर्न वा रोकथाम गर्नको लागि व्यवस्था गर्ने हेतुले बनाइएको हो।	अस्पतालमा आउने संक्रामक रोगीको कारण अस्पताल बाट सुरु भै महामारीको रुप लिइएको अवस्थामा
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धि ऐन, २०६६	यस ऐनको दफा ३ मा स्वास्थ्य उपचारको विषयलाई लिएर स्वास्थ्यकर्मीलाई घेराउ, अपमानजनक व्यवहार वा हातपात गर्न नहुने र स्वास्थ्य संस्थामा तोडफोड तथा आगजनी वा त्यस्तै अन्य कार्य गर्न नहुने कुरा उल्लेख छ। दफा ४ मा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार सुरक्षाकर्मी माग गर्न सक्ने कुरा उल्लेख छ।	उपचारको क्रममा कुनै घटना घट्न गई स्वास्थ्यकर्मी माथि आरोप लागे अथवा पिडितको आफन्तहरु आक्रोस आएको अवस्थामा
बालबालिका सम्बन्धि ऐन, २०७५	यस ऐनको दफा ६६ ले बालबालिका विरुद्दको कसुर सम्बन्धि व्यवस्था गरेको छ। वर्ष ३ देखि १५ सम्म बालबालिकाको अधिकार सम्बन्धि व्यवस्था गरेको छ।	३ देखि १५वर्षका बालबालिकाको उपचारको क्रममा
उपभोक्ता संरक्षण ऐन, २०७५	परिच्छेद २ र ३ अन्तर्गतका दफाहरुले उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितता गरेको छ।	संचालन चरणमा अस्पताल जन्य वस्तु र सेवा गुणस्तरमा प्रश्न जागेमा
योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४	यस ऐनको दफा ४ मा रोजगारदाताले श्रमिकको योगदानयोग्य रकम जम्मा गर्नु पर्ने तथा दफा १० मा सामाजिक सुरक्षा योजना संचालन गर्ने सम्बन्धि कुरा उल्लेख गरेको छ।	अस्पतालका कर्मचारीहरुलाइ दिने सेवा र सुविधाहरु गुणस्तर कायम गर्ने सवालमा

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६	यस ऐनको दफा ३ उपदफा (१) अनुसार कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रुपमा काममा लगाउनु हुदैन र उपदफा (२) अनुसार कसैले बालकलाई अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुदैन।	अस्पताल निर्माण तथा संचालन गर्ने काम गर्ने कर्मचारी तथा श्रमिकहरुको दायरा छुटाउने वा भर्ना गर्ने अवस्थामा
रोजगारीको हक सम्बन्धी ऐन, २०७५	यो ऐन प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिच्क्षित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, तथा अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उद्देश्यका साथ यो ऐन आएको हो।	रोजगार प्रदान गर्ने अवस्थामा
नियमावली		
वातावरण संरक्षण नियमावली, २०७७	वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उपदफा (१) प्रयोजनको लागी यस नियमावली २०७७ को नियमः ३ संग सम्वन्धित भएर अनुसूची १, २ र ३ मा क्रमसः संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख गरिएको छ। उक्त कानूनी व्यबस्था अनुरुप यस प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको प्रक्रया अगाडी बढिरहेको छ।नियम ५ ले प्रतिवेदन तयार गर्नुपूर्व प्रस्तावतले कार्यसूची तयार गरि सम्बन्धित नियमले तोकेको सरकारी निकाय जहाँ प्रतिवेदन पेस गर्ने हो त्यहिबाट स्वीकृत गर्नुपर्ने उल्लेख गरेको छ साथै प्रतिवेदन स्वीकृत निकायको बारे नियम ८ मा उल्लेख भएको छ। नियम ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण, नियम ५ बमोजम स्वीकृत कार्यसूची तथा नियम ६ बमोजिम सार्वजनिक सुनुवाई मा उल्लेख सुझावको आधारमा प्रस्तावकले प्रतिवेदन तयार गर्नुपर्ने छ भन्ने उल्लेख छ।वातावरण संरक्षण ऐन २०७६ को दफा ३८ बमोजिमको	वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्दा

	वातावरण संरक्षण योजनामा योजनाको पृष्ठभुमि, उद्देश्य, संरक्षणका मार्गदर्शन सिद्धान्त, योजनाले समेट्ने क्षेत्र, सम्वद्ध नीति तथा कानून र संरक्षण कार्य योजना समेतका विषय समावेश गरी नियमावलीको अनुसुचीः २० बमोजिम ढाँचा तर्जुमा गर्नुपर्ने उल्लेख छ।	
भवन नियमावली, २०६६	यस नियमावलीमा (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित 'क' 'ख' वा 'ग' वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले नक्सा स्वीकृतिको लागि नगरपालिका समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिंदा डिजाइन समेत पेश गर्नु पर्नेछ।(२) ऐनको दफा ११ को उपदफा (२) मा उल्लिखित 'क' वा 'ख' वर्गको भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा र डिजाइन र 'ग' वर्गको भवन निर्माण गर्न चाहने व्यक्त्ति, संस्था वा सरकारी निकायले भवनको नक्सा तयार गरी स्वीकृतिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको शहरी विकास कार्यालयमा दरखास्त दिनू पर्नेछ।(३) उपनियम (२) बमोजिम प्राप्त भएको दरखास्त उपर शहरी विकास कार्यालयले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा कुनै थप कागजात आवश्यक देखिएमा दरखास्तवालासँग त्यस्तो कागजात माग गर्न सक्नेछ।(४) उपनियम (३) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाको व्यहोरा मनासिब देखिएमा शहरी विकास कार्यलयले भवन निर्माण गर्दा पालना गर्नु पर्ने शर्त तोकी दरखास्त परेको मितिले ३० दिनभित्र भवनको नक्सा वा डिजाइन स्वीकृत गर्नु पर्नेछ।	भवन नक्सा, डिजाइन पास तथा निर्माण संचालन गर्ने क्रममा

श्रम नियमावली, २०७५	यस नियमावलीको नियम १६ मा श्रमिकको काम गर्ने समयको निर्धारण कामको प्रकृतिको आधारमा गर्नुपर्ने कुरा उल्लेख गरेको छ भने नियम १७ मा विश्रामको लागि थप समय दिनुपर्ने कुरा उल्लेख गरेको छ। यस नियमावलीको परिच्छेद ७ मा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीतिको कुरा उल्लेख छ जसमा नियम ३४ ले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति बनाउनु पर्ने, नियम ३५ ले रोजगारदाताको कर्तव्य, नियम ३६ ले उत्पादनकर्ता, आयातकर्ता र आपूर्तिकर्ताको कर्तव्य, नियम ३७ ले सुरक्षा तथा स्वास्थ्य समितिको गठन, नियम ३८ ले सुरक्षा तथा स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार, ३९ ले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धि बिशेष व्यवस्था आदि कुराहरु छन्।	स्वास्थ्य संस्था निर्माण तथा संचालनको क्रममा कर्मचारी तथा लेवर परिचालन गर्दा
बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२	यस नियमावलीको नियम २५ मा ऐनको दफा ११ बमोजिम प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापनले देहायका व्यवस्थाहरु अपनाउनु पर्नेछ।	
फोहर मैला व्यवस्थापन नियमावली, २०७०	यस नियमावलीको उद्देश्यहरुमा सार्वजनिक स्वास्थ्य र वातावरणमा ठोस फोहोरको प्रतिकूल प्रभावहरुलाई कम गरी स्वच्छ र स्वस्थ वातावरण कायम गरी समावेश गरिएको छ। यस नियमावलीले ठोस फोहोरहरु लाई सकेसम्म स्रोतमानै घटाउने, पुनः प्रयोग गर्ने, र प्रशोधन गर्ने कार्यलाई बढावा दिन आवश्यक कदम चाल्न स्थानीय निकायलाई आदेश जारी गर्दछ। यस नियमावलीले स्थानीय निकायलाई नियम, कानूनद्धारा दिशानिर्देशहरू निर्माण गर्न पनि प्रेरित गर्दछ।	प्रदूषण तथा फोहोरमैला व्यवस्थापन गर्दा

जलश्रोत नियमावली, २०५०	यो नियमावली जलस्रोतको प्रयोगलाई नियमन गर्न लक्षित रहेको छ।	अस्पताल निर्माण तथा संचालन गर्दा पिउने तथा अन्य प्रयोजनको लागि पानि प्रयोग गर्दा
योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५	यसको परिच्छेद २ र ६ अन्तर्गतका नियममा क्रमशः सामाजिक सुरक्षा योजनामा सहभागिता र परिचयपत्र सम्बन्धि व्यवस्था रहेको छ।नियम ९ र १७ मा क्रमशः सामाजिक सुरक्षा योजना संचालन र रोजगारदाताको दायित्वको बारेमा उल्लेख छ।	अस्पतालका कर्मचारीहरुलाइ दिने सेवा र सुविधाहरु गुणस्तर कायम गर्ने सवालमा
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६	यस नियमावली विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको नियमावली हो।यस नियमावलीमा कुनै पनि विपद्को समयमा संघ संस्थाको काम, कर्तव्य र अधिकारहरु सम्बन्धि नियमहरुको बारेमा उल्लेख गरिएको छ।	प्राकृतिक प्रकोप तथा विपद् परेको खण्डमा
स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९	यस नियमावली स्वाथ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धि ऐन, २०६६ को दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको हो।यस नियमावलीमा स्वास्थ्यकर्मीहरुलाई सुरक्षा माग गर्ने कार्यविधि, नाम दर्ता सम्बन्धि कार्यविधि, समिति गठन र समितिको काम, कर्तव्य र अधिकार सम्बन्धि नियमहरुको बारेमा उल्लेख गरिएको छ।	उपचारको क्रममा कुनै घटना घट्न गई स्वास्थ्यकर्मी माथि आरोप लागे अथवा पिडितको आफन्तहरु आक्रोस आएको अवस्थामा
जनस्वास्थ्य सेवा नियमावली, २०७७	यस नियमावली जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको हो।यस नियमावलीमा प्रत्येक नागरिकलाई ऐनको दफा ३ को उपदफा (४) बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु प्रत्येक आधारभूत	अस्पताल निर्माण तथा संचालन गर्दा

	स्वास्थ्य सेवा केन्द्र तथा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट तोकिएको स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा प्रदान गर्ने, आकस्मिक स्वास्थ्य सेवा, विशेषज्ञ र विशिष्टीकृत सेवा सम्बन्धि नियमहरुको बारेमा उल्लेख गरिएको छ।	
निर्देशिका/कार्यविधि/कार्यनीति		
राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०	नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस् भन्नका लागि वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ ल्याउनु अगाडि नै यो निर्देशिका लागू गरेको थियो। यो निर्देशिकाले वातावरणीय प्रभाव अध्ययन गर्दा जनसहभागिता जुटाउनु पर्ने, आवश्यक सूचना र तथ्याङ्क संकलन गर्ने, विवादित विषयको गम्भिरताको मूल्याङ्कन गर्नु पर्ने, व्यवस्थापनका साथै वातावरणीय अध्ययनका लागि ती विषयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने जस्ता कुरालाई स्पष्टरुपमा मार्गदर्शनको रुपमा अघि सारेको छ।	वातावरणीय प्रभाव मूल्यांकन प्रभावकारी रुपमा लागू गर्न
स्वास्थ्य सेवा फोहोर व्यवस्थापन निर्देशिका, २०७१	यस निर्देशिकाको अनुच्छेद ३ मा स्वास्थ्य सेवा बाट उत्सर्जन हुने फोहोरको वर्गीकरण गरिएको छ जसमा जोखिम रहित र जोखिमयुक्त फोहोर रहेका छन्। जोखिम रहित फोहोरमा जैविक फोहोर, पुनः चक्रीय फोहोर, र अन्य फोहोर पर्दछन भने जोखिमयुक्त फोहोरमा मानव अङ्ग, धारिलो वस्तु, फर्मिसिटीकल फोहोर, अति संक्रामक फोहोर, संक्रामक फोहोर खतरनाक फोहोर र विकिरण फोहोर रहेका छन्। त्यस्तै अनुच्छेद ६ मा फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड र फोहोर संकलन तथा कलरकोडिंग पद्दतिको बारेमा उल्लेख रहेको छ।	प्रदूषण तथा फोहोरमैला व्यवस्थापन गर्दा

अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२	यस निर्देशिकाको दफा ८ अनुसार औषधी तथा औषधीजन्य सामग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रकृया अवलम्बन गरी गर्नु पर्ने कुरा उल्लेख गरिएको छ। दफा ९ मा औषधी र औषधीजन्य पदार्थको विक्री मूल्य निर्धारण गर्दा यसको खरिद मूल्यमा २० प्रतिशत नबढाइ निर्धारण गरिने कुरा उल्लेख छ।	औषधि र औषधिजन्य पदार्थहरु खरिदविक्री गर्ने क्रममा
स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७०	यस निर्देशिकाको दफा ३ का उपदफा ३ र ४ मा स्वास्थ्य सेवा संचालन र गुणस्तर सम्बन्धि, दफा ५ मा अनुमति प्रदान गर्ने निकाय, दफा १६ र १७ मा अस्पताल पूर्वाधार सम्बन्धी र अन्य मापदण्ड, दफा १८ मा जनशक्ति, २० मा उपकरण सम्बन्धि मापदण्ड र दफा २१ मा विशेषज्ञ सेवा सम्बन्धि व्यवस्था गरेको छ।	स्वास्थ्य संस्था संचालन गर्दा आवश्यकताहरु सम्बोधन गर्दा
मापदण्डहरू		
स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ (पहिलो संशोधन २०७८)	यस मापदण्ड जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम ११, नियम १२ को उपनियम (५) र नियम १३ को उपनियम (३) सँग सम्बन्धित अनुसूची ८ को व्यवस्था कार्यान्वयनको लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य मन्त्रालयले जारी गरेको हो। यस मापदण्ड मा कुनैपनि स्वास्थ्य संस्था संचालन गर्नका लागि कुन-कुन पक्षमा के कस्ता सुविधाहरु को व्यवस्थापन गर्नुपर्छ, के-कती कर्मचारी तथा विशेषज्ञको आवश्यक पर्दछ र कसरी स्वास्थ्य संस्थाहरु व्यवस्थित	स्वास्थ्य संस्था संचालन गर्दा आवश्यकताहरु सम्बोधन गर्दा

	रुपमा संचालन गरी सेवा प्रदान गर्न सकिन्छ भनि वर्णन गरिएको छ।	
वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२	यो मापदण्ड नगर विकास ऐन २०४५ को दफा २३ र काठमाण्डौ उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा २६ ले भौतिक भौतिक योजना कार्यान्वयन गर्न निर्देशन दिने र नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ को अनुसूची-२, खण्ड २३ को बुँदाहरु २ र ४ ले दिएको अधिकार प्रयोग गरी सुरक्षित एवंम भूकम्प प्रतिरोधात्मक वसोवास, भौतिक योजनाको तर्जुमा तथा कार्यान्वयन, र भवन ऐन २०५५ ले तोकेका क, ख, ग र घ वर्गका भवनहरु निर्माण गर्न गराउनका लागि नेपाल सरकारले लागू गरेको हो। यस मापदण्डमा कुनै पनि संरचना निर्माण गर्दा अपनाउनु पर्ने उपायहरु र by laws हरुका वारेमा उल्लेख गरिएको छ।	भवन नक्सा, डिजाइन पास तथा निर्माण संचालन गर्ने क्रममा
सवारी साधनहरू बाट हुने उत्सर्जन सम्बन्धी मापदण्ड, २०६९	यस मापदण्डले सवारी साधनहरुको वर्गीकरण युरोपियन यूनियनले अपनाएको सवारी साधनहरुको वर्गीकरण अनुसार गरेको छ। त्यसै गरी यस मापदण्डमा विभिन्न प्रकारका सवारी साधनहरुले के कति एक्जस्ट उत्सर्जन गर्न पाउछन भन्ने कुरा उल्लेख गरेको छ जस्तै ६ वटा सम्म सीट तथा २.५ टन भन्दा कम वजन भएका सवारी साधानहरु (यात्रुवाहक कारहरु)को लागि एक्जस्ट उत्सर्जन CO २.३ ग्राम/किलो मिटर, HC ०.२ ग्राम/किलो मिटर र NOx ०.१५ ग्राम/किलो मिटर सम्म हुनुपर्ने छ। त्यसै गरी हलुका र कुल वजन २.५ टन भन्दा वढी भएका व्यापारिक सवारी साधनहरुको लागिः lCV (RM=वा <१३०५ kg) को लागि एक्जस्ट उत्सर्जन CO २.३ ग्राम/किलो मिटर, HC ०.२ ग्राम/किलो	प्रदूषण तथा फोहोरमैला व्यवस्थापन गर्दा

	मिटर र NOx ०.१५ ग्राम/किलो मिटर सम्म हुनुपर्ने छ; lCV (१३०५ >RM=वा <१७६० kg) को लागि एक्जस्ट उत्सर्जन CO ४.१७ ग्राम/किलो मिटर, HC ०.२५ ग्राम/किलो मिटर र NOx ०.१८ ग्राम/किलो मिटर सम्म हुनुपर्ने छ र lCV (RM>१७६० kg) को लागि एक्जस्ट उत्सर्जन CO ५.२२ ग्राम/किलो मिटर, HC ०.२९ ग्राम/किलो मिटर र NOx ०.२१ ग्राम/किलो मिटर सम्म हुनुपर्ने छ। यसरीनै भारी सवारी साधनका लागि पनि मापदण्ड तोकिएको छ।	
डिजेल जेनरेटरबाट हुने उत्सर्जन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९	नेपाल सरकारले ८ किलोवाट -५६० किलोवाट क्षमताको नँया र प्रयोगमा भएको डिजेल जेनरेटरहरुको लागि डिजेल जेनरेटरबाट हुने उत्सर्जन सम्बन्धी राष्ट्रिय मापदण्ड ल्याएको छ। उत्सर्जन सिमा चार प्रमुख प्रदूषहरु: CO, HC, NOx र PM का लागि सेट गरिएको छ।	प्रदूषण तथा फोहोरमैला व्यवस्थापन गर्दा
अन्तरराष्ट्रिय सन्धिहरू		
हानिकारक फोहोरमैलाहरुको राष्ट्रियहरु सिमापार ओसार पसार नियन्त्रण सम्बन्धी वासेल महासन्धि, १९९८ (सन)	यस महासन्धिको मुख्य उद्देश्य भनेको हानिकारक फोहोर तथा तिनको विसर्जनबाट पर्ने नकारात्मक प्रभावबाट मानव स्वास्थ्य तथा वातावरणलाई जोगाउनु हो। वासेल महासन्धि हानिकारक फोहोरमैलाहरुको राष्ट्रियहरु सिमापार ओसार पसार नियन्त्रण गर्न बनेको एक अन्तराष्ट्रिय महासन्धि हो। यस महासन्धिको अनुसूची १ मा अस्पतालजन्य फोहोरलाई पनि हानिकारक फोहोरका रुपमा समावेश गरेको छ।	अस्पताललाई आवश्यक हानिकारक र रासायनिक पदार्थहरु आयात निर्यात गर्दा
जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय महा सन्धि, १९९२ (सन)	यो महासन्धि जैविक विविधताबाट प्राप्त हुने सेवा एवं सुविधाहरुको दिगो उपयोग गरी जैविक विविधता एवं यसबाट प्राप्त हुने	वातारण मैत्री कुराहरुलाई बढोत्तरी गर्ने क्रममा

	लाभको न्यायोचित बाँडफाँड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धि २९ डिसेम्बर १९९३ देखि कार्यान्वयनमा आएको थियो भने नेपालले २३ नोभेम्बर १९९३ मा अनुमोदन गरेको थियो । यस महासन्धीले कुनै एक देशको जैविक विविधतामा उक्त राष्ट्रको सार्वभौम अधिकार हुने र यसको उपयोग गर्दा अर्को देशलाई असर नपुग्ने गरी गर्नुपर्ने आधारभुत सिद्धान्तलाई अंगीकार गरेको छ । महासन्धिको धारा १४ मा कुनैपनी पक्ष राष्ट्रले विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्दा उक्त कार्यले जैविक विविधतामा पर्ने असरहरुको लेखाजोखा गर्न वातावरणीय मुल्याङ्कन गर्नुपर्ने र वातावरणीय व्यवस्थापन योजना वनाई कार्यान्वयन गर्नुपर्ने कुरामा पक्ष राष्ट्रहरु सहमत भएका छन् । यसैगरी धारा १५ मा कुनैपनी जैविक विविधता एवं आनुवांशिक स्रोतबाट प्राप्त हुने लाभमा राष्ट्रको सार्वभौम अधिकार हुने, एक राष्ट्रमा भएको जैविक विविधता माथि अर्को राष्ट्रले समेत उपायोग गर्न पाउने व्यवस्था मिलाउन उचित कानुनी तथा संस्थागत संरचना तयार गर्नुपर्ने कुरा उल्लेख छ भने धारा १६ मा प्रवधि हस्तान्त्रण एवं प्राप्ती सम्बन्धी व्यवस्था गरिएको छ । यस महासन्धीमा जैविक विविधता संरक्षणको लागि विभिन्न राष्ट्रहरुविच आर्थिक सहयोग एवं परिचालन सम्बन्धी सहमत भएका छन् ।	

वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९: यस मापदण्ड अन्तर्गत वायुको गुणस्तर निम्न अनुसार हुनुपर्ने छ।

तालिका १५: वायुको गुणस्तर सम्बन्धि राष्ट्रिय मापदण्ड

मानक	एकाग्रत मात्रा	औषत समय
TSP	२३० $\mu g/m^3$	२४ घण्टा*
PM_{10}	१२० μg/m3	२४ घण्टा*
$PM_{2.5}$	४० $\mu g/m^3$	२४ घण्टा*
SO_2	५० $\mu g/m^3$	वार्षिक**
	७० $\mu g/m^3$	२४ घण्टा*
NO_2	४० $\mu g/m^3$	वार्षिक
	८० $\mu g/m^3$	२४ घण्टा*
CO	१०,००० μg/m3	८ घण्टा*
Pb	०.५ $\mu g/m^3$	वार्षिक**
Benzene	५ $\mu g/m^3$	वार्षिक**
O_3	१५७ $\mu g/m^3$	८ घण्टा*

* २४ घण्टे र ८ घण्टे मात्रा एक आर्थिक वर्षको कम्तिमा ९५% दिनहरुमा तोकिएको सीमा भित्र रहेको हुनु पर्नेछ। एक वर्षको ३६५ दिन मध्ये १८ दिन भन्दा बढी तोकिएको सीमा नाघ्नु हुँदैन भने वर्षको कुनै पनि समय लगातार दुई दिन तोकिएको सीमा नाघ्नु हुँदैन।

** कुनै निश्चित ठाउँमा एक हप्तामा दुईपटक लगातार २४ घण्टा सम्म र हप्तामा एकै समयको अन्तरमा लिईएका कम्तिमा १०४ ओटा तथ्यांकको वार्षिक औषतका आधारमा माथि उल्लेखित तथ्यांक लिइनेछ।

राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२: यस मापदण्ड अन्तर्गत खानेपानीको गुणस्तर निम्न अनुसार हुनुपर्ने छ

तालिका १६: खाने पानीको गुणस्तर सम्बन्धि राष्ट्रिय मापदण्ड

समूह	मानक	अधिकतम एकाग्रत मात्रा
Physical	Turbidity	5 (10) NTU **
	pH	6.5-8.5*
	Color	5 (15) TCU **
	Taste & Odor	Would not be objectionable
	Total Dissolved Solids	1000 mg/l
	Electrical Conductivity	1500 µc/cm
	Iron	0.3 (3)** mg/l
	Manganese	0.2 mg/l
	Arsenic	0.05 mg/l
	Cadmium	0.003 mg/l
	Chromium	0.05 mg/l
	Cyanide	0.07 mg/l
	Fluoride	0.5-1.5 mg/l *
	lead	0.01 mg/l
	Ammonia	1.5 mg/l
Chemical	Chloride	250 mg/l
	Sulphate	250 mg/l
	Nitrate	50 mg/l
	Copper	1 mg/l
	Total Hardness	500 mg/l
	Calcium	200 mg/l
	Zinc	3 mg/l
	Mercury	0.001 mg/l
	Aluminum	0.2 mg/l
	Residual Chlorine	0.1-0.2 mg/l *
Micro Germs	E-Coli	0 MPN/100ml
	Total Coliform	95 % in sample MPN/100ml

ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ : यसले विभिन्न क्षेत्रको लागि दिवा र रात्रि समयको लागि ध्वनिको सीमा तोकेको छ।

क्षेत्रको	ध्वनि सीमा Leq (डेसिवेल)	
	दिवा	रात्रि
औधोगिक क्षेत्र	७५	७०
व्यापारिक क्षेत्र	६५	५५
ग्रामीण आवास क्षेत्र	४५	४०
शहरी आवास क्षेत्र	५५	५०
मिश्रित आवास क्षेत्र	६३	५५

शान्त क्षेत्र	५०	४०

श्रोतः वातावरणीय मापदण्ड तथा सम्बन्धित सूचनाहरुको सँगालो, २०६९

परिच्छेद ५
विद्यमान वातावरणीय अवस्था

५.१ भौतिक वातावरण

धरातलीय स्वरुप

प्रस्तावित आयोजना मधेश प्रदेश को तराई क्षेत्र धनुषा जिल्लामा पर्दछ। धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिकाको क्षेत्रफल ९१.९७ वर्ग कि.मि. रहेको छ ।प्रस्तावित अस्पताल समुन्द्री सतह बाट २४९ फिट अर्थात ८३ मिटर उचाई र अक्षांश २६°४३'१२.५३"उ. र देशान्तर ८५°५४'३७.०१"पू. मा अवस्थित छ। यसको सिमा क्षेत्र पूर्वमा औरही गाउँपालिका, पश्चिममा पिपरा गाउँपालिका, उत्तरमा लक्ष्मीनिया गाउँपालिका र दक्षिणमा नगरर्राईन नगरपालिका रहेको छ।

भू–उपयोग

प्रस्तावित अस्पताल निर्माणका लागि कृषियोग्य बाँझो जमिन प्रयोग गरिएको छ। यस जनकपुरधाम उपमहानगरपालिकाको कुल क्षेत्रफल ९१.९७ वर्ग कि.मि. रहेको छ। यस प्रस्तावित क्षेत्रमा वन जंगल क्षेत्र भने छैन ।

भूगर्भ

आयोजना क्षेत्रको भौगोलिक बनोट तराईको समथर भू-भाग हो। यस क्षेत्रको माटोको बनोट मलिलो एलुभिएल र कोलोभिएल डिपोजिसन भएर बनेको (Quaternary:Q) रहेको छ जसअन्तर्गत नदीले थुपारेको मसिनो पांगो माटोदेखि ग्राभेल, बालुवा, सिल्ट तथा ढुंगाहरुको मिश्रण आदि पनि पर्दछ। छ। जनकपुरधाममा पहिला ७२ वटा पोखरी रहेको तर हाल ५२ पोखरी रहेका छन त्यसैले जनकपुरधामलाई पोखरीको सहर भनेर चिन्निन्छ। प्रस्तावित अस्पताल Seismic Zoning Factor with peak Ground Acceleration ०.३ अन्तर्गतको क्षेत्रमा पर्दछ। त्यसैगरी भौगोलिक रुपमा प्रस्तावित अस्पताल तराई जोन अन्तर्गत पर्दछ।



चित्र ३: प्रस्ताव क्षेत्रमा पाइने माटोको प्रकार



चित्र ४: भूकम्पीय (seismic) नक्सा

जल तथा मौसम

आयोजना वरिपरी उष्ण प्रकारको हावापानी पाइने गर्छ। जल तथा मौसम विज्ञान विभाग अनुसार धनुषा जिल्लाको, जनकपुर राष्ट्रिय विमानस्थलमा रहेको स्टेशन (१११) का अनुसार औसत बार्षिक अधिकतम तापक्रम ३१.४ डि.से. र औसत बार्षिक न्यूनतम तापक्रम २० डि.से. रहने गरेको छ र औसत बार्षिक बर्षा १४६६.४ मि. मि. हुने गरेको छ।

तालिका १७: आयोजना क्षेत्रको औसत तापक्रम र वर्षा

स्टेशन	वर्ष	तापक्रम (oC)			औसत वर्षा (मि.मि.)
		न्युनतम	अधिकतम	औसत	
जनकपुर	२०१३	१९.७	३०.५	२५.१	११२७
	२०१४	१९.८	३०.६	२५.२	१५२४.९
	२०१५	२०.१	३१.१	२५.६	८५१.८
	२०१६	२०.०	३१.४	२५.७	NA
	२०१७	२०.१	३१.२	२५.६	१४६६.४

श्रोत : जलवायु तथा मौसम विभाग, २०१७

वायु, जल तथा ध्वनिको गुण

आयोजना क्षेत्र तराईको छरिएर रहेको पातलो बस्ती र कृषियोग्य जमिनमा निर्माण हुन गहिरहेको छ र जनकपुर जलेश्वर सडक खण्डको छेउमा पर्दछ। जनकपुर जलेश्वर सडक खण्डको निर्माण कार्य चलिरहेकोले सामान्य धुलो र गाडीहरु चल्नाले न्यून धुँवा यहाँको हावामा पाउन सकिन्छ, अस्पताल जनकपुरधामको चक्रपथ बाहिर रहेकोले ध्वनिको र पानीको गुणस्तर राम्रो रहेको छ। अस्पताल निर्माण चरणमा हावा र ध्वनि प्रदुषणको केहि मात्रामा बढ्ने सम्भावना देखिन्छ। यद्यपि आयोजना क्षेत्रभित्र र वरपपरको वातावरणमा कुनै प्रकारको प्रदुषण गर्ने स्रोत नरहेको हुदाँ हावा, ध्वनि र पानी गुणस्तरीय रहेको पाईन्छ। वा.प्र.मू.को बेलामा यस क्षेत्रको हावा, ध्वनि र पानीको गुणस्तर मापन गरीने छ।

तालिका १८ः वायु, ध्वनि र पानीको गुणस्तर

विवरण	सूचक	आधारभूत मान
वायुको अवस्था	पि. एम. १० (PM १०)	६६.१ µg/m³
	पि. एम. २.५ (PM २.५)	९८.३ µg/m³ (from IQair.com)
	कार्बन मोनोअक्साइड	-
	TSP	२९२.९ µg/m³
	हावाको गति	०.६ m/s
	हावाको दिशा	२७३.१°
पिउने पानीको अवस्था	टि. एस. एस.	-
	घुलित अक्सिजन	-
	कन्डक्टिभिटी	३७६
	कूल नाइट्रेट	०.०५
	PH	७.६
	ई. कोली	Not detected
	आर्सेनिक	Not detected

पानीको अवस्था	टि. एस. एस.	-	
	घुलित अक्सिजन	-	
	कन्डक्टिभिटी	३७६	
	कूल नाइट्रेट	०.५	
ध्वनिको अवस्था	अधिकतम	न्यूनतम	औषत
अस्पताल निर्माण स्थान	७२	५८	६२
निर्माण स्थान नजिकै सडकमा	८६	६८	७२

श्रोतः स्थलगत सर्वेक्षण, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग (Air Quality Monitoring), रबिन्द्र मेमोरियल अस्पताल

५.२ जैविक वातावरण

प्रस्तावित अस्पताल तराईको समथर जमिनमा पर्दछ। प्रस्तावित अस्पताल कृषियोग्य बाँझो घडेरीमा बनाउन लागिएको हो। यस क्षेत्रमा सहरीकरण बढिरहेको छ र नजिक कुनै वन जंगल भने छैनन्।

वनस्पति

अस्पताल सहरी क्षेत्रमा अवस्थित भएको हुनाले अस्पताल संचालन वरपर कुनै पनि संकटापन्न वनस्पति रहेको छैन। प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव क्षेत्रमा कृषि हुने भएकाले आयोजना क्षेत्रमा आँप, केरा, मेवा, कागती, निम्बु, अनार, कटहर, नास्पाती किम्बु जस्ता फलफुलहरु पाइन्छन। सामान्यतया आयोजना स्थान वरपर पाइने वनस्पतिहरु समग्र रुपमा तलको तालिकामा दिइएको छ ।

तालिका १९: आयोजना क्षेत्रमा पाइने वनस्पतिहरु

त्र.सं.	नेपाली नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम	संरक्षण अवस्था (IUCN)
१	साल	*Shorea robusta*	Sal tree	least Concern
२	भलायो	*Semecarpus anacardium*	Marking nut tree or Oriental cashewunt	least Concern
३	बकेनू	*Melia azedarach*	China berry	least Concern

त्र.सं.	नेपाली नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम	संरक्षण अवस्था (IUCN)
४	बर	*Ficus benghalensis*	Banyan tree	
५	बेल	*Aegle marmelos*	Bael fruit or Bengal quince or Wood apple	Near Threatened
६	तितेपाती	*Artemisia indica*	Mug wort	
७	कास	*Saccharum spontaneum*	Wild Sugarcane	least Concern
८	आँप	*Mangifera indica*	Mango Tree	Data Deficient
९	सिसौ	*Dalbergia sissoo*	Sisau Tree	least Concern
१०	लिच्ची	*litchi chinensis*	lychee	
११	सुपारी	*Arecaceae*	Palms	
१२	लप्सी	*Choerospondias axillaris*	Nepali Hog Plum	least Concern
१३	गुलाफ	*Rosa*	Rose	
१४	कमल	*Nelumbo nucifera*	lotus	
१५	चमेली	*Jasminum*	jasmine	
१६	चम्पा	*Magnolia Champaca*	champak	least Concern
१७	नासपाती	*Pyrus communis*	European Pear	least Concern
१८	कटहर	*Artocarpus integer*	Jackfruit	
१९	किम्बु	*Morus sp*	Mulberry	least Concern
२०	निम्बु	*Citrus aurantiifolia*	Key lime	
२१	कागती	*Citrus limon*	lemon	
२२	अनार	*Punica granatum*	Pomegranate	least Concern
२३	आरु	*Prunus persica*	Peach	
२४	मेवा	*Carica papaya*	Papaya	Data Deficient
२५	केरा	*Musa paradisiaca*	Banana	
२६	दुवो	*Cynodon dactylon*	Bermuda Grass	

जनावर र चराचुरुङ्गीहरू

आयोजना सहरी क्षेत्रमा अवस्थित भएको हुनाले अस्पताल संचालन क्षेत्र वरपर कुनै पनि वन्यजन्तु रिपोर्ट गरिएको छैन। तर कुखुरा, बट्टाई, भंगेरा, काग, कोइली, चिल, सारी, धोबी चरा, तित्रा आदि पंक्षीहरु देख्न सकिन्छ।

तालिका २०: आयोजना क्षेत्रमा पाइने चराहरु

सि.न.	जनावरको विवरण		संरक्षित अवस्था			कैफियत
	नेपाली नाम	वैज्ञानिक नाम	ने.स.	आई.यु.सि.न.	सा.ई.टि.यस	
१.	भंगेरा	*Passer domesticus*		lC		
२.	काग	*Corvus splendens*		lC		
३.	कोइली	*Eudynamys scolopaceus*		lC		
४.	चिल	*Milvus migrans*		lC		
५.	तित्रा	*Francolinus sp*		lC		
६.	धोबी चरा	*Copsychus saularis*		lC		
७.	बटाई	*Coturnix coturnix*		lC		
८.	फिस्टो	*Prinia sp*		lC		

श्रोत : CITES, IUCN, स्थलगत भ्रमण २०७७

नोटः lC=least Concern, NT=Near Threat, VU=Vulnerable, EN=Endangered, DD= Data Deficit

सरीसृप, उभयेचर र जलचर

आयोजना क्षेत्रमा सर्प, छेपारो र गोहोरा जस्ता सरिसृप पाइन्छन भने भ्यागुता जस्ता उभयेचर पाइन्छन । बुदुना, खस्रे (सेतो माछा), गडेरा, सिस्ने, भुइरे, हिले आदि जस्ता माछाहरु आयोजना क्षेत्रमा पाइन्छन् । आयोजना क्षेत्र वरिपरी सहरीकरण बढ्दै गएता पनि सानातिना खोल्सी र खोलानालामा खासै प्रदूषण हुने कार्य भएको देखिदैन र सरीसृप र जलचर प्रजातिको विचरणको अवस्था, बासस्थानको अवस्था स्थिर रहेको अनुमान गर्न सकिन्छ ।

५.३ आर्थिक, सामाजिक र साँस्कृतिक वातावरण

प्रस्तावित अस्पताल धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका-२३, बिरेन्द्रनगर (बेला) मा पर्दछ। २०६८ को जनगणना अनुसार धनुषा जिल्लाको कुल जनसंख्या ७५४,७७७ रहेको थियो भने २०७८ को जनगणनाको प्रारम्भिक नतिजा अनुसार ८७३,२७४ रहेको छ। जसमध्ये ३७६,२३९ (४९.८५ प्रतिशत) महिला र ३७८,५३८ (५०.१५ प्रतिशत) पुरुष रहेका थिए भने जनगणना २०७८ का अनुसार ४३८९३९ (५०.२६ प्रतिशत) महिला र ४३४३३५

(४९.७४ प्रतिशत) पुरुष छन्।त्यसैगरी जनकपुरधाम उपमहानगरपालिका कुल जनसंख्या १०३,०८३ रहेको छ, जसमध्ये ४६,९७८ (४५.५७ प्रतिशत) महिला र ५६,१०५ (५४.४३ प्रतिशत) पुरुष रहेको छ भने जनकपुरधाम उपमहानगरपालिकाको जनगणना २०७८ का अनुसार जम्मा जनसंख्या १९५,४३८ रहेको छ जसमा महिला ९५,०२१ (४८.६२ प्रतिशत) र पुरुष १००,४१७ (५१.३८ प्रतिशत) रहेको छ ।

आयोजना प्रभावित जिल्ला

जनसांख्यीक विवरण

प्रस्तावित अस्पतालले धनुषा जिल्लालाई प्रभावित पार्ने देखिन्छ।आयोजना प्रभावित जिल्लाको जनसांख्यीक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २१: आयोजना प्रभावित जिल्लाको जनसांख्यीक विवरण (जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार)

विवरण	धनुषा जिल्ला
जनसंख्या	८७३,२७४
घरधुरी संख्या	१८०,८३२
लैंगिक अनुपात (प्रतिशत महिलामा पुरुषको संख्या)	१०१.०४
परिवारको औसत आकार	४.८३
जनसंख्या वार्षिक वृद्धिदर (२०११-२०२१)	१.४
क्षेत्रफल (वर्ग कि.मि.)	१,१८०
जनघनत्व (जना प्रति वर्ग कि.मि.)	७४०.०६

श्रोत : राष्ट्रिय जनगणना २०७८(प्रारम्भिक नतिजा), के.त.वि.

जातीगत जनसंख्या, धर्म र मातृभाषा

राष्ट्रिय जनगणना २०६८ मा धनुषा जिल्लामा ८० भन्दा बढि जातजाती, ८ भन्दा बढि धर्म, ४० भन्दा बढि मातृभाषा र २५ भन्दा बढि दोस्रो भाषाहरुको गणना भएको छ। त्यसै गरी दैलेख जिल्लामा २७ भन्दा बढि प्रकारको जातजाती, ६ भन्दा बढि धर्म, १२ भन्दा बढि मातृभाषा र २.२५% जति दोस्रो भाषाहरुको प्रयोग गर्ने गणना भएको छ।

तालिका २२: आयोजना प्रभावित जिल्लाको जातीगत जनसंख्या

धनुषा जिल्ला					
जातजाती	संख्या	प्रतिशत	जातजाती	संख्या	प्रतिशत
क्षेत्री	१०,०६५	१.३३	तामांग	९,४५३	१.२५
मगर	८,६६३	१.१५	नेवार	४,५४०	०.०६
कामी	४,३५५	०.५८	मुसलमान	६३,६९७	८.४४
ब्राह्मण-पहाडी	१०,२८१	१.३६	यादव	१३२,००७	१७.४९
ठकुरी	३००	०.०४	राई	७४१	०.१०
दमाई/ढोली	१,४४३	०.१९	लिम्बु	११९	०.०४
सार्की	१,३५६	०.१८	तेली	३९,२११	५.२०
थारु	४,३९९	०.५८	चामर/हरिजन/राम	२८,४१०	३.७६
दशनामी/सन्यासी	१,४२७	०.१९	कोइरी/कुशवाहा	३८,१६५	५.०६
गुरुङ	३७९	०.०५	कुर्मी	९,५७१	१.२७
धानुक	३७,७८२	५.०१	केवात	४५,९६४	६.०९
मुसहर	१९,९०४	२.६४	ब्राह्मण-तराई	२२,२६७	२.९५
दुसध/पासवान/पासी	१८,५९६	२.४६	कथ्बनियाँन	६,२८२	०.८३
शेर्पा	६९	०.०१	घर्ति/भुजेल	१,१५६	०.१५
सोनार	७,९३८	१.०५	मल्लाह	९,६२३	१.२७
कलवार	७,६४०	१.०१	कानु	१,३६३	०.१८
कुमाल	१,१७०	०.१६	राजबंसी	५९	०.०१
हजाम/ठाकुर	१०,९१७	१.४५	सुनुवार	१,८६४	०.२५
सुधी	३२,८३७	४.३५	धोबी	६,२३३	०.८३
लोहर	४,८२०	०.६४	माझी	१,५२६	०.२०
तत्मा/तत्वा	२५,९९४	३.४४	नुनिया	५,४८४	०.७३
खात्वे	१७,१९८	२.२८	कुम्हर	७,४७९	०.९९
दनुवार	६,१८८	०.८२	बाँतर/सरदार	७६१	०.१०
चेपांग/प्रजा	१५	०.०००१	बराई	१३,३८९	१.७७

धनुषा जिल्ला					
जातजाती	संख्या	प्रतिशत	जातजाती	संख्या	प्रतिशत
हलुवाई	१०,९९६	१.४६	राजभर	८८	०.०१
राजपुत	३,४४८	०.४६	धिमाल	१२	०.०००१
कायस्थ	६,१५५	०.८२	भोटे	३८६	०.०५
बधाई	२,४६६	०.३३	बिन	२०,७८१	२.७५
मारवाडी	९९५	०.१३	गडेरी/भेधर	४,५७१	०.६१
सतर/सन्थाल	३३	०.०००२	याक्खा	२४२	०.०३
झाँगड/धगर	४९७	०.०७	पहरी	१३	०.०००१
माली	१,८५३	०.२५	ल्होमी	३२	०.०००१
बंगाली	७१०	०.०९	कलर	२०	०.०००१
डोम	१,२१७	०.१६	नातुवा	३४५	०.०५
बडी	२०१	०.०३	धन्कर/खरिकर	५६२	०.०७
मेचे	१३०	०.०२	चामलिंग	१२	०.००२
हलखोर	१,०१६	०.१३	सर्बरिया	३०४	०.०४
पन्जाबी/शिख	९८४	०.१३	अमात	७२६	०.१०
धुनिया	१,२७३	०.१७	अन्य	१,१५६	०.१५
राउटे	५६	०.०१	दलित अन्य	२९४	०.०४
पत्थर्कत्ता/कुशवादिया	३०	०.०००१	तराई अन्य	९,५१६	१.२६
देव	१५	०.०००१	नखुलेको अन्य जाति	५३०	०.०७
कहर	१२	०.०००१			

श्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि.

तालिका २३: आयोजना प्रभावित जिल्लामा धर्मावलम्बीहरुको अवस्था

धर्म	धनुषा जिल्ला	
	संख्या	प्रतिशत
हिन्दु	६७४,३६७	८९.३५
बौद्ध	११,२२०	१.४९
क्रिस्चियन	६५२	०.०९
ईस्लाम	६३,०९९	८.३६
प्रकृति	५६८	०.०८
क्रिस्चियन	६५२	०.०९
जैन	९	०.००१
बहई	४	०.०००५
शिख	११	०.००१
अपरिभाषित	४,६८२	०.६२
कुल जम्मा	७५४,७७७	१००.००

श्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि.

तालिका २४: जनकपुरधाम उपमहानगरपालिकामा बोलिने प्रमूख मातृभाषाहरु

धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका					
मातृभाषा	**संख्या**	**प्रतिशत**	**मातृभाषा**	**संख्या**	**प्रतिशत**
नेपाली	४,५४२	२.८०	लिम्बु	३७	०.०२
मैथली	१४२,०९२	८७.६२	बज्जिका	२७	०.०२
थारु	१००	०.०६	उर्दु	७,२७६	४.४९
भोजपुरी	२१९	०.१४	तामाङ्ग	१६५	०.१०
गुरुङ	४३	०.०३	शेर्पा	१३	०.०१
हिन्दी	४७५	०.२९	सुनूवार	२१०	०.१३
नेवारी	३९०	०.२४	बंगाली	३९	०.०२
मगर	३९	०.०२	राजस्थानी	५७०	०.३५
मेचे	१३०	०.०२	राई	४९	०.०३
मगाही	४,५४५	२.८०	याक्खा	६६	०.०४
ल्होमी	३२	०.०२	अन्य	६२	०.०४
डोटेली	१४२	०.०९	जानकारी नभएको	९०९	०.५६
कुल जम्मा				**१६२,१७२**	**१००.००**

श्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि.

आयोजना प्रभावित गाउँपालिका/नगरपालिका

प्रस्तावित अस्पताल धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिकालाई प्रभावित पर्ने देखिन्छ।

जनसांख्यीक विवरण

आयोजना प्रभावित पालिकहरुको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार २४६,२०९ जना रहेको छ, जसमा महिला १२६,३५४ जना र पुरूष ११९,८५७ जना छन्।

तालिका २५: आयोजना प्रभावित गाउँपालिका/नगरपालिकाको जनसंख्याको विवरण

आयोजना प्रभावित न.पा./गा.पा.	घर धुरी	जनसंख्या		
		कुल	पुरुष	महिला
जनकपुरधाम उपमहानगरपालिका	३०,५८९	१६२,१७२	८४,२७६	७७,८९६

श्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि.

खानेपानी

आयोजना क्षेत्रको मुख्य खानेपानीको श्रोत भनेको बोर होलद्वारा जमिन मुनिको पानी हो। सुख्खा समयमा तराईका नदीनाला सुक्ने भएकाले अन्य प्रयोजनका लागि पनि विशेष गरी बोर होलको पानी नै प्रयोग गरिन्छ। जनकपुरधाम उपमहानगरपालिका प्रयोग हुने खानेपानीको श्रोतहरु तलको तालिकामा देखाइएको छ।

तालिका २६: आयोजना प्रभावित गाउँपालिका/नगरपालिकामा खानेपानीको मुख्य श्रोत

गाउँपालिका/ नगरपालिका	खानेपानीको मुख्य श्रोत							
	जम्मा घरधुरी	धारा तथा पाईप द्वारा	ट्युब वेल/चाँप कल	छोपिए को कुवा	ढाकिए को कुवा	नदी/ खोला	अन्य	थाहा नभए को
जनकपुरधाम उपमहानगरपालिका	३०,५८९	३,०२३	२६,४१३	९१	३६	४६	११	४६१

श्रोतः केन्द्रीय तथ्याँक विभाग, २०६८

साक्षरता स्थिति

प्रस्तावित आयोजना क्षेत्रमा पुरूष साक्षरता दर ७८.३० र महिला साक्षरता दर ६०.३६ प्रतिशत रहेको देखिन्छ। आयोजना क्षेत्रमा पुरुस र महिला बीच साक्षरता दर धेरैनै फरक रहेको पाइएको छ।

तालिका २७: आयोजना प्रभावित गाउँपालिका/नगरपालिकाको साक्षरता

गा.पा./न.पा.	लिंग	५ बर्ष भन्दा माथिको जनसंख्या	जनसंख्या जसले			माध्यमिक (९-१०)	एस.एल.सी तथा समान
			सुरुवाती	प्राथमिक (१-५)	निम्न माध्यमिक (६-८)		
जनकपुरधाम उपमहानगरपालिका	दुबै	९५,०१२	२,६६३	२९,१२७	१६,७५६	१२,४८३	१२,४८३
	पुरुष	५६,२९७	१,५०९	१५,७४३	९,१८९	७,५७४	७,५४२
	महिला	३८,७१५	१,१५४	१३,३८४	७,५६७	४,९४१	४,९४१
	उच्च शिक्षा तथा समान	स्नातक वा सो बराबर	स्नातकोत्तर वा सो भन्दा माथि	अन्य	अनौपचारिक शिक्षा	स्तर नजनाइएको	
	१०,५७४	६,५४४	१,८२८	१७४	१,४४६	९३०	
	७,०१७	४,९४९	१,४८५	९९	६६७	५२३	
	३,५५७	१,५९५	३४३	७५	७७९	४०७	

श्रोतः केन्द्रीय तथ्याँक विभाग, २०६८

तालिका २८: आयोजना प्रभाव क्षेत्रमा ५ वर्ष भन्दा बढीको जनसंख्या

गा.पा./न.पा.	लिंग	५ बर्ष भन्दा माथिको जनसंख्या	जनसंख्या जसले			उल्लेख नभएको	साक्षरता दर
			पढ्न र लेख्न सक्छन्	पढ्न मात्र सक्छन्	पढ्न र लेख्न सक्दैनन्		
जनकपुरधाम उपमहानगरपालिका	दुबै	१४८,०७४	९४,३३३	३,९३५	४९,६५३	१५३	६३.७१
	पुरुष	७६,९८१	५५,९६०	१,९५२	१९,०१३	५६	७२.६९
	महिला	७१,०९३	३८,३७३	१,९८३	३०,६४०	९७	५३.९८

श्रोतः केन्द्रीय तथ्याँक विभाग, २०६८

६.३.३ आयोजना प्रभावित वडा

प्रस्तावित अस्पतालले जनकपुरधाम उपमहानगरपालिकाको वडा नं. २३ लाई प्रभावित पर्ने देखिन्छ।

जनसांख्यीक विवरण

आयोजना प्रभावित वडाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ४५,२७२ जना रहेको छ, जसमा महिला २३,३९२ जना र पुरूष २१,८८० जना छन्। आयोजना प्रभावित वडाहरुमा ९,००६ घर धुरीहरु छन्।

तालिका २९: आयोजना प्रभावित वडाहरुको जनसंख्याको विवरण

आयोजना प्रभावित न.पा./गा.पा.	आयोजना प्रभावित वडा	घर धुरी	जनसंख्या		
			कुल	पुरुष	महिला
जनकपुरधाम उपमहानगरपालिका	२३	११९२	६९४५	३४०७	३५३८

श्रोतः केन्द्रीय तथ्याँक विभाग, २०६८

६.३.४ आयोजनाले प्रभाव पर्ने क्षेत्रको विवरण (घरधुरी तथा जनसंख्या)

रोजगारी/पेशा/व्यवसाय

आयोजना प्रभावित क्षेत्रमा धेरैजसो मानिसहरु (६०% भन्दा बढी) कृषि र पशु पालनमा आधारित छन् भने २०% मानिसहरु ज्याला/मजदुरीमा निर्भर छन्। आयोजना प्रभावित क्षेत्रका १४.३९% मानिसहरु व्यवशायमा आधारित भएको पाइएको छ भने २०% घरधुरी बाट कम्तिमा एकजना विदेश गएको पनि पाइएको छ। आयोजना क्षेत्रमा जागिरमा निर्भर मानिसहरु न्युन (५%) छन्। (श्रोत : स्थलगत भ्रमण २०७७, आयोजना प्रभावितहरु संग छलफल)

कृषि उत्पादन

आयोजना क्षेत्रमा धेरै जसो मानिसहरु कृषिमा निर्भर रहेको पाइएको छ। नेपालको अन्य ठाउँमा जस्तै यहाँ पनि धान, गहुँ, मकै आदि बालि लगाउने चलन छ। सिंचाइको सुबिधा भएको ठाउँमा ३ बालि सम्म लगाउने गरिन्छ। आयोजना क्षेत्र मुख्यतः तरकारी, टमाटर, आलु, प्याज, अदुवा र बेसर उत्पादन गर्ने क्षेत्रको रुपमा लिन सकिन्छ। ऊखु, आँप, तम्बाखु, केरा जस्ता नगदे वाली पनि उत्पादन हुन्छ।

सिंचाई प्रणाली

आयोजना क्षेत्रमा नदी, पोखरी र बोरहोलको पानी सिचाईको रुपमा प्रयोग गरिन्छ।

स्वास्थ्य र सरसफाई

आयोजना क्षेत्रको विद्यमान स्वास्थ्य स्थितिलाई विश्लेषण गर्दा यस क्षेत्रमा सर्ने र नसर्ने दुवै प्रकारका रोगको प्रकोप देखिन्छ। आयोजना क्षेत्रमा भएका स्वास्थ्य चौकीहरुको अनुसार यस क्षेत्रमा मुटु सम्बन्धी रोग (उच्च रक्तचाँप, हृदयघात, कार्डिएक अरेस्ट आदि) बाट ग्रसितहरुको सङ्ख्या बढी रहेको छ। यस बाहेक यस क्षेत्रमा मधुमेह, क्रोनिक अब्सट्रक्टिभ पुल्मोनरी डिजिज, पखाला रोग, तल्लो श्वासप्रणाली संक्रमण, दम, निमोनिया जस्ता रोगहरु प्रबल छन्।

आयोजना क्षेत्रमा सामान्य रोगहरुको उपचार तथा स्वास्थ्य सेवाको सुबिदा भएता पनि ठुला र खतरनाक रोगहरुको उपचारको लागि काठमाण्डौ, भरतपुर वा भारत सम्म पुग्नुपर्ने हुन्छ। आयोजना क्षेत्रमा सहरीकरण तिब्र रुपमा बढिरहेकोले निर्माण कार्य र बिहारी जीवनशैलीको प्रभावले सरसफाइको अवस्थामा पनि कमी कमजोरीहरु देखिन्छ। धेरै जस्तो घरहरुमा शौचालयको व्यवस्था छ भने केही समुदायहरुले खुल्ला दिशापिसाव गर्ने गरेको पनि देखिन्छ।

फोहोरमैला व्यवस्थापन

वाथरुम र शौचालयबाट निस्केको फोहोर पानीलाई जनकपुरधाम उपमहानगरपालिकाको ढल निकासमा पठाइन्छ र हरेक घरहरुले फोहोरको व्यवस्थापन पनि उपमहानगरपालिका गर्दै आएको छ। यस क्षेत्रमा बाँसी खानाहरु पशुधनलाई दिने, कुहिने फोहोरहरु गाड्ने र जलाउन मिल्ने फोहोरहरु जलाउने चलन छ।

ऊर्जा

आयोजना क्षेत्रमा खाना पकाउन दाउरा एकदम न्यून प्रयोग गरिन्छ र एल.पि. ग्यासको उच्च प्रयोग भएको पाइएको छ भने बत्ति बाल्नको लागि नेपाल बिधुत प्राधिकरणद्वारा वितरित बिजुली प्रयोग भएको पाइएको छ। मोटरसाइकल र गाडीहरुको लागि पेट्रोल र डिजेल इन्धनको प्रयोग हुने गर्दछ।

साँस्कृतिक मान्यता, चालचलन र परम्परा

आयोजना क्षेत्रमा बसोबास गर्ने विभिन्न जात-जाति तथा समुदायका मानिसहरुले छठ, दशैं, तिहार, रामनवमी, जानकीनवमी, विवाह पन्चमी, माघे सक्रान्ति, होलि, कृष्ण जन्माष्टमी, बकर्रर् ईद, उदल ईद फितर, बुद्द जयन्ति, झुला पर्वर जस्ता चाडपर्वहरु मनाउन्छन्। यी चाडपर्वहरू बाहेक यहाँका वासिन्दाहरूले आफ्नो आफ्नो परम्परा अनुसारका चाडपर्वहरू मनाउने गर्दछन्। स्थानीय स्तरमा वोलिने भाषा नेपाली, मैथिली, भोजपुरी, हिन्दी, उर्दु, थारु छन्। यहाँ प्रमुख पोशाकको रुपमा धोति, कुरुता, पेन्ट, शर्ट, कोट, गुन्यु चोली, सारी व्लौज लगाईन्छ। यहाँ विवाहा, ब्रतबन्ध, न्वारन आदी उत्सवहरूमा पनि माथी उल्लेखीत सांस्कृतीक कार्यक्रमहरूको आयोजना गर्ने प्रचलन रहेको छ।

प्रस्तावित अस्पताल देखि ४ कि. मि. दुरीमा नेपाल तथा भारतको प्रसिद्ध धार्मिक स्थल, राजा महर्षि जनकको पुण्यभूमि, माता जानकीको पवित्र जन्मस्थल जानकी मन्दिर रहेको छ। त्यस्तै श्रीरामचन्द्र भगवानले आफ्नो वाणबाट जमिनको पानी निकाली नुहाएको स्थान गंगासरको नामले प्रसिद्ध

छ। जनकपुरधाममा पहिला ७२ वटा पोखरी रहेको तर हाल ५२ पोखरी रहेका छन् त्यसैले जनकपुरधामलाई पोखरीको सहर भनेर चिन्निन्छ।

परिच्छेद ६

प्रस्तावको विकल्प विश्लेषण

नेपाल सरकारले स्वास्थ्य क्षेत्रलाई संघिय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रदत्त नागरीकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिच्क्षित गर्ने कुरामा जोड दिएको छ।स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गर्ने रणनीति रहेको छ ।

त्यसकारण प्रस्तावको कार्यान्वयन बाहेक अरु विकल्प नै नभएको स्थितिमा प्रस्ताव कार्यान्वयन गर्ने अवधारणा भित्र रही यस विकल्पको अध्ययन गरिएको छ।

प्रस्ताव कार्यान्वयन गर्दा निम्न क्षेत्र समावेश गरी विकल्पहरुको विश्लेषण गरिएको छ।

क) डिजाइनः
ख) आयोजना स्थलः
ग) संचालन विधि, समय-तालिकाः
घ) प्रयोग हुने कच्चा पदार्थः
ङ) वातावरणीय व्यवस्थापनः

विकल्पहरुको विश्लेषण तथा विकल्पहरुको कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल तथा प्रतिकूल प्रभावको तुलनात्मक आंकलन गरी प्रस्तुत गरिएको छ।

तालिका ३०: वैकल्पिक विश्लेषणको तालिका

विकल्प	विश्लेषण	अनुकूल वातावरणीय प्रभाव	प्रतिकूल वातावरणीय प्रभाव
विकल्प १			
डिजाइन	यस अस्पतालको भवन डिजाइन स्वीकृत गराउँदा भवन ऐन, २०५५ को दफा ८ बमोजिम भवन वर्गीकरण गरिएको छ, साथै सम्बन्धित निकायबाट भवन संहिता स्वीकृत गराएको छ र भवन निर्माण गर्दा भवन संहिताले तोकेको स्तर अनुरुप निर्माण गर्नेछ	भवन सुरक्षा तथा प्रकोप जोखिम न्यून	छैन

आयोजना स्थल	आयोजनाको स्थल जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ मा प्रस्ताव गरिएको छ ।आयोजना स्थल वरपर १००० मि. भित्र प्रस्तावित आयोजना स्तरको अस्पताल नरहेको साथैआयोजनालाई आवश्यक जग्गा निजी रहेको र बाँझो जग्गा उपलब्ध रहेको छ ।	स्वास्थ्य सेवामा स्थानीयको पहुँच हुने	स्वास्थ्य सेवा जन्य फोहोरमैला उत्सर्जन भई वातावरणमा प्रातिकूल प्रभाव हुने साथै स्थानीय क्षेत्रमा अतिरिक्त चाँप बढ्ने
संचालन विधि र समय तालिका	-अस्पताल संचालन गर्नका लागि आवश्यक पूर्वाधार सम्बन्धी मापदण्डलाई पालना गरिने छ -आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय र चेन्जिङ कक्ष रहने -चौबीसै घण्टा आकस्मिक सेवा संचालन गरिनेछ ।	स्वास्थ्य सेवामा स्थानीयको पहुँच हुने	छैन
प्रयोग हुने कच्चा पदार्थ	-अस्पताल भवन निर्माण गर्नको लागि मुख्य रुपमा गिट्टी, बालुवा, सिमेन्ट, फलामको छड, ईट्टा आदि कच्चा पदार्थको रुपमा प्रयोग गर्ने ।		
वातावरणीय व्यवस्थापन योजना	-स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापनको लागि अतोक्लेभिंङ गरी संक्रमित फोहोरलाई संक्रमण रहित पार्ने, मानव अङ्ग तथा तन्तुहरुलाई बायोपिटमा विसर्जन गर्ने -समय अवधि समाप्त भएका औषधीलाई उत्पादक कम्पनीलाई फिर्ता गर्ने, मर्करी फ्री उपकरणहरु प्रयोग गर्ने -ठोस फोहोरमैलाको लागि श्रोतमा नै वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरलाई छुट्याइने छ भने कुहिने	प्रभाव न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्ने मद्धत	छैन

	फोहोरमैलाको जैविक मल बनाउने तथा पुनः प्रयोगियलाई संक्रमण रहित पारी प्रयोग गरिने र पुन चक्रिय फोहोरमैलालाई बिक्रि गरिने छ -संक्रमित फोहोर पानी प्रशोधन गर्नको लागि फोहोर पानी प्रशोधन गर्ने यन्त्र जडान गर्ने र फोहोर पानी प्रशोधन पश्चाद मात्र ढलमा निकास गर्ने -वैकल्पिक उर्जाको श्रोतको लागि सोलार प्रविधि प्रयोग गर्ने -भूमिगत पानीको श्रोत पुनः भरण गर्न रिचार्ज पिट निर्माण गर्ने -आकाशे पानी संकलन गर्ने प्रविधिको प्रयोग गर्ने।		
विकल्प २			
डिजाइन	-भवन डिजाइन स्वीकृत गराउँदा भवन ऐन २०५५ को दफा ८ बमोजिम भवन वर्गीकरण गरेर गरेको छ। साथै सम्बन्धित निकायबाट भवन संहिता स्वीकृत गराएको छ र भवन निर्माण गर्दा भवन संहिताले तोकेको स्तर अनुरुप निर्माण गर्नेछ ।	भवन सुरक्षा तथा प्रकोप जोखिम न्यूनीकरण	छैन
आयोजना स्थल	गनिनाथ गोविन्दा हेल्थ फाउन्डेसनको नाममा रहेको कृषियोग्य जग्गामा निर्माण गर्दा भित्र पट्टि रहेको, पहुँच सडकको कमि रहेको।	छैन	कृषियोग्य जमिनको प्रयोग
संचालन र समय तालिका	आकस्मिक कक्ष ,अल्ट्रा साउण्ड , ओटी तथा अन्य ,प्रयोगशाला ,एक्सरे स्टेचर ,ट्रली/वार्ड मा व्हील चेयर संचालन गर्ने	छैन	स्वास्थ्य सेवामा स्थानीयको पहुँचमा अप्ठ्यारो

	-आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय र चेन्जिङ कक्ष नरहदा -चौबीसै घण्टा आकस्मिक सेवा संचालन गर्न नसकेको अवस्थामा		
प्रयोग हुने कच्चा पदार्थ	अस्पताल भवन निर्माण गर्नको लागि मुख्य रुपमा गिट्टी, बालुवा, सिमेन्ट, फलामको छड, ईट्टा आदि कच्चा पदार्थको रुपमा प्रयोग गर्ने ।	छैन	छैन
वातावरणीय व्यवस्थापन योजना	-स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापनको लागि इन्सिनेरेटर प्रयोग गरी फोहोरलाई जलाउने -मर्करीयुक्त उपकरणहरु प्रयोग गर्ने -ठोस फोहोरमैला वर्गीकरण नै नगरी विसर्जन गर्ने -विकिरण फोहोरको लागि कुनै पनि प्रकारको व्यवस्थापन नगर्ने - संक्रमित पानीलाई सिधै ढलमा निकास गर्ने -जेनेरेटर को प्रयोग गर्ने -भूमिगत पानीको श्रोत पुनः सिचन गर्ने कुनै पनि प्रविधि प्रयोग नगर्ने	छैन	उल्लेखेनीय वातावरणीय प्रतिकूल प्रभाव पर्ने/जनस्वास्थ्यमा प्रभाव पर्ने
विकल्प ३			
डिजाइन	-भवन डिजाइन स्वीकृत गराउँदा भवन ऐन २०५५ को दफा ८ बमोजिम भवन वर्गीकरण गरेर गरेको छ। साथै सम्बन्धित निकायबाट भवन संहिता स्वीकृत गराएको छ र भवन निर्माण गर्दा भवन संहिताले तोकेको स्तर अनुरुप निर्माण गर्नेछ ।	भवन सुरक्षा तथा प्रकोप जोखिम न्यूनीकरण	छैन

आयोजना स्थल	आयोजनाको स्थल जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ मा प्रस्ताव गरिएको छ ।आयोजना स्थल वरपर ५०० मि. भित्र प्रस्तावित आयोजना स्तरको अस्पताल नरहेको साथैआयोजनालाई आवश्यक जग्गा निजी रहेको र बाँझो जग्गा उपलब्ध रहेको छ ।	स्वास्थ्य सेवामा स्थानीयको पहुँच हुने	स्वास्थ्य सेवा जन्य फोहोरमैला उत्सर्जन भई वातावरणमा प्रतिकूल प्रभाव हुने साथै स्थानीय क्षेत्रमा अतिरिक्त चाँप बढ्ने
संचालन प्रक्रिया र समय तालिका	-आकस्मिक कक्ष, अल्ट्रा साउण्ड, एक्सरे, प्रयोगशाला, ओटी तथा अन्य वार्ड मा व्हील चेयर/ट्रली, स्टेचर संचालन गर्ने -आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय र चेन्जिङ कक्ष नरहदा -चौबीसै घण्टा आकस्मिक सेवा संचालन गर्न नसकेको अवस्थामा	छैन	स्वास्थ्य सेवामा स्थानीयको पहुँचमा अप्ठ्यारो
प्रयोग हुने कच्चा पदार्थ	अस्पताल भवन निर्माण गर्नको लागि मुख्य रुपमा गिट्टी, बालुवा, सिमेन्ट, फलामको छड, ईट्टा आदि कच्चा पदार्थको रुपमा प्रयोग गर्ने ।	छैन	छैन
वातावरणीय व्यवस्थापन योजना	-स्वास्थ्य सेवाजन्य फोहोरमैला व्यवस्थापनको लागि इन्सिनेरेटर प्रयोग गरी फोहोरलाई जलाउने -मर्करीयुक्त उपकरणहरु प्रयोग गर्ने -ठोस फोहोरमैला वर्गीकरण नै नगरी विसर्जन गर्ने -विकिरण फोहोरको लागि कुनै पनि प्रकारको व्यवस्थापन नगर्ने - संक्रमित पानीलाई सिधै ढलमा निकास गर्ने	छैन	उल्लेखनीय वातावरणीय प्रतिकूल प्रभाव पर्ने/जनस्वास्थ्यमा प्रभाव पर्ने

	-जेनेरेटर को प्रयोग गर्ने -भूमिगत पानीको श्रोत पुनः सिचन गर्ने कुनै पनि प्रविधि प्रयोग नगर्ने		

यसरी विभिन्न विकल्पहरुको विश्लेषण गरी अध्ययन गर्दा विकल्प १ प्राविधिक, सामाजिक-आर्थिक तथा वातावरणीय हिसाबले उपयुक्त विकल्पको रुपमा छनौट गरिएको छ।

परिच्छेद ७

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपाय

प्रस्ताब कार्यान्वनका क्रममा हुने अनुकूल र प्रतिकूल प्रभावहरू यस आयोजनाका लागि पहिचान, आंकलन, विश्लेषण र मूल्याङ्कन गरिएको छ जसलाई निम्न खण्डमा वर्णन गरिएको छ । प्रस्ताब कार्यान्वनका क्रममा हुने सकारात्मक प्रभावहरुलाइ उप खण्ड ७.१ मा ब्याख्या गरिएको छ भने प्रतिकूल प्रभावहरुलाई उप खण्ड ७.२ मा ब्याख्या गरिएको छ । प्रभाव मूल्याङ्कनको कार्य गर्दा अध्ययन बिधिमा उल्लेख गरिए अनुसार अनुकूल प्रभाव तथा प्रतिकूल प्रभावहरुलाई प्रभावको अवधि, प्रकार, परिमाण र सीमा किटान गरी वातावरणीय प्रभावको तह निर्धारण गरिएको छ। यस चरणमा पहिचान वा पूर्वानुमान नगरिएका कुनै पनि प्रतिकूल प्रभाव वा लाभदायक प्रभाव यदि पछि निर्माण वा संचालन अवधिमा पत्ता लगाइयो भने उक्त प्रभावहरुको न्यूनीकरण वा अभिवृद्धि गर्ने कार्य स्वयं प्रस्तावकको हुनेछ ।

७.१ सकारात्मक प्रभाव

७.१.१ निर्माण अवधि

(क) स्थानीय स्तरमा रोजगारीको अवसर

यस अस्पतालको निर्माण कार्यले स्थानीय वासिन्दाको रोजगारीको अवसर सिर्जना गर्दछ । अस्पताल निर्माण कार्यको लागि स्थानीय जनशक्तिलाई प्राथमिकता दिने हुँदा स्थानीय दक्ष, अर्ध-दक्ष र अदक्ष जनशक्तिहरु यस आयोजनाबाट लाभान्वित हुनेछन्। यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र अल्पकालीन रहनेछ । तसर्थ, यसको प्रभाव प्रत्यक्ष तथा धेरै औचित्यवान् (direct and highly significant) हुनेछ ।

(ख) प्राविधिक सीपमा अभिवृद्धि

आयोजना निर्माणका लागि विभिन्न दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिहरु आवश्यक पर्दछ जस्तैः इन्जिनियर, डकर्मी, सिकर्मी, इलेक्ट्रीसियन, पलम्बर, वेल्डर, हेल्फर आदि । यो उनीहरुले आफ्नो सीपहरु अझ रामोसंग विकास गरी र नयाँ टेक्नोलोजीहरु सिकी आफु आझा अब्बल बन्ने अवसर पनि हो। यो प्रभाव मध्यम परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष तथा धेरै औचित्यवान (direct and highly significant) रहनेछ ।

(ग) आर्थिक गतिविधिमा वृद्धि

अस्पताल निर्माण हुँदा स्थानीय निर्माण व्यवसायीको व्यापार बढ्नेछ । त्यस्तै अस्पताल संचालन पश्चात त्यस क्षेत्रको वरपरको बजार बढ्नुका साथै त्यस क्षेत्रमा चहलपहल बढ्छ । सबैभन्दा धेरै मेडिकल, फलफूल, क्यान्टिन जस्ता व्यवसायिक अवसर प्राप्त हुने देखिन्छ। यसको प्रभावको मान

उच्च, फैलावट विशेष तथा अवधि दिर्घकालिन हुनेछ। तसर्थ, यसको प्रभाव प्रत्यक्ष तथा धेरै औचित्यवान् (direct and highly significant) हुनेछ ।

७.१.२ संचालन अवधि

(क) स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी सुविधा

यस अस्पतालको स्थापनासंगै स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा सुविधाबाट लाभान्वित हुने देखिन्छ ।यसको प्रभावको मान उच्च, फैलावट स्थानीय तथा अवधि दिर्घकालिन हुनेछ । तसर्थ, यसको प्रभाव प्रत्यक्ष तथा धेरै औचित्यवान् (direct and highly significant) हुनेछ ।

(ख) स्थानीय स्तरमा रोजगारीको अवसर

यस अस्पतालको संचालन अवधिमा स्थानीय वासिन्दालाई रोजगारीको अवसर सिर्जना हुनेछ । अस्पताल संचालन हुँदा जम्मा ३७४ जना कर्मचारीहरु कार्यरत हुनेछन्।जसमध्ये ३४५ जना कर्मचारीहरु क्लिनिकल सेवाका लागि रहनेछन्, १६ जना कर्मचारी सुशासन तथा अस्पताल व्यवस्थापनका लागि रहनेछन् र १३ जना कर्मचारी अस्पताल सहयोग सेवाका लागि आवश्यक पर्नेछ।यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र अल्पकालीन रहनेछ । तसर्थ, यसको प्रभाव प्रत्यक्ष तथा धेरै औचित्यवान् (direct and highly significant) हुनेछ ।

(ग) स्थानीय सरकारलाई राजस्व संकलनको अवसर

यस अस्पताल स्थापनाबाट स्थानीय सरकारलाई राजश्व संकलन हुने हुँदा स्थानीय सरकारलाई प्रत्यक्ष लाभको अवसर हुनेछ भने सो राजश्वलाई अन्य विकासको क्षेत्रमा प्रयोग गर्नको लागि अवसर प्राप्त हुनेछ।यसको प्रभावको मान उच्च, फैलावट विशेष तथा अवधि दिर्घकालिन हुनेछ। तसर्थ, यसको प्रभाव प्रत्यक्ष तथा धेरै औचित्यवान् (direct and highly significant) हुनेछ ।

(घ) स्थानीय अर्थ बजारमा वृद्धि

अस्पतालको संचालन अवधिमा आगन्तुक, बिरामी, बिरामी कुरुवा र अन्य कर्मचारीहरुको संख्या उल्लेखनीय रुपमा वृद्धि हुनेछ जसले आयोजना क्षेत्र वरपर रहेको अर्थ बजारमा आर्थिक कारोबारको वृद्धि हुनेछ।उक्त प्रभाव न्यून परिमाण, स्थानीय सिमा र दिर्घकालिन अवधिको अप्रत्यक्ष रहनेछ ।

(ङ) अस्पतालको संस्थागत सामाजिक उत्तरदायित्व वहन मार्फत स्थानीय लाभान्वित

अस्पतालले स्थानीय चासो र आवश्यकताको आधारमा विभिन्न सामुदायिक कार्यक्रमहरुलाई सहयोग पुर्याउनेछ।उक्त प्रभाव न्यून परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

(च) विपन्न, असाहाय र बेवारिसे व्यक्तिलाई निःशुल्क उपचार सुविधा

रविन्द्र मेमोरियल अस्पातालले संचलान भैसकेपछि विपन्न, असाहाय, र बेवारिसे बिरामीका लागि कुल शैय्याको १०% शैय्या छुटाई निःशुल्क उपचार गर्नेछ जसबाट विपन्न, असाहाय, र बेवारिसे

बिरामीले स्वास्थ्य सेवा प्राप्त गर्नेछन्। उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

तालिका ३१: सकारात्मक प्रभावको परिमाण, सीमा, अवधि तथा उल्लेखनीयता म्याट्रिक्स

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको प्रकृति				जम्मा अंकमान र उल्लेखनीयता
		प्रकार	परिमाण	सिमा	अवधि	
निर्माण चरण						
स्थानीय स्तरमा रोजगारीको अवसर	यस अस्पतालको निर्माण कार्यले स्थानीय वासिन्दाको रोजगारीको अवसर सिर्जना गर्दछ । अस्पताल निर्माण कार्यको लागि स्थानीय जनशक्तिलाई प्राथमिकता दिने हुँदा स्थानीय दक्ष, अर्ध दक्ष- र अदक्ष जनशक्तिहरु यस आयोजनाबाट लाभान्वित हुनेछन्।	प्रत्यक्ष	मध्यम-२० (२०)	स्थानीय-२० (२०)	अल्पकालीन-०५	उल्लेखनीय (४५)
प्राविधिक सीपमा अभिवृद्धि	आयोजना निर्माणका लागि विभिन्न दक्ष , अर्धदक्ष तथा अदक्ष जनशक्तिहरु आवश्यक पर्दछ जस्तै ,इन्जिनियर : डकर्मी, सिकर्मी , ,पलम्बर ,इलेक्ट्रीसियन हेल्फर आदि ,वेल्डर ।यो उनीहरुले आफ्नो सीपहरु अझ राम्रोसँग विकास गरी र नयाँ टेक्नोलोजीहरु सिकी	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (०५)	उल्लेखनीय (४५)

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको प्रकृति				जम्मा अंकमान र उल्लेखनीयता
		प्रकार	परिमाण	सिमा	अवधि	
	आफु अझ बढी अब्बल बन्ने अवसर पनि हो।					
स्थानीय सरकारलाई राजस्व संकलनको अवसर	अस्पताल निर्माण हुँदा स्थानीय निर्माण व्यवसायीको व्यापार बढ्नेछ ।त्यस्तै अस्पताल संचालन पश्चात त्यस क्षेत्रको वरपरको बजार बढ्नुका साथै त्यस क्षेत्रमा चहलपहल बढ्छ । मेडिकल, फलफूल पसल, होटल जस्ता व्यावसायिक अवसरहरु पाउन सक्छन् ।	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	अल्पकालीन (०५)	उल्लेखनीय (४५)
संचालन चरण						
स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी सुविधा	यस अस्पतालको स्थापनासंगै स्थानीय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवा सुविधाबाट लाभान्वित हुने देखिन्छ ।यसको प्रभावको मान उच्च , फैलावट स्थानीय तथा अवधि दिर्घकालिन हुनेछ ।	प्रत्यक्ष	उच्च (६०)	क्षेत्रीय (२०)	दिर्घकालिन (२०)	धेरै उल्लेखनीय (१००)

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको प्रकृति				जम्मा अंकमान र उल्लेखनीयता
		प्रकार	परिमाण	सिमा	अवधि	
स्थानीय स्तरमा रोजगारीको अवसर	यस अस्पतालको संचालन अवधिमा स्थानीय वासिन्दालाई रोजगारीको अवसर सिर्जना हुनेछ । अस्पताल संचालन हुँदा जम्मा ३७४ जना कर्मचारीहरु कार्यरत हुनेछन्। जसमध्ये ३४५ जना कर्मचारीहरु क्लिनिकल सेवाका लागि रहनेछन् ,१६ जना कर्मचारी सुशासन तथा अस्पताल व्यवस्थापनका लागि रहनेछन् र १३ जना कर्मचारी अस्पताल सहयोग सेवाका लागि आवश्यक पर्नेछ।	प्रत्यक्ष	मध्यम-२० (२०)	स्थानीय-२० (२०)	दिर्घकालिन-२०	उल्लेखनीय (६०)
स्थानीय सरकारलाई राजस्व संकलनको अवसर	यस अस्पताल स्थापनाबाट स्थानीय सरकारलाई राजश्व संकलन हुने हुँदा स्थानीय सरकारलाई प्रत्यक्ष लाभको अवसर हुनेछ भने सो राजश्वलाई अन्य विकासको क्षेत्रमा प्रयोग गर्नको लागि अवसर प्राप्त हुनेछ।	प्रत्यक्ष	उच्च-६०	क्षेत्र विशेष-१०	दिर्घकालिन-२०	धेरै उल्लेखनीय (९०)

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको प्रकृति				जम्मा अंकमान र उल्लेखनीयता
		प्रकार	परिमाण	सिमा	अवधि	
स्थानीय अर्थ बजारमा वृद्धि	अस्पतालको संचालन अवधिमा आगन्तुक , बिरामी ,बिरामी कुरुवा र अन्य कर्मचारीहरुको संख्या उल्लेखनीय रुपमा वृद्धि हुनेछ। जसले आयोजना क्षेत्र वरपर रहेको अर्थ बजारमा आर्थिक कारोबारको वृद्धि हुनेछ।	प्रत्यक्ष/अप्रत्यक्ष	निम्न -१०	स्थानीय-२०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
विपन्न , असाहाय र बेवारिसे व्यक्तिलाई नि-शुल्क उपचारको व्यवस्था	रविन्द्र मेमोरियल अस्पातालले संचालन भैसकेपछि विपन्न , र बेवारिसे ,असाहाय बिरामीका लागि कूल शैय्याको १०% शैय्याका बिरामीहरुलाई निशुल्क उपचार सेवा प्रदान गरिने छ।	प्रत्यक्ष	मध्यम-२०	स्थानीय-२०	दिर्घकालिन-२०	उल्लेखनीय (६०)

७.२ नकारात्मक प्रभाव

कुनै पनि आयोजनाको निर्माण तथा संचालन/मर्मत चरणमा विभिन्न खालका सकारात्मक तथा नकारात्मक प्रभावहरु देखा पर्नु स्वाभाविक मानिन्छ । यस्तै प्रस्तावित आयोजनामा पनि प्रस्तावित क्षेत्र वरिपरी विभिन्न प्रतिकूल प्रभावहरु देखिन्छ जसलाई निम्नानुसार ब्याख्या गरिएको छ ।

७.२.१ निर्माण अवधि

भौतिक वातावरण

क) निर्माण कार्यबाट उत्सर्जन हुने फोहोरमैलाबाट पर्ने प्रभाव

अस्पताल निर्माण अवधिमा विभिन्न प्रकारका फोहोरमैला जस्तै इट्टाको टुक्रा, बालुवा, ढुंगा, बाँकी रहेका फलामका छड तथा खाली सिमेन्टका बोराहरू ठोस फोहोरमैलाका रुपमा उत्सर्जन हुने देखिन्छ । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ख) निर्माण अवधिमा उत्सर्जन हुने तरल फोहोरबाट पर्ने प्रभाव

आयोजना निर्माण अवधिमा प्रयोग हुने बालुवा सफा गर्दा त्यसबाट तरल फोहोर उत्सर्जन हुने देखिन्छ । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ग) कामदारहरुद्वारा ठोस फोहोर निस्कासनबाट पर्ने प्रभाव

कामदारहरुद्वारा मुख्यतयाः कुहिने तथा नकुहिने फोहोरहरु उत्सर्जन हुने देखिन्छन् । उत्सर्जन हुने फोहोरमा जस्तै प्लास्टिकका टुक्रा, खेर गएका खानेकुरा आदि पर्छन् । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

घ) भूमिगत पानीको निष्कासनले पर्ने प्रभाव

निर्माण चरणमा भूमिगत पानीको निकासी उच्च मात्रामा रहने गर्दछ । यदि पानीको निकासी रिचार्ज भन्दा बढी हुन गएमा वरपरको क्षेत्रहरुमा जमिन मुनिको पानीको मात्रामा कमिको सम्भावना हुनेछ । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ङ) वायु प्रदुषणबाट पर्ने प्रभाव

आयोजना निर्माण अवधिमा निर्माण सामाग्रीहरु ढुवानीका कारणले योजना स्थलमा वायु प्रदुषण हुने देखिन्छ साथै अस्पताल भवनको परिस्करण तथा टायलहरु राख्ने क्रममा पनि वायु प्रदुषण हुने देखिन्छ । उक्त प्रभाव निम्न परिमाण, स्थलगत सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहने छ ।

च) ध्वनि प्रदुषणबाट पर्ने प्रवाव

निर्माण कार्यमा प्रयोग हुने मेशिनहरु जस्तै भाई-ब्रेटर, जेनेरेटर आदिले ध्वनि प्रदुषण गर्दछ । साथै गाडीको आवत जावतका कारण पनि ध्वनि प्रदुषण हुनेछ ।

उक्त प्रभाव निम्न परिमाण, स्थलगत सिमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

छ) निर्माण क्षेत्र वरपर जमिनमा अस्थिरताबाट पर्ने प्रभाव

निर्माण कार्य गर्दा मुख्यतयाः जगको लागि जमिन खन्ने, ढलान काट्ने भारी काट्ने, भारी सामानको प्रयोग तथा अग्लो भवन निर्माणले भार थेग्न नसकी विद्यमान क्षेत्रको भू-स्थिरतामा परिबर्तन हुन सक्छ । जसले गर्दा त्यस वरपर क्षेत्रमा पनि नकारात्मक प्रभाव पर्न सक्छ । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

जैविक वातावरण

क) शहरी जैविक विविधतासग सम्बन्धित प्रभाव

अस्पताल निर्माण गर्दा त्यस क्षेत्रमा पर्ने संरचना निर्माण भई खाली रहेको जग्गाको स्वरुप परिवर्तन हुनेछ । उक्त प्रभाव निम्न परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

सामाजिक — आर्थिक तथा साँस्कृतिक वातावरण

क) यातायात सुविधामा चाँप

निर्माण अवधिमा कामदारहरुको आवागमनमा भैरहने हुँदा यातायातमा चाँप हुन सक्छ । मानिसको संख्यामा वृद्धि सँगै पहुँच तथा उपलब्ध रहेको सामाजिक सेवाहरु जस्तै पानी, बिजुलीमा थप चाँप सिर्जना हुनेछ । उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ख) बालश्रम को प्रयोगबाट पर्ने प्रभाव

अस्पताल निर्माण अवधिमा ठेकेदारले बालबालिकाहरुको प्रयोग गर्न सक्छ । बालबालिकाहरुलाई श्रममा प्रयोग गर्नु कानून बिपरित हुन्छ । उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ग) पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव

निर्माण चरणमा बिभिन्न जनशक्ति हरु संलग्न हुने गर्दछन । काम गर्ने क्रममा ती जनशक्तिमा चोटपटक तथा दुर्घटना हुन सक्छ । वेल्डरको सुन्नेको समस्या हुन सक्छ, कामदार दुर्घटनामा पर्न सक्छ, इलेक्त्रिसियनलाई विद्युतिय झट्का आदि हुन सक्छ । यसको अलावा उनीहरुको स्वासप्रस्वासमा समेत समस्या देखा पर्न सक्छ । उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

घ) लैंगिक विभेदबाट पर्ने प्रभाव

आयोजनाको निर्माण अवधिमा विभिन्न कामदारहरु निर्माण कर्यमा संलग्न रहने छन जसमा महिला र पुरुष कामदारहरु सहभागी रहन सक्छन्। यसरी कार्यस्थलमा महिला र पुरुषलाई समान कामको लागि फरक ज्याला प्रदान गर्न सक्छन् जसबाट लैंगिक विभेद सृजना हुन सक्छ । उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र अल्पकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

७.२.२ संचालन अवधि

भौतिक वातावरण

क) स्वास्थ्य सेवा फोहोरमैला उत्सर्जनबाट पर्ने प्रभाव

अस्पताल संचालन सँगै विभिन्न प्रकारका जोखिमयुक्त र जोखिम रहित फोहोर उत्पन्न गर्दछन्। स्वास्थ्य सेवा जन्य फोहोरमा संक्रमित सामाग्रीहरु (ग्लोब, मास्क, कपास, ब्लड ब्याग आदि) विकिरणयुक्त सामाग्री, मानव अंगहरु, म्याद नाघेका औषधिहरु, तिखो साधनहरु जस्तै (सुई, चक्कु, ग्लासका टुक्रा आदि) पर्छन्। यी फोहोरको उचित ब्यबस्थापन हुन नसके मानव स्वास्थ्यमा ठुलो समस्या देखा पर्न सक्दछ । उक्त प्रभाव उच्च परिमाण, स्थलगत सीमा र दीर्घकालीन आधीको प्रत्यक्ष रहनेछ ।

ख) ठोस फोहोरमैला उत्सर्जनबाट पर्ने प्रभाव

अस्पताल संचालनको क्रममा स्वास्थ्य सेवाजन्य फोहोर बाहेक अन्य ठोस फोहोरमैला (कुहिने र नकुहिने) फोहोर पनि उत्सर्जन हुने गर्दछ। अस्पतालको क्यान्टिन र वार्डबाट प्लास्टिक, कागज, खेर गएका खानेकुरा आदि फोहोर निस्कन्छन्। यी फोहोरको उचित ब्यवस्थापन हुन् नसके स्थानीय वातावरण प्रदुषण हुन सक्छ । उक्त प्रभाव उच्च परिमाण, स्थलगत सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

ग) फोहोर पानी उत्सर्जनबाट पर्ने प्रभाव

मुख्यतया संक्रामक फोहोरपानी प्रयोगशालाहरु, अपरेसन थिएटर, X-Ray, डीस्इन्फेक्सन र सरसफाईबाट उत्सर्जन हुन्छन् र अन्य फोहोर पानी शौचालय, भान्छाघर, बाथरुम आदिबाट उत्सर्जन हुन्छन्। यस प्रकारको संक्रमित फोहोर पानी अन्य पानीको श्रोतमा मिसिन गई सतही तथा भूमिगत पानी प्रदुषण हुने देखिन्छ। उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

घ) वायु प्रदुषणबाट पर्ने प्रभाव

अस्पताल संचालनको क्रममा जेनेरेटर प्रयोग गर्दा र सवारी साधनको आवत जावत हुँदा स्थानीय वायु प्रदुषण हुन सक्दछ । यसले गर्दा स्थानीय जानस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने देखिन्छ । उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

ङ) ध्वनि प्रदुषणबाट पर्ने प्रभाव

ध्वनि प्रदुषणको प्रमुख कारण भनेको सवारी साधनको अवातजवात तथा जेनेरेटरको प्रयोग रहनेछ ।यसका साथै अक्सिजन सिलिन्डर लोड र अनलोड गर्दाको समयमा पनि ध्वनि प्रदुषण हुनेछ।

यसले गर्दा स्थानीय जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने देखिन्छ । उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

च) माटो प्रदुषणबाट पर्ने प्रभाव

अस्पताल संचालन सँगै निस्कासन हुने फोहोरमैला तथा फोहोर पानीको उचित ब्यबस्थापन हुन नसकेकोमा नजिकको माटो प्रदुषित गर्न सक्दछ। यसबाहेक जनरेटर र अन्य मेसिनरी पार्टबाट तेल चुहिने जस्ता क्रियाकलापले माटो प्रदुषण हुन सक्छ । उक्त प्रभाव निम्न परिमाण, स्थलगत सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

छ) अस्पताल संचालनको लागि आवश्यक उर्जा आपूर्ती

अस्पताल, संचालन चरणमा उपचारका लागि प्रयोग हुने आधुनिक उपकरणहरु जस्तै X-Ray, MRI, ECG मेशिनले उच्च मात्रामा विद्युत खपत गर्दछ साथै हिटर, भेन्टिलेटर र अन्य विद्युतिय उपकरणहरुको पनि उच्च मात्रामा विद्युत खपत गर्दछ । यसले स्थानीय विद्युत आपूर्तिमा भार पर्दछ । उक्त प्रभाव निम्न परिमाण, स्थलगत सिमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

ज) भूमिगत पानीको निष्कासनबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव

अस्पताल निर्माण पश्चात १५०,००० लिटर पानीको आवश्यकता पर्ने देखिन्छ । अस्पतालले डिप बोरिंग जडान गरि आवाश्यक पानीको आपूर्ति गर्ने योजना बनाएको छ । अस्पतालको दैनिक पानीको आवश्यकता अधिक रहेको छ । अत्यधिक मात्रामा भूमिगत पानीको निष्कासन गरेमा पानीको सतहमा ह्रास आउन सक्दछ । उक्त प्रभाव उच्च परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिमा प्रत्यक्ष रहनेछ ।

झ) विकिरणीय उपकरणबाट विकिरणको जोखिम

विकिरणको मुख्य श्रोतका रुपमा X-Ray, MRI, ECG मेशिन र फोटोकेमिकल तरलको बाइप्रोडक्ट हुनेछन् । यस्तो विकिरणको प्रत्यक्ष सम्पर्कमा आएमा उक्त व्यक्तिको स्वास्थ्य समस्या देखापर्न सक्छ । लामो समय सम्म विकिरणको प्रत्यक्ष सम्पर्कमा रहेको मानिस ब्लड क्यान्सर तथा ट्युमरबाट ग्रस्त हुन सक्दछ ।उक्त प्रभाव उच्च परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ञ) विकिरणयुक्त फोहोरबाट पर्ने प्रभाव

विकिरणयुक्त फोहोरको उचित ब्यवस्थापन नगरेमा यसले मानव स्वास्थ्यमा समस्या देखा पर्न सक्दछ । यस बाहेक ब्यवस्थापनको कमीले वातावरणमा पनि प्रभाव पर्दछ । उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ट) रसायनिक तथा धातुजन्य फोहोर

अस्पताल संचालन सँगै विभिन्न प्रकारका रासायनिक फोहोर उत्पन्न हुने देखिन्छ । यी फोहोरको उचित व्यवस्थापन नगरिए स्थानीय क्षेत्र तथा अस्पतालका कामदारलाई समस्या हुनेछ। अस्पतालमा पारोको प्रयोग हुन्छ । पारो वरपर रहेको पानीको प्रत्यक्ष सम्पर्कमा आउदा विषालु Methyl Mercury मा परिवर्तन हुन्छ जुन सजिलै मानिसको रक्तप्रवाहामा प्रवेश गर्दछ र मस्तिस्कलाई असर गर्दछ ।उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

ठ) भूमिगत पानी दूषित भई त्यसबाट पर्ने प्रभाव

अस्पतालले अधिक मात्रामा फोहोर पानी निष्कासन गर्दछ, उक्त पानी कुनै कारणले भूमिगत श्रोतमा मिसिन गएमा भूमिगत पानीको श्रोत प्रदुषण हुने देखिन्छ।उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

ड) X-Ray, धातु तथा म्याद नाघेका रसायनको ब्यवस्थापन

X-Ray ले विकिरण फल्दछ जसको प्रभाव मानव स्वास्थ्यमा देखा पर्दछ । यस्तै म्याद नाघेका रसायनको व्यवस्थापन नगरिए पनि मानव स्वास्थ्य तथा वातावरणमा प्रभाव देखा पर्दछ।उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

ढ) अस्पतालबाट निष्कासन हुने रासायनिक पदार्थबाट पर्ने प्रभाव

अस्पतालबाट निस्कासन हुने विभिन्न प्रकारका फोहोरहरु बाहेक अन्य रसायनहरु पनि निष्कासन हुने गर्दछन्।त्यस प्रकारका रसायनहरुमा मुख्यतयाः फर्माशिटीकल फोहोरमेलाहरु पर्दछन्। यसको उचित ब्यवस्थापन नगरिए मानव स्वस्थ्यामा नकारात्मक प्रभाव पर्न सक्छ। उक्त प्रभाव मध्यम परिमाण, स्थानीय सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण

क) पेशागत स्वास्थ्य र कर्मचारी सुरक्षा

अस्पताल संचालन सँगै विभिन्न पेशाका थुप्रै जनशक्तिहरु संलग्न हुन्छन्। केहि कामदारहरु जोखिमयुक्त वस्तुको सम्पर्कमा पनि हुन सक्छन्, जुन अस्थायी वा स्थायी हुन सक्छन् । जोखिमयुक्त वस्तुको सम्पर्कमा आउने जनशक्तिहरुमा श्वासप्रश्वास सम्बन्धी समस्याहरु जस्तै ARTIs, COPDs, मुटु रोगहरु, श्रावण शक्तिमा समस्या आदिको जोखिम हुन सक्दछ । उक्त प्रभाव उच्च परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ख) अस्पताल क्षेत्रमा स्वास्थ्य तथा सरसफाइको कमीले पर्ने प्रभाव

अस्पताल संचालन हुँदा विभिन्न प्रकारका जोखिमयुक्त फोहोरहरु निष्कासन हुने गर्दछन्।यी फोहोरहरुको निष्कासन हुने ठाउँमै वर्गीकरण गर्ने, ढुवानी गर्ने, व्यवस्थापन गर्ने कार्य नगरिएको खण्डमा अस्पताल क्षेत्र दुर्गन्धित हुने र अस्पताल भित्रको शौचालयहरु, पर्खिने स्थल तथा अन्य आगन्तुकहरुको आवतजावत भै रहने स्थलमा सरसफाईमा कमी भई आगन्तुकहरुको जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ।उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ग) गुनासो सम्बोधन संयन्त्र

अस्पताल व्यवस्थापन समितिले संचालन चरणमा स्थानीय समुदायबाट गुनासोहरु प्राप्त गर्ने सम्भावना रहन्छ।अस्पताल संचालनको चरणमा स्थानीयको माग, सेवा, सामुदायिक बिकासको लागि वित्तीय सहयोग सम्बन्धि गुनासो व्यवस्थापन मुख्य चासो रहन्छ।उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ।

घ) सामजिक श्रोत र पुर्वाधारहरुमा चाँप

अस्पताललाई स्थानीय श्रोत र पूर्वाधार जस्ता सेवाहरु जस्तै बिजुली, पानी आपुर्ती, फोहोर व्यवस्थापन र उपमहानगरपालिकाको निकासी प्रणाली सुविधा आवाश्यक पर्दछ ।यस आवश्यकता पूर्ति गर्दा वर्तमान अवस्थामा विद्यमान सामुदायिक श्रोताहरुमा छाप तथा दवाब पर्दछ।उक्त प्रभाव निम्न परिमाण, स्थानीय सीमा र दीर्घकालीन अवधिको प्रत्यक्ष रहनेछ ।

ङ) कानून र व्यवस्था

अस्पताल संचालन अवधिमा त्यहाँ बिरामी तथा कुरुवाको संख्यामा वृद्धि हुनेछ । उपचारको क्रममा बिरामी पक्ष तथा अस्पताल कर्मचारी/प्राविधिक पक्ष बीचमा असमझदारी स्रीजना भएको खण्डमा त्यस क्षेत्रको कानून र व्यवस्थामा मानिसको आवागमान बढ्नेछ र जनसंख्या बढ्नेछ र जनसंख्या वृद्धि हुँदा त्यस क्षेत्रको व्यस्था र आदेशको पालना गर्न कठिनाई हुनेछ।यसैकारण

त्यहाँको कानूनी व्यवस्थामा प्रभाव पर्न सक्दछ। उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

च) लैंगिक विभेद तथा कार्यस्थलमा हुने यौनजन्य हिंसा

अस्पताल संचालन अवधिमा विभिन्न पेशागत कामदारहरु कार्यरत रहने छन्। कार्यस्थलमा हुने यौनजन्य हिँसा हुन सक्ने सम्भावना पनि रहन सक्छ । उक्त प्रभाव निम्न परिमाण, स्थलगत सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ।

छ) यातायात व्यवस्थापनमा कठीनाई

अस्पतालको नियमित संचालन सँगै बिरामी तथा कुरुवाको आगमन बढ्नेछ। साथै अस्पतालका कर्मचारी/ प्राविधिकहरुको ओहोरदोहोर पनि भैरहने भएकोले सवारी साधनको संख्यामा वृदि हुने क्रममा पार्किंग क्षेत्रको अभावले यातायात व्यवस्थापनमा समस्या उत्पन्न हुन सक्दछ। उक्त प्रभाव मध्यम परिमाण, स्थलगत सीमा र दिर्घकालिन अवधिको प्रत्यक्ष रहनेछ ।

तालिका ३२: नकारात्मक प्रभावको परिमाण, सीमा, अवधि तथा उल्लेखनीयता

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको तह निर्धारण				र जम्मा अङ्कमान उल्लेखनियता
		प्रकार	परिमाण	सिमा	अवधि	
निर्माण अवधि						
भौतिक वातावरण						
निर्माण सामग्रीबाट फोहोरमैला उत्सर्जन	निर्माण गतिविधिले ठोस फोहोरमैला उत्सर्जन गरी स्थानीय वातावारणमा नकारात्मक प्रभाव पर्नेछ ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत -१० ५	अल्पकालीन-५	नगण्य (३५)
निर्माण अवधिमा उत्सर्जन हुने तरल	निर्माण अवधिमा बालुवा सफा गर्दा फोहोर पानी उत्सर्जन भई सतही पानी प्रदुषण हुने सम्भावना रहन सक्छ ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत -१० ५	अल्पकालीन-५	नगण्य (३५)

फोहोरबाट पर्ने प्रभाव						
कामदारद्वरा ठोस फोहोर निष्कासनबाट पर्ने प्रभाव	कामदारहरुद्वारा कुहिने तथा नकुहिने फोहोरहरु जस्तै प्लास्टिकका टुक्रा, खानेकुरा आदि उत्पन्न गर्दछ । जसको उचित ब्यबस्थापन नभएको खण्डमा स्थानीय वातावारणमा प्रतिकूल प्रभाव पर्नेछ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (२५)
भूमिगत पानीको निस्कसनले पर्ने प्रभाव	अत्यधिक पानी निष्कासनले भूमिगत पानीको सतहमा ह्रास आउने देखिन्छ ।	अप्रत्यक्ष	मध्यम -२०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (३५)
वायु प्रदुषणबाट पर्ने प्रभाव	निर्माण अवधिमा निर्माण समाग्रिहरु ढुवानीका कारणले योजना स्थलमा वायु प्रदुषण हुने देखिन्छ साथै अस्पताल भवनको परिस्करण तथा टायलहरु राख्ने क्रममा पनि वायु प्रदुषण हुने देखिन्छ । जसले गर्दा स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिन्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (२५)
ध्वनि प्रदुषणबाट पर्ने प्रवाव	निर्माण कार्यमा प्रयोग हुने मेशिनहरु जस्तै भाई-ब्रेटर, जेनेरेटर आदिले ध्वनि प्रदुषण गर्दछ । साथै गाडीको आवत जावतका कारण पनि ध्वनि प्रदुषण गर्दछ जसले गर्दा त्यस वरपर क्षेत्रको जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (२५)
निर्माण क्षेत्र वरपर जमिनमा अस्थिरताबाट पर्ने प्रभाव	निर्माण कार्य गर्दा मुख्यतयाः जगको लागि जमिन खन्ने, ढलान काट्ने भारी काट्ने, भारी सामानको प्रयोग तथा अग्लो भवन निर्माणले भार थेग्न नसकी विद्यमान क्षेत्रको भू-स्थिरतामा परिबर्तन हुन सक्छ ।	प्रत्यक्ष	मध्यम-१०	स्थलगत-१०	दिर्घकालिन-२०	उल्लेखनीय (४०)
जैविक वातवरण						
शहरी जैविक विविधतासँग सम्बन्धित प्रभाव	अस्पताल निर्माण गर्दा त्यस क्षेत्रमा पर्ने संरचना निर्माण भई खाली रहेको जग्गाको स्वरुप परिवर्तन हुनेछ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत-१०	दिर्घकालिन-२०	उल्लेखनीय (४०)

सामाजिक — आर्थिक तथा साँस्कृतिक वातावरण						
यातायात सुविधामा चाँप	निर्माण अवधिमा कामदारहरुको आवागमनमा भैरहने हुँदा यातायातमा चाँप हुन सक्छ। मानिसको संख्यामा वृद्धि सँगै पहुँच तथा उपलब्ध रहेको सामाजिक सेवाहरु जस्तै पानी, बिजुलीमा थप चाँप सिर्जना हुनेछ ।	अप्रत्यक्ष	निम्न -१०	स्थानीय -२०	अल्पकालीन-५	नगण्य (३५)
बालश्रम को प्रयोगबाट पर्ने प्रभाव	अस्पताल निर्माण अवधिमा ठेकेदारले बालबालिकाहरुको प्रयोग गर्न सक्छ । बालबालिकाहरुलाई श्रममा प्रयोग गर्नु कानून बिपरित हुन्छ।	अप्रत्यक्ष	मध्यम -२०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (३५)
पेशागत स्वास्थ्य र सुरक्षाबाट पर्ने प्रभाव	निर्माण चरणमा बिभिन्न जनशक्तिहरु संलग्न हुने गर्दछन्। काम गर्ने क्रममा ती जनशक्तिमा चोटपटक तथा दुर्घटना हुन सक्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	अल्पकालीन-५	नगण्य (२५)
लैंगिक विभेदबाट पर्ने प्रभाव	महिला र पुरुष कामदारहरु सहभागी रहन सक्छन्। यसरी कार्यस्थलमा महिला र पुरुषलाइ समान कामको लागि फरक ज्याला प्रदान गर्न सक्छन् जसबाट लैंगिक विभेद सृजना हुन सक्छ ।	प्रत्यक्ष	निम्न- १०	स्थानीय -२०	अल्पकालीन-५	नगण्य (३५)
संचालन अवधि						
भौतिक वातावरण						
स्वस्थय सेवा फोहोरमैला उत्सर्जनबाट पर्ने प्रभाव	स्वास्थ्य सेवा फोहोरको उचित ब्यबस्थापन हुन नसके मानव स्वास्थ्यमा ठुलो समस्या देखा पर्न सक्दछ ।	प्रत्यक्ष	उच्च -६०	स्थलगत- १०	दिर्घकालिन-२०	उल्लेखनीय धेरै (९०)
ठोस फोहोरमैला उत्सर्जनबाट पर्ने प्रभाव	ठोस फोहोरमैलाको उचित ब्यबस्थापन हुन नसके स्थानीय वातावरण प्रदुषण हुन सक्छ र मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिन्छ ।	प्रत्यक्ष	उच्च -६०	स्थलगत- १०	दिर्घकालिन-२०	उल्लेखनीय धेरै (९०)
फोहोर पानी उत्सर्जनवाट पर्ने प्रभाव	संक्रामक फोहोरपानी प्रयोगशालाहरु, अपरेसन थिएटर, X-Ray, डीस्इन्फेक्सन र सरसफाईबाट उत्सर्जन हुन्छन् र अन्य फोहोर पानी शौचालय,	अप्रत्यक्ष	मध्यम -२०	स्थानीय- २०	दिर्घकालिन-	उल्लेखनीय (६०)

	भान्छाघर, बाथरुम आदि बाट उत्सर्जन हुन्छन् र अन्य फोहोर पानी शौचालय, भान्छाघर, बाथरुम आदिबाट उत्सर्जन हुनेछ । यस प्रकारको संक्रमित फोहोर पानी अन्य पानीको श्रोतमा मिसिन गई सतही तथा भूमिगत पानी प्रदुसण हुने देखिन्छ र वातावारणमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ ।					
वायु प्रदुषणबाट पर्ने प्रभाव	जेनेरेटर प्रयोग गर्दा र सवारी साधनको आवत जावत हुँदा स्थानीय वायु प्रदुषण हुन सक्दछ । यसले गर्दा स्थानीय जानस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थानीय -२०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
ध्वनि प्रदुषणबाट पर्ने प्रभाव	ध्वनि प्रदुषणको प्रमुख कारण भनेको सवारी साधनको अवातजवात तथा जेनेरेटरको प्रयोग रहनेछ । यसका साथै अक्सिजन सिलिन्डर लोड र अनलोड गर्दाको समयमा पनि ध्वनि प्रदुषण हुनेछ ।	प्रत्यक्ष	निम्न -१०	स्थानीय -२०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
माटो प्रदुषणबाट पर्ने प्रभाव	अस्पताल संचालन सँगै निस्कासन हुने फोहोरमैला तथा फोहोर पानीको उचित ब्यबस्थापन हुन नसकेकोमा नजिकको माटो प्रदुषित गर्न सक्दछ । यसबाहेक जनरेटर र अन्य मेसिनरी पार्टबाट तेल चुहिने जस्ता क्रियाकलापले माटो प्रदुषण हुन सक्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	दिर्घकालिन-२०	नगण्य (४०)
अस्पताल संचालनको लागि आवश्यक उर्जा आपुर्ती	अस्पताल, संचालन चरणमा उपचारका लागि प्रयोग हुने आधुनिक उपकरणहरु जस्तै X-Ray, MRI, ECG मेशिनले उच्च मात्रामा विद्युत खपत गर्दछ साथै हिटर, भेन्टिलेटर र अन्य विद्युतिय उपकरणहरुको पनि उच्च मात्रामा विद्युत खपत गर्दछ । यसले स्थानीय विद्युत आपूर्तिमा भार पर्दछ ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत- १०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
भूमिगत पानीको निष्कासनबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव	आवश्यक पानीको आपूर्तिको लागि अस्पतालले डिप बोरिंग जडान गरी आवाश्यक पानीको आपूर्ति गर्ने योजना बनाएको छ । अस्पतालको दैनिक पानीको आवश्यकता अधिक रहेको छ । अत्यधिक मात्रामा भूमिगत पानीको निष्कासन गरेमा पानीको सतहमा ह्रास आउन सक्दछ ।	अप्रत्यक्ष	उच्च -६०	स्थानीय- २०	दिर्घकालिन-२०	धेरै उल्लेखनीय (१००)

विकिरणीय उपकरणबाट विकिरणको जोखिम	विकिरणको मुख्य श्रोतका रुपमा X-Ray, MRI, ECG मेशिन र फोटोकेमिकल तरलको बाइप्रोडक्ट हुनेछन् । यस्तो विकिरणको प्रत्यक्ष सम्पर्कमा आएमा उक्त व्यक्तिको स्वास्थ्य समस्या देखापर्न सक्छ।लामो समय सम्म विकिरणको प्रत्यक्ष सम्पर्कमा रहेको मानिस ब्लड क्यान्सर तथा ट्युमरबाट ग्रस्त हुन सक्दछ।	प्रत्यक्ष	उच्च -६०	स्थलगत- १०	दिर्घकालिन-२०	धेरै उल्लेखनीय (९०)
विकिरणयुक्त फोहोरबाट पर्ने प्रभाव	विकिरणयुक्त फोहोरको उचित ब्यबस्थापन नगरेमा यसले मानव स्वास्थ्यमा समस्या देखा पर्न सक्दछ । यस बाहेक ब्यबस्थापनको कमीले वातावरणमा पनि प्रवाव पर्दछ ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत- १०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
रसायनिक तथा धातुजन्य फोहोर	अस्पताल संचालन सँगै विभिन्न प्रकारका रसायनिक फोहोर उत्पन्न हुने देखिन्छ । यी फोहोरको उचित व्यवस्थापन नगरिए स्थानीय क्षेत्र तथा अस्पतालका कामदारलाई समस्या हुनेछ । अस्पतालमा पारोको प्रयोग हुन्छ । पारो वरपर रहेको पानीको प्रत्यक्ष सम्पर्कमा आउदा विषालु Methyl Mercury मा परिवर्तन हुन्छ जुन सजिलै मानिसको रक्तप्रवाहामा प्रवेश गर्दछ र मस्तिस्कलाई असर गर्दछ ।	प्रत्यक्ष	मध्यम -२०	स्थानीय- २०	दिर्घकालिन-२०	उल्लेखनीय (६०)
भूमिगत पानी दूषितभई त्यसबाट पर्ने प्रभाव	अस्पतालले अधिक मात्रामा फोहोर पानी निष्कासन गर्दछ, उक्त पानी कुनै कारणले भूमिगत श्रोतमा मिसिन गएमा भूमिगत पानीको श्रोत प्रदुषण हुने देखिन्छ ।	अप्रत्यक्ष	मध्यम -२०	स्थानीय- २०	दिर्घकालिन-२०	उल्लेखनीय (६०)
X-Ray, धातु तथा म्याद नाघेका रसायनको ब्यबस्थापन	X-Ray ले विकिरण फल्दछ जसको प्रभाव मानब स्वास्थ्यमा देखा पर्दछ । यस्तै म्याद नाघेका रसायनको व्यवस्थापन नगरिए पनि मानव स्वास्थ्य तथा वातावरणमा प्रभाव देखा पर्छ ।	अप्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	दिर्घकालिन-२०	उल्लेखनीय (४०)
अस्पतालबाट निष्कासन हुने रासायनिक पदार्थबाट पर्ने प्रभाव	यसको उचित ब्यबस्थापन नगरिए मानव स्वस्थ्यामा नकारात्मक प्रभाव पर्न सक्छ ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत -१०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)

सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण						
पेशागत स्वास्थ्य र कर्मचारी सुरक्षा	अस्पताल संचालन सँगै विभिन्न पेशाका थुप्रै जनशक्तिहरु संलग्न हुन्छन्। केहि कामदारहरु जोखिमयुक्त वस्तुको सम्पर्कमा पनि सक्छन्, जुन अस्थायी वा स्थायी हुन सक्छन् । जोखिमयुक्त वस्तुको सम्पर्कमा आउने जनशक्तिहरुमा स्वासप्रस्वास सम्बन्धी समस्याहरु जस्तै ARTIs, COPDs, मुटु रोगहरु , श्रवण शक्तिमा समस्या आदिको जोखिम हुन सक्दछ ।	प्रत्यक्ष	उच्च -६०	स्थानीय -२०	दिर्घकालिन-२०	धेरै उल्लेखनीय (१००)
अस्पताल क्षेत्रमा स्वास्थ्य तथा सरसफाइको कमीले पर्ने प्रभाव	अस्पताल संचालन हुँदा विभिन्न प्रकारका जोखिमयुक्त फोहोरहरु निष्कासन हुने गर्दछन । यी फोहोरहरुको निष्कासन हुने ठाउमै वर्गीकरण गर्ने, ढुवानी गर्ने, व्यवस्थापन गर्ने कार्य नगरिएको खण्डमा अस्पताल क्षेत्रमा संक्रमण बढ्न सक्छ।	प्रत्यक्ष	मध्यम -२०	स्थलगत -१०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)
गुनासो सम्बोधन संयन्त्र	अस्पताल व्यवस्थापन समितिले संचालन चरणमा स्थानीय समुदायबाट गुनासोहरु प्राप्त गर्ने सम्भावना रहन्छ । अस्पताल संचालनको चरणमा स्थानीयको माग, सेवा, सामुदायिक बिकासको लागि वित्तीय सहयोग सम्बन्धि गुनासो व्यवस्थापन मुख्य चासो रहन्छ ।	प्रत्यक्ष	निम्न -१०	स्थानीय-२०	दिर्घकालिन-२०	उल्लेखनीय(५०)
सामजिक श्रोत र पुर्वाधारहरुमा चाँप	अस्पताललाई स्थानीय श्रोत र पूर्वाधार जस्ता सेवाहरु जस्तै बिजुली, पानी आपुर्ती, फोहोर व्यवस्थापन र महानगरपालिकाको निकासी प्रणाली सुविधा आवाश्यक पर्दछ । यस आवश्यकता पूर्ति गर्दा वर्तमान अवस्थामा विद्यमान सामुदायिक श्रोताहरुमा छाप तथा दवाब पर्दछ ।	अप्रत्यक्ष	मध्यम -२०	स्थानीय-२०	दिर्घकालिन-५	उल्लेखनीय (५०)
कानून र व्यवस्था	अस्पताल संचालन अवधिमा त्यहा बिरामी तथा कुरुवाको संख्यामा वृद्धि हुनेछ । उपचारको क्रममा बिरामी पक्ष तथा अस्पताल कर्मचारी/प्राविधिक पक्ष बीचमा असमझदारी सृजना भएको खण्डमा त्यस क्षेत्रको कानून र व्यवस्थामा मानिसको आवागमान बढ्नेछ र जनसंख्या बढ्नेछ र जनसंख्या वृद्धि हुँदा त्यस	प्रत्यक्ष	मध्यम -२०	स्थलगत -१० ५	अल्पकालीन-५	उल्लेखनीय (५०)

	क्षेत्रको व्यस्था र आदेशको पालना गर्न कठिनाई हुनेछ । यसैकारण त्यहाको कानुनी व्यवस्थामा प्रवाब पर्न सक्दछ ।					
लैंगिक विभेद तथा कार्यस्थलमा हुने यौनजन्य हिंसा	अस्पताल संचालन अवधिमा विभिन्न पेशागत कामदारहरु कार्यरत रहने छन्। कार्यस्थलमा हुने यौनजन्य हिँसा हुन सक्ने सम्भावना पनि रहन सक्छ।	प्रत्यक्ष	निम्न -१०	स्थलगत -१०	दिर्घकालिन-२०	नगण्य (४०)
यातायात ब्यवस्थापनमा कठिनाई	अस्पतालको नियमित संचालन सँगै बिरामी तथा कुरुवाको आगमन बढ्नेछ । साथै अस्पतालका कर्मचारी/ प्राविधिकहरुको ओहोरदोहोर पनि भैरहने भएकोले सवारी साधनको संख्यामा वृद्धि हुने क्रममा पार्किंग क्षेत्रको अवाभाले यातायात व्यबस्थापनमा समस्या उत्पन्न हुन सक्दछ ।	अप्रत्यक्ष	मध्यम -२०	स्थलगत -१०	दिर्घकालिन-२०	उल्लेखनीय (५०)

परिच्छेद ८

अनुकूल प्रभाव बढोत्तरी र प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु

वातावारणीय व्यवस्थापन योजना अन्तर्गत प्रस्तावित आयोजना कार्यन्वयन गर्दा प्रस्ताव कार्यन्वयन क्षेत्रको वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव हटाउने वा न्यून गर्ने र अनुकूल प्रभावलाई बढोत्तरी गर्न विभिन्न उपायहरु प्रस्तुत गरिएका छन। यस आयोजनाले पार्ने उल्लेख्य प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायलाई ३ प्रकारले वर्गीकरण गरेको छ जस अनुसार क्षतिपूर्ति, सुधारात्मक वा प्रतिरोधात्मक उपायहरु पर्दछन्। क्षतिपूर्तिका उपायको अवलम्बन गर्दा कम गर्न वा हटाउन नसकिने खालका प्रभावहरुको लागि क्षतिपूर्तिका उपायहरु समावेश गरिएका छन् ।जसमा प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन आदि उपायहरु समावेश गरिएका छन् ।प्रतिरोधात्मक उपायको अबलम्वन गर्दा उल्लेखीय प्रभाव पर्नु अगावै कम गर्न वा निर्मुल गर्न सकिने प्रतिरोधात्मक उपायहरु समावेस गरिएका छन्।

८.१ अनुकूल प्रभाव बढोत्तरीका उपायहरु

अनुकूल प्रभावलाई बढोत्तरी गर्ने उपाय, कार्यान्वयन गर्न लाग्ने अनुमानित रकम र कार्यान्वयन जिम्बेवारी तलको म्याट्रीक्स मा प्रस्तुत गरिएको छ ।

तालिका ३३: अनुकूल प्रभावको बढोत्तरीका उपायहरु, कार्यान्वयन स्थान र समय तथा कार्वान्वयनको लागि आवश्यक रकम रजिम्मेवारी

वातावरणीय प्रभाव	अभिवृद्धिका उपाय	कार्यान्वयन हुने स्थान	कार्यान्वयन हुने समय	अनुमानित रकम	कार्यान्वयन को जिम्मेवारी
स्थानीय स्तरमा रोजगारीको अवसर	स्थानीयलाई रोजगारीमा सीप तथा दक्षता अनुसार प्राथामिकता दिइनेछ	आयोजना सञ्चालन हुने क्षेत्र	निर्माण तथा सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक
आर्थिक गतिविधिहरुमा वृद्धि	अस्पताल क्षेत्र वरपर बिरामी तथा कुरुवाको आवागमन हुने हुँदा विभिन्न चिजवस्तु किनबेच हुन सक्छ जसबाट त्यस क्षेत्रको आर्थिक गतिविधिमा वृद्धि हुन सक्छ ।	आयोजना वरपरको क्षेत्र	निर्माण तथा सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक
प्राविधिक सीपमा अभिवृद्धि	अस्पतालमा कार्यरत कामदारहरुलाई प्राविधिक तालिमहरु सञ्चालन गरिनेछ।	आयोजना वरपरको क्षेत्र	सञ्चालन चरण	ने.रू.३,५०,००० वार्षिक	प्रस्तावक
सेवाग्राहीको स्वास्थ्य सेवामा पहुँच	यस अस्पतालले प्रदान गरिने स्वास्थ्य सेवा गुणस्तरीय, सर्वसुलभ हुनेछ।	आयोजना वरपरको क्षेत्र	सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक
अस्पतालको संस्थागत सामाजिक उत्तरदायित्वको	महिलालाई यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धि शिक्षा दिइनेछ। त्यस्तै वर्षको कम्तिमा एकपटक निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। साथै सरसफाई सम्बन्धि जनचेतनामुलक कार्यक्रम	आयोजना वरपरको क्षेत्र	सञ्चालन अवधि	ने.रू. ५,००,००० (कम्तिमा) वार्षिक	प्रस्तावक

गतिविधिबाट लाभान्वित	सञ्चालन, स्थानीय सरकार संगको सहकार्यमा फोहोर ब्यवस्थापन कार्यक्रम तथा अभियान र प्लास्टिक प्रयोगमा निषेध जस्ता कार्य गरिनेछ।				
हरियाली कायम गर्ने	अस्पताल परिसरमा वृक्षारोपण तथा बगैचाको निर्माण गरिनेछ।	आयोजना क्षेत्र	सञ्चालन चरण	ने.रू. ४,५०,०००	प्रस्तावक
गरिब, जेष्ठ नागरिक र विभिन्न, असहाय, बेबारिसे व्यक्तिलाई निशुल्क उपचार	अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैय्याको दश प्रतिशत शैय्या छुट्याई निशुल्क उपचार उपलब्ध गराइनेछ। त्यस्तै ज्येष्ठ नागरिक र गर्भवति महिलाहरुलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी आवश्यक मात्रामा शैय्या छुट्याइनेछ।	आयोजना क्षेत्र	सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक
	कूल अभिवृद्धि रकम			ने.रू. १३,००,०००	

८.२ प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु

प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपाय, कार्यान्वयन गर्न लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी तलको म्याट्रिक्समा प्रस्तुत गरिएको छ ।

तालिका ३४: प्रतिकूल प्रभावको न्यूनीकरणका उपायहरु, कार्यान्वयन स्थान र समय तथा कार्वान्वयनको लागि आवश्यक रकम र जिम्मेवारी

वातावरणीय प्रभाव	न्यूनीकरणका उपाय	कार्यान्वयन हुने स्थान	कार्यान्वयनको स्थान समय	अनुमानित रकम	कार्यान्वयनको जिम्मेवारी
निर्माण चरणः					
भौतिक वातावरणः					
निर्माण कार्यबाट उत्सर्जन हुने फोहरमैलाबाट पर्ने प्रभाव	• निर्माणबाट उत्पर्जित फोहरलाई सड्ने (degradable) र नसड्ने (non degradable) आधारमा छुट्टाईनेछ। • उत्सर्जित पुनःप्रयोगिय फोहरहरुलाई पुनःप्रयोग गरिनेछ भने पुनः चक्रिय फोहरलाई बिक्री गरिनेछ। • 3R शिद्धान्त अनुरूप फोहर व्यवस्थापन गरिनेछ। • निर्माण गर्दा निस्केको माटोलाई सुरक्षित स्थानमा विसर्जन गर्ने वा जग पुर्न तथा कोठाहरु सम्याउनमा प्रयोग गरिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	ने.रू.१,००,०००	ठेकेदार / प्रस्तावक

निर्माण चरणमा उत्सर्जन हुने तरल फोहरबाट पर्ने प्रभाव	• गिट्टी/बालुवा तथा निर्माणजन्य सामाग्रीहरू सफा गर्दा निस्केको फोहर पानीलाई अस्पताल क्षेत्रभित्र व्यवस्थापन गरिनेछ वा खाडलमा फोहरपानी थिगारेर मात्र प्राकृतिक ढलमा मिसाईनेछ , यस्तो पानीलाई नजिकैको सडकमा छोडिने छैन वा फ्याकिने छैन। • निर्माण सामाग्रीहरू जस्तैः तेल, पेन्ट, ग्रिज आदिको उचित स्थानमा भण्डारण गरिनेछ साथै चुहावट हुन दिइनेछैन।	आयोजना क्षेत्र	निर्माण चरण	आवश्यक नपर्ने	ठेकेदार / प्रस्तावक
कामदारहरुद्वारा ठोस फोहर निष्काशनबाट पर्ने प्रभाव	• उत्सर्जित फोहरलाई कुहिने र नकुहिने छुट्याईने छ • पुनः प्रयोगिय फोहरहरुलाई पुनः प्रयोग गरिनेछ भने पुनः चक्रिय फोहरलाई बिक्री गरिनेछ। • 3R शिद्धान्त अनुरूप फोहर व्यवस्थापन गरिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	ने.रू.२,००,०००	ठेकेदार / प्रस्तावक
वायु प्रदूषण	• आयोजनालाई चाहिने आवश्यक निर्माण सामाग्रीहरु ढुवानी गर्दा धूलो उड्न रोक्नको लागि निर्माण सामाग्री ढाकिनेछ। • प्रयोग गरिने गाडीहरु नेपाल सवारी प्रदूषण मापदण्ड बमोजिम हुनेछन्।	आयोजना क्षेत्र	निर्माण चरण	ने.रू.३,००,०००	ठेकेदार / प्रस्तावक

	• सामाग्री अनलोड गर्दा सावधानी अपनाइनेछ । • भवनमा टायलहरु छाप्ने क्रममा हुने वायु प्रदूषण कम गर्न निर्माण क्षेत्रलाई जुटको जालीले घेरबार गरिनेछ साथै कामदारलाई मास्क, मुख छोप्ने ग्लास तथा हेलमेट प्रदान गरिनेछ।				
ध्वनि प्रदूषण	• साईलेन्ट जेनेरेटर प्रयोग गरिनेछ। • दिनको समयमा मात्र निर्माण कार्य गरिनेछ। • हर्न बजाउन निषेध गरिने यसको लागि हर्न निषेध ट्राफिक संकेतको बोर्डहरू राखिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	ने.रू.५०,०००	ठेकेदार / प्रस्तावक
निर्माण क्षेत्र वरपर जमिनमा अस्थिरताबाट पर्ने प्रभाव	• भवन निर्माण गर्दा माटो परीक्षण प्रतिवेदनले सुझाव दिए बमोजिमको मापदण्ड अनुसार गरिनेछ। • सम्वन्धित निकायबाट नक्शापास पछि स्वीकृत इन्जिनियरिङ्ग, आर्किटेक्चरल तथा स्ट्रकचरल डिजाईन र सोही स्तरको इन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षणमा भवन निर्माण गरिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	आवश्यक नपर्ने (भवन डिजाईन तथा सुपरभिजन खर्चमा समावेश गरिनेछ)	ठेकेदार / प्रस्तावक

उच्च ऊर्जा खपतबाट पर्ने प्रभाव	• उच्च विद्युतको माग रहेको समयमा उपकरणहरूको सिमित गरिनेछ। • सकेसम्म कम ऊर्जा खपत गर्ने उपकरणहरू प्रयोग गरिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	आवश्यक नपर्ने	ठेकेदार / प्रस्तावक
कुल अनुमानित रकमः	ने.रू. ६,५०,०००				
जैविक वातावरणः					
शहरी जैविक विविधतासँग सम्बन्धित प्रभाव	• आयोजनाले अस्पताल क्षेत्रभित्र बगैचा निर्माण गरी हरियाली कायम गर्नेछ।	आयोजना क्षेत्र	निर्माण अवधि	ने.रू. ५,५०,०००	प्रस्तावक
कूल अनुमानित रकमः	ने.रू. ५,५०,०००				
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणः					
यातायात सुविधामा चाँप	• विशेषगरी अति व्यस्त समय (Peak Hour) जस्तैः बिहान ९:३० बजे देखि ११ बजे सम्म र बेलुका ४:३० बजे देखि ५:३० बजे सम्म भारी ढुवानीका सवारी साधान संचालन गरिने छैन।	आयोजना क्षेत्र र वरपरको सडक	निर्माण चरण	आवश्यक नपर्ने	ठेकेदार / प्रस्तावक

बालश्रमको र लैंगिक विभेदबाट पर्ने प्रभाव	• आयोजना निर्माण चरणमा बालश्रम निषेध गरिनेछ। • कार्यस्थलमा हुने यौनजन्य हिंसालाई निरुत्साहित गरिनेछ। • महिला र पुरूषलाई समान काम र समयको लागि समान ज्याला वा पारिश्रमिक प्रदान गरिनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	आवश्यक नपर्ने	ठेकेदार / प्रस्तावक
व्यवसाय स्वास्थ्य एवं सुरक्षाको मुद्दा	• प्राथमिक उपचारको लागि निर्माण स्थलमानै फर्स्ट एड किटको व्यवस्था गरिनेछ। • निर्माणमा संलग्न कामदारहरूलाई व्यक्तिगत सुरक्षाका उपकरण जस्तैः मास्क, हेल्मेट, कान छोप्ने उपकरण, पञ्जा, बुट, चस्मा आदि उपलब्ध गराइनेछ। • आकश्मिक दुर्घटना न्यूनीकरण सम्बन्धी योजना लागू गरिनेछ। • कामदारको लागि दुर्घटना बीमा योजना लागू गरिनेछ। • निर्माण कार्य शुरू गर्नु पूर्व कामदारहरूलाई विभिन्न उपकरण तथा औजार र यसको प्रयोगबारे तालिम दिईनेछ।	आयोजना क्षेत्र	निर्माण चरण	ने.रू. ३,००,०००	ठेकेदार / प्रस्तावक
कूल अनुमानित रकमः				ने.रू. ३,००,०००	

निर्माण चरणमा कूल न्यूनीकरण कार्यका लागि अनुमान गरिएको रकमः				ने.रू.१५,००,०००	
सञ्चालन चरण					
भौतिक वातावरण					
ठोस फोहरमैला उत्सर्जनबाट पर्ने प्रभाव (स्वास्थ्य सेवा जन्य जोखिमयुक्त फोहर)	• ठोस जोखिमयुक्त र जोखिम रहित फोहर छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ। विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम स्वास्थ्य सेवा जन्य फोहरलाई जोखिम युक्त फोहर र जोखिम रहित फोहरमा वर्गीकरण गरिनेछ। • जोखियुक्तफोहर वा स्वास्थ्य सेवा जन्य फोहरमैला व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन ऐन ,२०६८, फोहरमैला व्यवस्थापन नियमावली, २०७० तथा स्वास्थ्य सेवा फोहर व्यवस्थापन निर्देशिका, २०७१ बमोजिम गरिनेछ। • प्रत्येक भवन तथा कोठामा निष्काशन हुने फोहरमैलालाई कलर कोडिङ्ग बिनमा सङ्कलन गरिनेछ।	अस्पतालल भवन वार्ड	सञ्चालन चरण	ने.रू. ३,००,००० (प्रस्ताव गरिएको रकम सुरक्षाका मापदण्ड पालना तथा अन्य विविध कार्यमा खर्च गरिनेछ तर सुझाएका न्यूनीकरणमा उपायहरू अबलम्वन गर्ने खर्च अस्पताल सञ्चालमै समाबेश हुनेछ)	प्रस्तावक

	• अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई अटोक्लेभिङ्गद्वारा संक्रमण रहित गरेर अन्तिम व्यवस्थापन गरिनेछ। • धारिलो वस्तुलाई निडल डिस्ट्रयरद्वारा व्यवस्थापन गरिनेछ। • विकिरणमा प्रत्यक्ष सम्पर्कमा रहने व्यक्तिको लागि लिड कोडेड एप्रोन प्रदान गरिनेछ। • संक्रामक फोहोरहरू जस्तै रगतको झोला, पन्जा, पट्टी, कपास, सिरिन्जलाई अटोक्लेभमा स्टेरिलाईजेसन (sterilization) गरी वा ०.५ % Chlorine Solution बाट कीटाणुरहित गरी सुरक्षित व्यवस्थापन गरिनेछ। • सिल गरिएको विकिरण स्रोत तरल र ग्याँसयुक्त सामाग्री जुन रेडियोन्यूक्लाइडसाथ दूषित भएको हुन्छ, जस्तै कागज कप, स्टस् (Straws), सुई सिरिन्ज, टेस्ट ट्यूब जस्ता फोहरहरूलाई रिटर्न ब्याक नीति (Return Back Policy) अनुरूप खरिदको समयमै विक्रि कर्तासंग यस्ता फोहरहरू खरिद गर्नेगरी सम्झौता गरिनेछ।				

	• अस्पतालबाट निष्कने मानव तन्तु अथवा अङ्गहरुलाई प्लासेटा पिटमा अन्तिम बिसर्जन गरिनेछ। • मिति समाप्त भएका र काम नलाग्ने औषधिजन्य फोहोरलाई रिटर्न ब्याक नीति (Return Back Policy) अनुरूप खरिदको समयमै विक्रि कर्तासंग यस्ता फोहरहरू खरिद गर्नेगरी सम्झौता गरिनेछ।				
ठोस फोहरमैला उत्सर्जनबाट पर्ने प्रभाव (जोखिम रहित फोहर)	• ठोस फोहरमैलालाई स्रोतमा नै कुहिने र नकुहिने फोहरमा वर्गीकरण गरी सङ्कलन गरिने व्यवस्था गरिनेछ। • कुहिने फोहरमैलाको कम्पोष्टिङ गरी जैविक मल बनाइनेछ। • नकुहिने फोहर मध्ये पुनः प्रयोग र पुनः चक्रिय गर्न मिल्ने फोहरलाई संक्रमण रहित गरेर बिक्री गरिनेछ। • पुनः प्रयोग र पुनः चक्रिय गर्न नमिल्ने अन्य फोहरमैलालाई उपमहानगरपालिकासँग समन्वय गरेर व्यवस्थापन गरिनेछ।	अस्पतालल भवन वार्ड	सञ्चालन अवधि	ने.रू. २,००,०००	प्रस्तावक

फोहर पानी उत्सर्जनबाट पर्ने प्रभाव	• शौचालय, ल्याव, शल्यक्रिया कक्ष तथा अन्य प्रयोजनका पानी संकलनका लागि छुट्टा छुट्टै पाईपको व्यवस्था गरिनेछ। • संक्रमित फोहर पानी प्रशोधन गर्नको लागि फोहर पानी प्रशोधन गर्ने यन्त्र वा प्लान्ट जडान गरिनेछ। • संक्रमित फोहर पानीलाई उपयुक्त रसायन (chemical reagent) प्रयोग गरी प्रशोधन गरेर मात्र ढलमा निष्काशन वा मिसाईने गरिनेछ। • ढलमा मिसाइने पानीको गुणस्तर अस्पतालबाट निष्काशन हुने फोहर पानीको मापदण्ड, २०७६ ले तोकेको बमोजिम हुनेछ।	अस्पताल क्षेत्र	सञ्चालन अवधि	आयोजना लागतमा समावेश गरिएको छ	प्रस्तावक
वायु प्रदुषण	• इलेक्ट्रीक जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुंवा सम्बन्धी मापदण्ड, २०६९ ले तोकेको बमोजिम हुनेछ। • अस्पतालले प्रयोग गर्ने गाडीहरु नियमित मर्मत गरी सञ्चालन गरिनेछन् जुन नेपाल सवारी प्रदुषण मापदण्ड बमोजिम रहनेछन्।	अस्पताल क्षेत्र	सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक

ध्वनि प्रदुषण	• साइलेन्ट जेनेरेटरको प्रयोग गरिनेछ। • अस्पताल वरपर हर्न बजाउन निषेध गरिनेछ। • हर्न निषेध ट्राफिक संकेतको वोर्ड राखिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू. ५०,००० वार्षिक	प्रस्तावक
माटो प्रदुषण	• स्वास्थ्य सेवा जन्य जोखिमयूक्त फोहर पानी र जोखिम रहित पानीलाई छुट्टाछुट्टै सङ्कलन गरी प्रशोधन पछि ढलमा मिसाउने यसको लागि उचित ढल लाईनको डिजाईन गरी निर्माण गरिनेछ। • डिजेल, तेल जस्ता तरल पदार्थको भण्डारण गर्ने छुट्टै कोठा बनाइनेछ साथै पूर्व सावधानी अपनाइनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	आयोजना लागतमा समावेश गरिएको छ	प्रस्तावक
अस्पताल सञ्चालनको लागि आवश्यक ऊर्जा आपूर्ति	• अस्पताल सञ्चालनको लागि आवश्यक ऊर्जा विद्युत प्रसारण लाइनबाट विजुली आपुर्ति गरिनेछ। साथै कम विद्युत खपत गर्ने उपकरण जस्तै फिलामेन्ट बत्तिको सट्टा LED बत्तिको प्रयोग गरिनेछ। बिजुली कटानको समयका लागि इन्भर्टर र सोलारको जडान गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	आयोजना लागतमा समावेश गरिएको छ	प्रस्तावक

	• अस्पतालले विद्येत लोड वा चाँप सन्तुलनको लागि अस्पतालको लागि छुट्टै ट्रान्सफर्मर जडान गर्नछ।				
भूमिगत पानीको निष्काशनबाट पानीको सतहमा आउने ह्रासबाट पर्ने प्रभाव	• वर्षाको समयमा भूमिगत पानी पुनः सिंचन गर्नको लागि कम्तिमा ३ वटा रिचार्ज पिटहरु निर्माण गरी वर्षाको पानी पुनः सिंचन गरिनेछ। जसको लागि अस्पताल परिसर भित्र खुल्ला ठाँउ छोडिनेछ। • आकाशे पानी सङ्कलन गर्ने व्यवस्था गरिनेछ।	अस्पताल परिसर	सञ्चालन चरण	ने.रू. १,००,००० (वार्षिक रिचार्ज पिटहरू ममर्त खर्च मात्र)	प्रस्तावक
विकिरणीय उपकरणबाट विकिरणको जोखिम	• एक्सरे expose गर्ने व्यक्तिको लागि एक्सरे कोठाभित्र ०.५ मि.मि .को lead apron or equivalent radiation protective material उपलब्ध गराउने। Radiology मा काम गर्ने कर्मचारीहरुको तथा कक्षका लागि Radiation Dose Monitor गर्ने Monitor Thermoluminescence Dosimeters-TLD badges) उपलब्ध गराउने र समय समयमा Radiation survey Monitoring गरिनेछ।	विकिरणको प्रयोग हुने अस्पतालको वार्ड तथा कक्ष	सञ्चालन चरण	ने.रू. २,५०,०००	प्रस्तावक

	• आँखा, छाला, Gonadal, Thyroid gland आदिको सुरक्षितको लागि lead glass/Gloves & lead Apron को व्यवस्था गरिनेछ। • विरामी, बच्चा, गर्भवती महिला या अन्य कोहि व्यक्तिलाई अनावश्यक रुपमा विकिरणीय उपकरण रहेको कक्षमा निषेध गरिनेछ साथै त्यस्ता कक्षहरूमा र कक्ष बाहिर सावधानी वा जानकारीको लागि विकिरणबाट हुनसक्ने जोखिमबारे विभिन्न फोटो तथा जानकारीमुलक सन्देस सहितको बोर्डहरू राख्ने।				
विकिरणयुक्त फोहरबाट पर्ने प्रभाव	• विकिरणयुक्त फोहर श्रोतबाट नै छुटै सङ्कलन गरिनेछ। • विकिरणयुक्त फोहर प्रयोग तथा ह्यान्डल गर्न कर्मचारीलाई तालिम तथा सतर्कता सम्बन्धी व्यवस्था गरिनेछ। • विकिरणयुक्त फोहरलाई सुरक्षित रुपमा केहि समयको लागि भण्डारण गरी राखिनेछ। • रिटर्न ब्याक नीति (Return Back Policy) अनुरूप खरिदको समयमै विक्रि कर्तासंग	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू. १,५०,०००	प्रस्तावक

	यस्ता फोहरहरू खरिद गर्नेगरी सम्झौता गरिनेछ।				
रासायनिक तथा धातुजन्य फोहर	• रासायनिक तथा धात जन्य उपकरणको प्रयोग र धातुजन्य फोहर ह्यान्डल गर्न कर्मचारीलाई सचेत बनाइदै तालिम दिइनेछ। • रसायनको चुहावट हुन नदिन समय सयममा सुपरीवेक्षण गरिनेछ। • पारोको प्रयोग हुने मेशिनहरु प्रयोगमा ल्याइने छैन। पारो थर्मोमिटरको सट्टा डिजिटल थर्मोमिटरको प्रयोग गरिनेछ। • म्याद नाघेका फर्मास्युटिकल उत्पादनहरुलाई उत्पादक कम्पनीलाई फिर्ता गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू. २,००,०००	प्रस्तावक
भूमिगत पानी दूषित भई त्यसबाट पर्ने प्रभाव	• अस्पतालबाट निष्काशन हुने फोहर पानीको उचित प्रशोधन गरेर मात्रै ढलमा मिसाइनेछ। • ढल निकासमा चुहावट भए नभएको समय समयमा निरीक्षण गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक

कूल अनुमानित रकम				ने.रू.१२,५०,०००	
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण					
व्यवसाय स्वास्थ्य एवं सुरक्षाको मुद्दा	• Radiology मा काम गर्ने कर्मचारीहरुको लागि Radiation Dose Monitor (Thermoluminescence Dosimeters-TLD badges) गराइनेछ। • आँखा, छाला, Gonadal, Thyroid gland आदिको सुरक्षितको लागि lead glass/Gloves & lead Apron को व्यवस्था गरिनेछ। • सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरिनेछ। • स्वास्थ्य एवं सुरक्षा मुद्दाहरुमा सबै कर्मचारीलाई जागरुकता, तालिम र प्रशिक्षण दिइनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू.२,००,०००	प्रस्तावक
आयोजना क्षेत्रमा स्वास्थ्य तथा	• सरसफाई सम्बन्धी जनचेताना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। • निःशुल्क स्वास्थ्य शिविर सञ्चलन गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू.२,००,०००	प्रस्तावक

सरसफाई कमिले पर्ने प्रभाव	• अस्पताल वरपर सरसफाईको लागि ढल निकासीमा एन्टिसेप्टिक पाउडर छर्किनेछ। • अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिनेछ।				
मतभेत र विवाद	• सबैले दिने स्थानमा उजुरी पेटिका राखिने छ। • जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाइनेछ। • स्थानीय, स्थानीय सरकार र प्रस्तावक सदस्यहुने गरी गुनासो व्यवस्थापन समिति गठन गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू.१,००,०००	प्रस्तावक
सामजिक श्रोत र पूर्वाधारहरुमा चाँप	• अस्पताल बाहिर खुल्ला ठाउँमा तथा सडक छेउ सवारी पार्किङ्ग गर्न निषेध गर्ने • उपमहानगरपालिका संग सहकार्य गरी जोखिम रहित पुनःप्रयोग तथा पुनःचक्रिय गर्न नमिल्ने फोहरमात्रै ल्याण्डफिलमा पुर्याउने। • बेला बेला अस्पताल नजिकैको सडक मर्मतमा सहयोग गर्ने।	अस्पताल क्षेत्र वरपर	सञ्चालन चरण	सडक ममर्तको लागि स्थानीय सरकारसंग आपसी समझदारी गरी आर्थिक सहयोग गर्ने	प्रस्तावक
प्रकोप जोखिम व्यवस्थापन (भूकम्प,	• भवन भूकम्प प्रतिरोधि निर्माण गरिनेछ।भवन ऐन, २०५५ बमोजिमको			ने.रू.१,००,०००	

आगलागी, विद्युतीय सर्ट सर्किट आदि)	राष्ट्रिय भवन संहिता लाई पालना गरी नयाँ भवन निर्माण गरिनेछ। • पुरानो भवनलाई रेट्रोफिटिंग गरी भुकम्प प्रतिरोधि बनाईनेछ। पुरानो भवनको रेट्रोफिटिंग डिजाईन भवन डिभिजन कार्यालयबाट डिजाईन स्वीकृत गरी उपमहानगरपालिकामा नक्शापास पछिमात्र निर्माण थालनि गरिनेछ। • अग्नि समनयन्त्र) Fire Extinguisher) जडान गरिनेछ साथै आकस्मिक संकेतका लागि साईरनको व्यवस्था गरिनेछ। • कर्मचारीलाई आपत्कालिन तयारीका विषयमा तालिम दिइनेछ। • आपतकालिन द्वारहरुको व्यवस्था गरिनेछ।				
लैंगिक विभेद तथा कार्यस्थलमा हुने यौनजन्य हिंसा	• समान कामको लागि महिला र पुरुष दुवैलाई ज्यालामा भेदभाव गरिने छैन। • कार्यस्थलमा हुने यौनजन्य हिंसालाई निरुत्साहित गरिनेछ। • बालश्रम प्रयोगमा निषेध गरिनेछ।	अस्पताल क्षेत्र	सञ्चालन चरण	आवश्यक नपर्ने	प्रस्तावक
यातायात व्यवस्थापनमा कठिनाई	• अस्पताल क्षेत्रमा गति सिमितको संकेतहरु राखिनेछ। • उचित पार्किङ्गको व्यवस्थापन गर्ने	अस्पताल क्षेत्र	सञ्चालन चरण	ने.रू.१,००,०००	प्रस्तावक

	• प्रवेश र बहिर्गमन हुने सवारीको लागि छुट्टाछुट्टै गेटको व्यवस्था गर्ने।				
सञ्चालन चरणको कूल सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणमा न्यूनिकरण खर्च				ने.रू. ७,००,०००	
कूल अनुमानित रकम				ने.रू. १९,५०,०००	

८.३ वातावरणीय लागतको सारांश

प्रस्तावित प्रस्तावको वातावरणीय लागत निम्न तालिकामा देखाइएको छ। प्रस्तावको कूल वातावरणीय खर्चको लागि ने.६४,६५,०००।— लागत प्रस्ताव गरिएको छ।

तालिका ३५:प्रस्तावित वातावरणीय लागत

क्र.सं.	विवरण	रकम (ने.रु.)
1. कूल अभिवृद्धि खर्च (क)		**१३,००,०००**
२.न्यूनीकरणका उपायहरु		
२.१	कूल भौतिक वातावरणमा न्यूनीकरण खर्च	**१९,००,०००**
	निर्माण अवधि	६,५०,०००
	सञ्चालन अवधि	१२,५०,०००
२.२	कूल जैविक वातावरणमा न्यूनीकरण खर्च	**५,५०,०००**
	निर्माण अवधि/सञ्चालन अवधि	५,५०,०००
२.३	कूल सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणमा न्यूनीकरण खर्च	**१०,००,०००**
	निर्माण चरण	३,००,०००
	सञ्चालन चरण	७,००,०००
	कूल वातावरणीय न्यूनीकरण खर्च (ख)	**३४,५०,०००**
३.	वातावरणीय अनूगमन खर्च (ग)	**४,१५,०००**
४.	वातावरणीय परीक्षण खर्च (घ)	**६,००,०००**
कूल वातावरणीय खर्च (क+ख+ग+घ)		६४,६५,०००
आयोजनाको कूल लागत		१००,००,००,०००
वातावरणीय लागत (प्रतिशत)		०.६४६५

परिच्छेद ९: वातावरणीय अनुगमन

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरुको अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छ।

- कानूनले तोकेको सिमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन
- वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपायहरु वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भए नभएको भन्ने जाँच्न
- सम्भावित वातावरणीय क्षति बारे समयमै सचेत गराउन
- पहिचान गरिएका तथा आंकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन ।

प्रस्ताव कार्यान्वयन गर्दा ३ प्रकारको अनुगमन गरिनेछ जसमा प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन गरिन्छ।

क) प्रारम्भिक अवस्थाको अनुगमनः प्रस्तावित प्रस्तावको निर्माण कार्य सुरु हुनु भन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षहरुको सर्वेक्षण गरिनेछ। जसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन थाहा पाउन सकिन्छ।

ख) प्रभाव अनुगमनः प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तनहरु पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाहरुका सूचकहरुको मूल्याङ्कन गिरन्छ।

ग) नियमपालना अनुगमनः यस अन्तर्गत वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डहरुको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तर विशेष सूचकहरु वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राखिन्छ।

वातावरणीय अनुगमनका सूचकहरुः प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव एवं वातावरण संरक्षणका उपायहरुलाई ध्यान दिई प्रस्तावकले पालना गर्नुपर्ने र वातावरणीय प्रभावको प्रभावकारिताको अनुगमन गर्न सूचकहरु प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

अनुगमन विधिः उल्लेखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाईएको छ।

अनुगमनको लागि समय तालिकाः

आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अनुगमन गर्ने निकायः वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भए अनुसार वातावरणीय अनुगमनको लागि सम्बन्धित निकाय वा मन्त्रालय वा विभाग जिम्मेवार हुनेछ । यस प्रस्तावको लागि वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभागले अनुगमन गर्नेछ । प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्नेछ जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिनेछ। प्रस्तावकले प्रस्तावको निर्माण तथा संचालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नेछ।

अनुगमनको लागि अनुमानित रकमः प्रस्ताव कार्यान्वयन (निर्माण र सञ्चालन) को समयमा विभिन्न सूचकहरुको अनुगमन गर्न आवश्यक पर्ने रकम पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रस्तावको प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालन अनुगमन निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३६ः प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालन अनुगमन

अनुगमन प्रकार	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम	अनुगमन गर्ने निकाय
प्रारम्भिक अवस्थाको अनुगमनः						
ध्वनीको तह	ध्वनीको अधिक परिमाण र तिव्रता	ध्वनी मापन यन्त्रको प्रयोग	निर्माण क्षेत्र भित्र	निर्माण अवधिमा वर्षको २ चोटी	३५,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
वायुको गुणस्तर	हावमा पि.एम.१०, पि.एम.२.५, कार्वन डाईअक्साइडको परिमाण	Air Visual Pro द्वारा हावामा रहेको पि.एम.१०, पि.एम.२.५	निर्माण क्षेत्र भित्र	निर्मा अवधिमा वर्षको २ चोटी	६०,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पानीको गुणस्तर	विभिन्न प्यारामिटरहरु	प्रयोगशालामा परीक्षण	निर्णय क्षेत्र	निर्णय अवधिमा वर्षको २ चोटी	३५,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पानीको गुणस्तर	विभिन्न प्यारामिटरहरु	प्रयोगशालाहरु परीक्षण	निर्णय क्षेत्र	निर्माण अवधिमा वर्षको २ चोटी	४०,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
प्रभाव अनुगमन						

हरियाली र पार्किङ्गसँगै भौतिक डिजाइन	वृक्षारोपण र बगैचा क्षेत्र	स्थलगत भ्रमण	अस्पताल भित्र	निर्माण अवधिमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
दूषित पानी तथा फोहरमैला	ढल निकासीको संरचना, अस्पताल वरपरका बासिन्दामा परेको प्रभाव	स्थलगत भ्रमण, अन्तरवार्ता, फोटोहरु	अस्पताल वरपर	निर्माण तथा सञ्चालन चरणमा महिनाको १ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पानीको गुणस्तर	पानी निकास हुने ठाउँ अवलोकन, विभिन्न प्यारामिटरहरु	नमूना संकलन र प्रयोगशाला परीक्षण	अस्पताल भित्र	निर्माण तथा सञ्चालन चरणमा वर्षको १ चोटी	६०,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
वायुको गुणस्तर	धूलोको कण पि.एम.१०, पि.म.२.५, कार्वनडाईअक्साइडको परिमाण	स्थल निरीक्षण र आधारभूत तथ्याङ्कसँग तुलना गर्ने, Air visual pro द्वारा मापन	अस्पताल क्षेत्र भित्र	निर्माण तथा सञ्चालन चरणमा वर्षको १ चोटी	१५,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
ध्वनीको गुणस्तर	ध्वनीको परिमाण	ध्वनी मापन यन्त्रको प्रयोग गरी आधारभूत तथ्याङ्कसँग तुलना गर्ने	अस्पताल वरपर	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	२०,०००	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग

विपद व्यवस्थापन प्रणाली	सूचना प्रवाह प्रणाली, अग्नी संयन्त्रको प्रावधान, खुल्ला जग्गा	अवलोकन, कर्मचारीसँग अन्तरक्रिया	अस्पताल क्षेत्र	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पेशागत स्वास्थ्य सुरक्षा	दुर्घटनाको प्रकार, दुर्घटनाको क्षतिपूर्ति	स्वास्थ्य केन्द्रको रेकर्ड, कर्मचारी र कामदार वर्गसँग छलफल	अस्पताल वरपर	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
विपन्न तथा बवारिसे विरामीलाई निःशुल्क स्वास्थ्य सेवा	निःशूल्क स्वास्थ्य सेवाको लाभ लिएका बिरामीको संख्या	अस्पतालको रेकर्ड निरीक्षण गर्ने	अस्पतार भित्र	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
स्वास्थ्य सेवा फोहरमैला व्यवस्थापन	फोहर व्यवस्थापनको अवस्था	अवलोकन, अन्तर्वाता	अस्पतार भित्र	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
नियम पालन अनुगमन						

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले सुझाएका अनुकूल तथा प्रतिकूल प्रभाव पालना गरेको वा नगरेको	वातावरणीय व्यवस्थापन योजनाले समावेश गरेका सम्पूर्ण न्यूनीकरणका उपाय निर्माण तथा सञ्चालन अवधिमा लागू गरिएको	अलोकन, अन्तर्वाता प्रतिवेदन अध्ययन	अस्पतार भित्र	निर्माण सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
प्रदुषण रोकथाम, पानी, माटो सरक्षण, फोहर व्यस्थापन, वातावरणीय संरक्षणका उपायहरुको नियम पालन	धूलोको स्तर, ध्वनिको परिमाण, स्वीकृत प्रतिवेदन	अवलोकन, रेकर्डको समिक्षा, मापन, कामदार वर्गसँग छलफल, ध्वनी मापन र वायु प्रदूषण मापन यन्त्रको प्रयोग	अस्पताल वरपर	निर्माण तथा सञ्चालन चरणमा वर्षको ४ चोटी	१,१०,०००।	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
ठोस फोहरमैला वर्गीकरण	फोहर वर्गिकरण गरेर राख्ने छुट्टै रंगको विनहरु	फोहर वर्गीकरण र ढुवानी गर्दा निगरानी	अस्पताल क्षेत्र भित्र	सञ्चालन चरणमा दैनिक	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पानीका फोहरमैला वर्गीकरण	पानीको PH, hardness, turbidity आदि	पानीका स्रोतको नमूना संकलन गरी परीक्षण	अस्पताल क्षेत्र भित्र	सञ्चालन चरणमा वर्षको २चोटी	४०,०००	

स्वास्थ्य सेवाजन्य फोहर तथा विकीरणयुक्त फोहरको व्यवस्थापन	संकलन किटाणुलाई निष्क्रिय र नाश गर्ने प्रणाली	अवलोकन, अस्पतालको रिपोर्ट समीक्षा	अस्पताल परिसर	सञ्चालन चरणमा	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
आपतकालिन तयारीको लागि सचेतनाको तालिम	तालिमको संख्या र सहभागिताहरुको	अवलोकन, कर्मचारीसँग अन्तर्वार्ता	अस्पताल क्षेत्र	सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
हरियाली र पार्किङ्ग सँगै भौतिक डिजाइन	वृक्षारोपण र बगैंचा क्षेत्र	स्थलगत भ्रमण	अस्पताल क्षेत्र	निर्माण तथा सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
स्थानीय रोजगारी	स्थानीय कर्मचारीको संख्या	निरीक्षण तथा कर्मचारीसँग अन्तरवार्ता	अस्पताल क्षेत्र	निर्माण तथा सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
पेशागत स्वास्थ्य सुरक्षा	सरक्षा उपकरणहरु/सामाग्रीको प्रयोग, नियमित स्वास्थ्य जाँच	रेकर्डको समीक्षा, कर्मचारीसँग छलफल	अस्पताल वरपर	निर्माण तथा सञ्चालन चरणमा वर्षको २ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग

बाल श्रम तथा लैंगिक भेदभाव	लैंगिक हिंसासँग सम्बन्धित गुनासोहरु	निरीक्षण अन्तरवार्ता	अस्पताल वरपर	निर्माण तथा सञ्चालन चरणमा वर्षको ४ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
विपन्न तथा बेवारिसे बिरामीलाई निःशुल्क स्वास्थ्य सेवा	निःशुल्क स्वास्थ्य सेवाको लाभ लिएको बिरामीको संख्या	अस्पतालको रेकर्ड निरीक्षण गर्ने	अस्पताल भित्र	सञ्चालन चरणमा वर्षको १ चोटी	खर्च नलाग्ने	वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वातावरण विभाग
वातावरणीय अनुगमन खर्च					४,१५,०००	

परिच्छेद १०: वातावरणीय परीक्षण

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र गर्नेछ । त्यसबाहेक मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आंकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नेछ । प्रस्तावक आफैल पनि आयोजनाको आन्तरिक वातावरणीय परीक्षण गर्नेछ जसको लागि रु. छ लाख (६,००,०००) प्रस्ताव गरिएको छ ।

१०.१ वातावरणीय परीक्षण

वातावरणीय परीक्षणका किसिम देहाय बमोजिमका हुनेछन् :

(क) निर्णय तहको परीक्षण.

(ख) कार्यान्वयन परीक्षण,

(ग) कार्यको प्रभावकारिता परीक्षण,

(घ) आयोजना प्रभाव परीक्षण,

(ङ) आँकलन गरिएको प्रविधि परीक्षण,

(च) वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण ।

१०.२ वातावरणीय परीक्षणमा सामान्यतया तीन पक्ष संलग्न हुने गर्दछन्

(क) परीक्षक,

(ख) परीक्षित पक्ष, (प्रस्तावसँग सरोकार भएको)

(ग) तेस्रो पक्ष ।

१०.३ स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय परीक्षण आन्तरिक वा बाह्य हुन सक्नेछ

(क) आन्तरिक परीक्षण,

(ख) बाह्य परीक्षण,

(ग) बाध्यकारी परीक्षण,

(घ) स्वैच्छिक परीक्षण ।

१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा निम्न बमोजिमको हुनेछ।

तालिका ३७: वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः

अध्याय १	यस अध्यायमा वातावरणीय परीक्षण प्रतिवेदनको भित्र मुख्य-मुख्य कुराहरु समावेश गरी प्रतिवेदनको कार्यकारी सारांश लेख्नु पर्नेछ।
अध्याय २	यस अध्यायमा परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि समावेश गर्नु पर्नेछ। साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ।
अध्याय ३	यस अध्यायमा परीक्षणको पूर्ण विवरण समावेश गर्नु पर्नेछ।
अध्याय ४	यस अध्यायमा आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाब तथा सुधारात्मक कार्य समावेश गर्नु पर्नेछ ।
अनुसूची	अनुसूचीमा तथ्याङ्क र विवरण समावेश गर्नु पर्नेछ ।
परीक्षण गर्न समूहमा समावेश हुनु पर्ने जनशक्ति	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीको क्रममा प्रस्तावसँग विषय मिल्ने विज्ञ जस्तै वातावरण विज्ञ, सामाजिक, आर्थिक, साँस्कृतिक विज्ञ, फोहरमैला व्यवस्थापन विज्ञ आदि समावेश गर्नु पर्नेछ ।

तालिका ३८: वातावरणीय परीक्षणको लागि चेकलिष्ट

भौतिक पक्षः								
क्र.सं.	विवरण	आयोजना के	अनुमान गरिएको	खास प्रभाव	न्यूनिकरणका उपाय	प्रभावका रीता	सूचना	तथ्याङ्कको स्रोत
१.	स्वास्थ्य सेवाजन्य फोहरमैला को व्यवस्थापन	• आकस्मिक सेवा • बहिरङ्ग सेवा • निदानात्मक सेवाहरु जस्तै प्रयोग शाला सेवा, रेडियो ऐमेजिङ सेवाहरु जस्तैः X-ray, KRI, CT scan आदि • शल्य क्रिया सेवा • सघन उपचार सेवा	स्थानीय वातावरण दुर्गन्धित हुनुका साथै सक्रमण हुन सक्ने सम्भावना । विकिरणजन्य फोहरबाट प्रदूषण मानव अङ्ग तथा तन्नुबाट प्रदूषण रसायनिक प्रदूषण। वातावरण मा एक पटक उत्सर्जन भए	वातावरण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव	अटोक्लेभिङ्ग/वायोपिट प्रयोग/सुरक्षित भण्डारण तथा फर्माशिटिकल्स उत्पादनलाई कम्पनीलाई फिर्ता गर्ने	उल्लेखनीय	स्वास्थ्य सेवा जन्य फोहर व्यवस्थापन एकाई	अभिलेख, अन्तर्वाता

		• फार्मेसी सेवा	पश्चात् लामो समय रहे विभिन्न चीरस्थायी प्रदूषण।					
२.	फोहर पानीको व्यस्थापन	अस्पताल तथा प्रयोगशाला, शौचालय, चमेनागृह सन्चालन बाट	सतहको पानी प्रदूषण भूमिगत पानी प्रदूषण	पानीको गुणस्तरीय तामा कमी भई स्थानीय खोलानाला प्रदूषण तथा जलचरमा प्रत्यक्ष प्रभाव	सक्रमित पानी प्रशोधन गरी अस्पतालबाट निष्काशन हुने फोहोर पानीको मापदण्ड २०७६ ले तोकेको बमोजिम मापदण्ड रहने।	उल्लेखनीय	स्वास्थ्य सेवा जन्य फोहर व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन
३.	वायुको गुण	जेनेरेटर, सवारी साधन सन्चालन बाट	वायुको गुणस्तरमा ह्रास	जनस्वास्थ्यमा प्रतिकूल प्राव श्वासप्रश्वास सम्बन्धी रोग	डिजल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुँवा सम्बन्धी मापदण्ड, २०६९ र गाडीहरु नियमित मर्मत गरी नेपाल सवारी प्रदूषण मापदण्ड बमोजिम रहनेछन्।	नगण्य	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन

४.	पानीको गुण	ढल निकास तथा फोहरपानी चुहावट	खानेपानीका स्रोत प्रदूषण	जनस्वास्थ्यमा प्रतिकूल प्रभाव	ढल व्यवस्थापन गरिनेछ।	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन
५.	ध्वनीको मात्रा	जेनेरेटर, सवारी साधन सन्चालन बाट	ध्वनीको तहमा ह्रास	ध्वनी प्रदूषणबाट कान सम्बन्धी समस्या	साइलेन्ट जेनेरे६रको प्रयोग	नगण्य	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन
६.	भूमिगत पानीको स्रोत	भूमिगत पानीको अत्यधिक निष्काशन	भूमिगत पानीको सतहमा परिवर्तन	पानीको स्रोत सुक्ने साथै वरपरको पानीका स्रोतमा कमी	रिचार्ज पिट तथा आकाशे पानी संकलन गरिने	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन
७.	वैकल्पिक उर्जा	सोलास जडान	वैकल्पिक उर्जाको प्रयोगले अनुकूल प्रभाव पर्ने	उर्जा वचत हुने	सोलार प्रविधिको जडान	नगण्य	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन
८.	आकाशे पानी संकलन प्रविधि	आकाशे पानी संकलन	अनुकूल प्रभाव सृजना गर्ने	भूमिगत पानीको निश्कासन कम भई सतहमा हुने	आकाशे पानी संकलन प्रविधि जडान गर्ने	नगण्य	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, प्रत्यक्ष अवलोकन

				परिवर्तन रोकिने				
२. जैविक पक्ष								
क्र.सं	विवरण	आयोजना को क्रियाक लाप	अनुगमन गरिएको प्रभाव	खास प्रभाव	न्यूनिकरणका उपाय	प्रभावका रीता	सूचना	तथ्याङ्क कको स्रोत
१.	अस्पताल क्षेत्रभित्र हरियाली प्रबर्द्धन	बगैंचा निर्माण	हरियाली क्षेत्र कायम हुने	हरियाली कायम भई सौन्दर्यता कायम हुने	बगैंचा निर्माण गर्ने	नगण्य	वातावरणीय व्यवस्थापन एकाई	अभिलेख, अनुगमन प्रतिवेदन
३.सामाजिक आर्थिक तथा साँस्कृतिक पक्ष								
क्र.सं	विवरण	आयोजना को क्रियाक लाप	अनुगमन गरिएको प्रभाव	खास प्रभाव	न्यूनिकरणका उपाय	प्रभावका रीता	सूचना	तथ्याङ्क कको स्रोत
१	पेशागत स्वास्थ्य सुरक्षा	पेशागत स्वास्थ्य सुरक्षाका उपकरण को व्यवस्था	उपचारजन्य संक्रमण विकिरणजन्य प्रभाव	पेशागत स्वास्थ्यमा प्रतिकूल प्रभाव	पेशागत स्वास्थ्य सुरक्षाका उपकरणको व्यवस्था	उल्लेखनीय	अस्पताल व्यवस्थापन	अभिलेख
२.	गुनासो सुनुवाई	गुनासो सुनुवाई सेल स्थापना	विभिन्न प्रकारका गुनासाहरु आउने तथा	अस्पताल सञ्चालन मा कठिनाई	गुनासो सम्बोधनको व्यवस्था गर्ने	उल्लेखनीय	गुनासो सम्बोधन सेल	अभिलेख

			द्वन्द्वको अवस्था सृजना हुने					
३.	स्वास्थ्य तथा सरसफाई	दैनिक रुपमा आवश्यकता अनुसार सरसफाई गर्ने	फोहरमैला प्रदूषण	आगन्तुक बिरामी तथा कर्मचारी को स्वास्थ्यमा प्रतिकूल प्रभाव	दैनिक रुपमा आवश्यकता अनुसार सरसफाई गर्ने	उल्लेखनीय	अस्पताल व्यवस्थापन	अनुगमन
४.	प्रकोप नियन्त्रण/ विपद व्यवस्थापन	भवन संहिता अनुरुप भवन निर्माण गर्ने, प्रकोप व्यवस्थापन कार्य योजना निर्माण गर्ने	प्रकोप तथा विपदबाट जनधनको क्षति हुने	प्रकोप तथा विपदबाट जनधनको क्षति हुने	भवन संहिता अनुरुप भवन निर्माण गर्ने, आपतकालिनद्वारहरु निर्माण गर्न, अग्नी नियन्त्रक यन्त्र जडा गर्ने,	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाई	विपद व्यवस्थापन कार्य योजना
५.	रोजगारी	स्थानीयलाई रोजगारीमा अवसर	स्थानीयको आयस्तरमा अभिबृद्धि	जीवनस्तर उक्सने	स्थानीयलाई रोजगारीमा प्राथमिकता दिने	नगण्य	अस्पताल व्यवस्थापन	अभिलेख

६.	विपन्न, असहाय, बेवारिसे तथा जेष्ठ नागरिकलाई निःशुल्क सेवा	विपन्न, असहाय, बेवारिसे तथा जेष्ठ नागरिक लाई निःशुल्क सेवा	स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच	बिरामीले उपचार गर्न पाउने	विपन्न, असहाय, बेवारिसे तथा जेष्ठ नागरिकलाई निःशुल्क सेवा	उल्लेखनीय	अस्पताल प्रशासनिक एकाई	अभिलेख

परिच्छेद ११: वातावरणीय व्यवस्थापन योजना

११.१ वातावरणीय व्यवस्थापन योजना (EMP)

वातावरणीय व्यवस्थापन योजना कुनै पनि योजना निर्माण वा संचालन व्यवस्था गतिविधिहरुबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु तथा अनुकूल प्रभावलाई बढाउने उपायहरुको उचित कार्यान्वयन गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजना हो । आयोजना निर्माण तथा संचालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरु तथा ती चरणहरुमा ध्यान पुऱ्याउनुपर्ने वातावरणीय सवाल, आयोजनाका अनुकूल प्रभावलाई बद्धोत्तिकरण गर्ने उपायहरु, प्रतिकूल प्रभाव न्यूनीकरणका उपयाहरु, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी निकायहरु, वातावरणीय अनुकूल प्रभाव बद्धोत्तिकरण तथा प्रतिकूल प्रभाव न्यूनीकरणको लागत समेत समावेश गरी वातावरण व्यवस्थापन योजना बनाइएको छ ।

प्रस्तावित ३०० शैय्याको रविन्द्र मेमोरियल अस्पतालको लागि तयार पारिएको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि जिम्मेवार मुख्य निकायहरु निम्न हुन् -

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार
- वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार
- स्थानीय सरकार
- प्रस्तावक

यस अन्तर्गत विभिन्न वातावरणीय व्यवस्थापन योजना तथा वातावरणीय अनुगमन योजनाहरु पर्नेछन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयोजनालाई आवश्यक नीतिगत सहयोग गर्ने तथा यस वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनलाई पुनरावलोकन साथै वन तथा वातावरण मन्त्रालयको सिफारिस लिई स्वीकृति प्रदान गर्ने काम गर्दछ । साथै, प्रस्तावित ३०० शैय्याको रविन्द्र मेमोरियल अस्पताल आयोजनाको वातावरणीय अनुगमनमा पनि प्रमुख भूमिका रहन्छ ।

वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार

यस प्रस्तावित ३०० शैय्याको रविन्द्र मेमोरियल अस्पताल आयोजनाको ठोसजन्य फोहर, जोखिमयुक्त फोहर व्यवस्थापन, वायु तथा ध्वनि प्रदुषण एवं उत्सर्जन कार्यको कार्यान्वयन गर्ने जिम्मेवारी वन तथा वातावरण मन्त्रालयको हुनेछ । साथै, यसै मन्त्रालयले प्रस्तावित अस्पताल आयोजनाको वातावरणीय गतिविधिहरुको लागि वातावरणीय अनुगमनको जिम्मेवारी समेत पुरा गर्नेछ ।

प्रस्तावक

प्रस्तावकले ३०० शैय्याको रविन्द्र मेमोरियल अस्पताल आयोजनाको अन्तिम डिजाइनमा तयार गर्दा आवश्यक वातावरणीय अध्ययन र वातावरणीय व्यवस्थापन योजनाले तय गरेका सिफारिसहरुलाई सम्माहित गर्दछन् । स्वीकृत डिजाइन अनुसार अस्पताल निर्माणको कार्य गर्दै अनुमोदित वातावरणीय व्यवस्थापन योजनाको कार्य क्षेत्रमा लागु गर्नेछन् । प्रस्तावकले प्रस्तावित अस्पताल आयोजनाको सम्पूर्ण गतिविधिहरुको निरीक्षण गर्नेछन् । यसका साथै जनशक्तिलाई व्यक्तिगत सुरक्षा तथा वातावरणीय संरक्षण सम्बन्धी अभिमुखीकरण प्रदान गर्नु पनि प्रस्तावकको जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार

स्थानीय सरकार रहेका उप महानगरपालिका, वडा कार्यालय र मातहतका कार्यालयले आयोजना कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने तथा आयोजनाको वातावरणीय अनुगमनमा मुख्य भुमिका निभाउन्छन् । प्रस्ताव स्थलमा अनुकूल प्रभाव बढोत्तरीका उपायहरु तथा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु बाहेक कुनै पनि प्रभावहरु निर्माण र संचालन चरणमा समस्या आएमा उचित सम्बोधन पनि गर्नेछन् ।

११.१.१ फोहरमैला व्यवस्थापन योजना

फोहरमैला व्यवस्थापन योजना अन्तर्गत आयोजना स्थलबाट उत्सर्जन हुने फोहरमैलालाई व्यवस्थापन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने योजना पर्दछ । उक्त योजनाहरु निम्न उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३९: फोहरमैला व्यवस्थापन योजना

क्र.सं.	क्रियाकलाप	समय तालिका	कार्यान्वयन हुने स्थान	दायित्व	बजेट (प्रति वर्ष)
१	कर्मचारीका लागि उचित फोहरमैलो संकलन तथा व्यवस्थापन सम्बन्धी तालिम	निर्माण तथा संचालन चरण	आयोजना स्थल र यसका सेरोफेरो	प्रस्तावक	१५०,०००।-
२	श्रोतमै फोहरको न्युनीकरण	निर्माण तथा संचालन चरण	आयोजना स्थल र यसका सेरोफेरो	प्रस्तावक	-
३	फोहर व्यवस्थापन तथा छुट्याउनका लागि भिन्नै रंगका डस्टविनको प्रयोग	निर्माण तथा संचालन चरण	आयोजना स्थल र यसका सेरोफेरो	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
४	तरल फोहर व्यवस्थापन लागि अस्पतालले Effluent Treatment Plant (ETP) जडान गर्नेछ । शल्यक्रिया कक्ष र प्रयोगशालाबाट निस्कने फोहरलाई ETP मा निर्मुलिकरण गरी मात्र निष्कासन गरिनेछ । ब्ल्याक वाटर र ग्रे वाटर संकलन गर्नको लागि छुट्टाछुट्टै पाइपको व्यवस्था गरिनेछ ।	निर्माण तथा संचालन चरण	आयोजना स्थल र यसका सेरोफेरो	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
५	नियमित फोहर संकलन गर्नका लागि उप-	निर्माण तथा	आयोजना स्थल र	प्रस्तावक	-

क्र.सं.	क्रियाकलाप	समय तालिका	कार्यान्वयन हुने स्थान	दायित्व	बजेट (प्रति वर्ष)
	महानगरपालिकासँग सहकार्य गर्ने।	संचालन चरण	यसका सेरोफेरो		
६	प्रस्ताव क्षेत्रभित्र र बाहिर ठाउँठाउँमा डस्टविन राखिने।	निर्माण चरण	आयोजना स्थल	प्रस्तावक	५०,०००।-
जम्मा					२००,०००।-

११.१.२ आपतकालीन तयारी योजना

आयोजना संचालन गर्दा विभिन्न आपतकालीन अवस्थाको सामना गर्नु पर्ने हुन्छ जसको लागि योजनाहरु तयार पारिएका छन् जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४०: आपतकालीन तयारी योजना

क्र.सं.	क्रियाकलाप	समय तालिका	कार्यान्वयन हुने स्थान	दायित्व	बजेट (प्रति वर्ष)
१	कुनै दुर्घटनाका लागि आगलागी हुन सक्ने अवस्थाका लागि अस्पतालको हरेक तल्लामा अग्नि नियन्त्रकको व्यवस्था गरिनेछ	निर्माण चरण	आयोजना स्थल	प्रस्तावक	१००,०००
२	आगो सम्बन्धी समस्याका लागि छुट्टै पानीको ट्यांकीको व्यवस्था गरिने	निर्माण चरण	आयोजना स्थल	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
३	काम गर्दागर्दै लाग्न सक्ने चोटपटकमा उपचारको व्यवस्था	निर्माण तथा संचालन चरण	आयोजना स्थल	प्रस्तावक	१००,०००।-
४	आगो लाग्दा अलार्म बज्ने संयन्त्रको व्यवस्था गरिनेछ	निर्माण तथा संचालन चरण	आयोजना स्थल	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
५	बत्ती नभएको अवस्थामा अस्पतालको कार्य संचालन	निर्माण तथा	आयोजना स्थल	प्रस्तावक	१०,००,०००।-

क्र.सं.	क्रियाकलाप	समय तालिका	कार्यान्वयन हुने स्थान	दायित्व	बजेट (प्रति वर्ष)
	गर्नका लागि जेनेरटरको प्रयोग गरिनेछ	संचालन चरण			
६	कसैलाई करेन्ट लाग्नासाथ आफै बन्द हुने संयन्त्रको जडान	निर्माण तथा संचालन चरण	आयोजना स्थल	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
७	भूकम्पको सम्भावित जोखिमबाट बच्नको लागि भुकम्प प्रतिरोधात्मक भवनको निर्माण	निर्माण तथा संचालन चरण	आयोजना स्थल	प्रस्तावक	प्रभाव न्युनीकरणका उपायमा संलग्न
जम्मा					१२,००,०००।-
कूल जम्मा EMP खर्च					१४,००,०००।-

११.१.३ प्रकोप जोखिम न्यूनीकरण योजना

आयोजना निर्माण तथा संचालन गर्ने क्रममा विभिन्न प्राकृतिक प्रकोपहरुको जोखिम हुन सक्छ ।तसर्थ, प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी योजनाहरु यस प्रकार रहेका छन् ।

तालिका ४१: प्रकोप जोखिम न्यूनीकरण योजना

क्र.सं.	क्रियाकलाप	समय	जिम्मेवारी निकाय
१	स्थानीय स्टोरमा प्रकोपबाट बच्ने उपाय तथा योजनाका बारेमा जनचेतना	निर्माण तथा संचालन चरण	प्रस्तावक
२	आयोजनाका कर्मचारी तथा स्थानीय समुदायलाई भूकम्पका बेला गर्न हुने, नहुने तथा गर्नेपर्ने कार्यमा तालिम प्रदान गर्ने	निर्माण चरण	प्रस्तावक तथा सम्बन्धित सरकारी तथा गैर सरकारी संस्था
३	प्रकोप प्रभावित क्षेत्रबाट प्रकोपका खतरा सम्बन्धी लिनुपर्ने सिकाईलाई ख्याल गरिने	निर्माण चरण	सबै सरोकारवाला संस्थाहरु
४	भूकम्प प्रतिरोधात्मक भवन तथा संरचना निर्माण	निर्माण चरण	प्रस्तावक
५	भवन निर्माण अचारसंहिताको पुर्णरुपमा पालना गर्ने	निर्माण चरण	प्रस्तावक

११.२ वातावरणीय अनुगमन

वातावरणीय अनुगमन वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएअनुसार वातावरणीय प्रभाव न्यूनीकरण गर्न अपनाइएका उपायहरु कार्यान्वयन भए नभएको यकिन गर्न गरिने अनुगमन हो ।सामान्यतया प्रस्ताव कार्यान्वयन हुने स्थलमा प्रारम्भिक अनुगमन, नियमपालन अनुगमन र प्रभाव अनुगमन गरिन्छ ।

- **प्रारम्भिक अनुगमन (Baseline Monitoring)**

आयोजना कार्यान्वयन भन्दा अगाडी गरिने अनुगमन आधाररेखा अनुगमन हो । यो किसिमको आधाररेखाले आयोजना स्थलमा विद्यमान भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणको सूचनाहरूलाई अभिलेखीकरण गरी प्रस्ताव कार्यान्वयनपछि देखा परेका परिवर्तनहरुको तुलना गर्न मद्दत पुग्दछ ।

- **नियमपालन अनुगमन (Compliance Monitoring)**

यसमा प्रस्तावकले प्रतिवेदनमा सुझाइएका कार्यविधिहरु, वातावरणमैत्री उपायहरु तथा वातावरणीय प्रभाव न्यूनीकरण कार्यहरु भए नभएको बारेमा अनुगमन गरिनेछ ।

- **प्रभाव अनुगमन (Impact Monitoring)**

प्रस्ताव कार्यान्वयनले उत्पन्न गरेका भौतिक,जैविक र सामाजिक तथा आर्थिक वातावरणमा पर्ने वास्तविक प्रभाव मूल्यांकन गर्ने अनुगमन नै प्रभाव अनुगमन हो ।वातावरणीय अनुगमनका सूचकहरु निम्न बमोजिम हुनेछन् ।

तालिका ४२: अनुगमनका सूचक

अनुगमनका क्षेत्र	सूचकहरु
माटो	• स्थानको अवस्था, माटोको अवस्था • जमिनको क्षेत्रफल, भू-उपयोग
पानीको श्रोत, प्रदुषण र प्रभाव	• निर्माण क्षेत्रमा पानी सम्बन्धी समस्याहरुको संख्या र सिमा • फोहर पानीको व्यवस्थापन नहुँदा पानी प्रदुषणका घटना र त्यसले परेको प्रभाव • पिउने पानीको गुणस्तरको लागि फिल्ड किटको प्रयोग
वायु र ध्वनि प्रदुषण	• वरिपरी हावाको स्वच्छता , ध्वनिको अवस्था
स-साना वनस्पतिको विनास	• वनस्पतिको संख्या र स्थिति
आयोजना क्षेत्रको सामाजिक र आर्थिक विकास	• रोजगारी सिर्जना अवसरहरूको संख्या

अनुगमनका क्षेत्र	सूचकहरु
	• कामदारहरुले प्राविधिक सीपको वृद्धि गर्न प्रशिक्षण प्राप्त संख्या • स्वास्थ्य उपचार गर्दा लाग्ने समय र खर्चको बचत • प्रभाव क्षेत्रको आधारभूत सेवा र उपयोगीहरुको स्थितिमा परिवर्तन जस्तै शिक्षण सस्था, स्वास्थ्य सेवामा पहुँच, पानी आपूर्ति,उर्जा स्थिति , जनताको जीवनयापनमा परिवर्तन • कामदारहरुलाई प्रदान गरिएको स्वास्थ्य सेवा र सुरक्षाका उपायहरु • जमिनको मुल्यवृद्धि • वस्ती क्षेत्रको अवस्था (घरको संख्या, पसल, सरसफाईको अवस्था)

परिच्छेद १२: निष्कर्ष र प्रतिबद्धता

१२.१ अध्ययनको निष्कर्ष

यस अस्पतालबाट दिइने सेवाहरुमा बहिरङ्ग सेवा तर्फ जनरल मेडिसिन, नाक, कान, घाटि, हाडजोर्नी, छाती रोग, बालरोग, दन्त रोग, यौन रोग आदि रहने छन् भने अन्तरङ्ग सेवा तर्फ मेडिकल वार्ड, एनसथेसियोलोजी, अपरेशन थियटर, सर्जरी आदि रहने छन् त्यसैगरी निदानात्मक सेवा तर्फ प्रयोगशाला, एक्सरे, इ. जि. सि., इन्डोसकपी रहने छन्।

यस आयोजना सञ्चालनबाट पर्ने अनुकूल प्रभावहरुमा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी जनताको स्वास्थ्य सेवामा सजिलो पहुँच तथा विपन्न, असहाय, बेवारिसे तथा जेष्ठ नागरिकको लागि निःशुल्क स्वास्थ्य सेवा लगायत रोजगारी, व्यापार-व्यवसाय आदि रहेका छन् भने प्रतिकूल प्रभावहरुमा उत्सर्जन हुने ठोस फोहरमैलाबाट पर्ने प्रभाव, संक्रमित फोहरपानीबाट पर्न सक्ने प्रभाव, सतहको पानी प्रदूषण, ध्वनि तथा वायु प्रदूषणबाट पर्ने प्रभाव, स्वास्थ्य सेवाजन्य फोहरमैला उत्सर्जन र तिनको व्यवस्थापनबाट पर्ने प्रभाव, भूमिगत पानीको स्रोतमा आउने कमीका कारण पर्ने प्रभाव, उच्च ऊर्जा खपतबाट पर्न सक्ने प्रभाव, विपद व्यवस्थापनको प्रभाव, विकिरण उत्सर्जनबाट पर्न सक्ने प्रभाव आदि रहेका छन्। त्यसबाहेक सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरणमा पर्ने प्रभावहरुमा पेशागत स्वास्थ्य तथा सुरक्षा, स्वास्थ्य तथा सरसफाई कमीबाट पर्ने प्रभाव, सडक माथि सवारी साधनको चाँप, बालश्रमको प्रयोगबाट पर्ने प्रभाव, लैंगिक विभेदबाट पर्ने प्रभाव, गुनासो सम्बोधन र व्यवस्थापन, प्रकोपबाट पर्ने प्रभाव आदि रहेका छन् ।

यस प्रतिवेदनमा अनुकूल प्रभाव बढोत्तरी र प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उपायहरु सँगै लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी समेत समावेश गरिएको छ। यी सुझाव गरिएका सम्पूर्ण उपायहरु कार्यान्वयन गरेमा अनुमान गरिएका प्रतिकूल प्रभावलाई स्वीकारयोग्य तहमा पुर्याउन सकिन्छ ।

१२.२ प्रतिबद्धता

प्रस्तावित अस्पतालले स्वास्थ्य सेवा संचालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुको साथै देहायमा उल्लेखित मापदण्डहरुको समेत पालना गर्नेछ ।

- अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड बमोजिमको संक्रमण नियन्त्रण (infection Prevention) को व्यवस्था गर्नुको साथै सोको नियमित र प्रभावकारी अनुगमन गरिनेछ ।
- आकस्मिक कक्षमा कुल शैय्या क्षमताको दश प्रतिशतका दरले शैय्या उपलब्ध गराइनेछ। त्यस्तै आकस्मिक कक्षमा प्रतीक्षालय, शौचालय, ट्रायज, चेन्जिंङ्ग रुम, medico-Legal case जस्तै rape victim आदिको गोपनीयता सुनिश्चित हुने कोठाको समेत व्यवस्था गरिनेछ ।
- कुल उपलब्ध वेडको पाँच प्रतिशतको अनुपातमा ICU वेडको व्यवस्था गरिनेछ । ICU कक्षमा प्रति दुई शैय्याका लागि एक भेन्टिलेटर व्यवस्था गरिनेछ ।
- अस्पतालमा बच्चा, सुत्केरी, अब्जर्भेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था गरिनेछ ।
- शैय्याबिचको दुरीको सम्बन्धमा साधारण शैय्या (General) बीचको दुरी कम्तिमा ४ फिट र साथै भित्ताबाट कम्तिमा एक फिटको दूरीमा शैय्या राखिनेछ।
- अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार) खुल्ने गरी सबैले देख्ने ठाउँमा राख्नेछ।
- बिरामीले अस्पतालबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाई बिरामीको बडापत्र (Patient charter) अस्पतालको अग्रभागमा देखिने गरी राखिनेछ। अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन सामाजिक सेवा इकाईको व्यवस्था गरिनेछ। अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनेछ।
- अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रविधियुक्त उपकरण प्रयोग गरिनेछ।
- अस्पतालबाट निष्काशित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावाली, २०७० ले तोके बमोजिम गरिनेछ।
- अस्पतालबाट उत्सर्जन हुने चिकित्साजन्य फोहर व्यवस्था सम्बन्धी कार्यको नियमित अनुगमन गर्न वातावरणविद सहितको वातावरणीय व्यवस्थापन यूनिटको व्यवस्था गरिनेछ।
- अस्पताल भवनमा सर्वसाधारणको जानकारी लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिनेछ। अस्पताल भवनमा चट्याङ छल्ने (anti-Lightening) प्रविधिको जडान गरिनेछ। त्यस्तै आगो नियन्त्रणको लागि fire extinguisher, fire reel hole, smoke detector, auto fire alaram आदिको जडान गरिनेछ। अस्पतालका स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई विपद् व्यवस्थापनका लागि (आगजनी, भूकम्प, हुलदंगा आदि) र आपतकालीन उद्दार तथा उपचार गर्ने प्रभावकारी विधिको कार्य योजना बनाई

सो सम्बन्धी अभिमुखीकरण तालिम दिइनेछ। अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाई सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी जनस्वास्थ्य कार्यालयमा दिइनेछ ।

- अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/ निर्देशिका अनिवार्यरुपमा पालना गरिनेछ।
- अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैय्याको दश प्रतिशत शैय्या छुट्याई निःशुल्क उपचार अनिवार्यरुपमा उपलब्ध गरईनेछ र सोको अभिलेख राखी जनस्वास्थ्य कार्यालयमा सोको प्रतिवेदन नियमितरुपमा पठाईनेछ।
- अस्पतालले भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग प्रवेश द्वार र बहिर्गमन द्वारको व्यवस्था गर्नेछ।
- अस्पताल परिसरमा स्वास्थ्यकर वातावरणका लागि वृक्षारोपण तथा बगैंचाको व्यवस्था गरिनेछ।
- अस्पतालले फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम आफ्नै हाता भित्र औषधि पसलको व्यवस्था गर्नेछ। अस्पताललले सबैले देख्ने स्थानमा उजुरी पेटिका राख्नेछ । त्यस्तै जनगुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराइनेछ।

सन्दर्भ सामग्रीहरु

- CBS 2011; Profile of Dhanusa District
- CBS, (2019). Environment Statistics of Nepal 2019: Janakpur, Government of Nepal.
- DHM, (2015). Climatological & Agrometeorological Records of Nepal. Kathmandu:
- Government of Nepal, Ministry of Environment Science and Technology.
- EPA (2019); Environment Protection Act 2019; Ministry of Environment, Science and
- Technology; Singhadurbar, Kathmandu
- EPR (2020); Environment Protection Rules 2020; Ministry of Environment, Science
- and Technology; Singhadurbar, Kathmandu
- GoN (1993); Nepal Environmental Impact Assessment Guideline 1993, National
- Planning Commission, GON/IUCN, Kathmandu
- NBC (2060), National Building Code 2060, Department of Urban Development and
- MoHP, (2020). Health Care Waste Management Guideline, Government of Nepal/ Department of Health Services. Ministry of Health and Population, Kathmandu.
- NCSIP, (1994). Environmental Impact Assessment Guidelines 1993. National Conservation Strategy Implementation Project, Kathmandu.
- WHO, (2004), Safe Health Care and Waste Management: Policy Paper, World Health Organization
- HIOG, (2077), Health Institution Operation Guidelines, MoHP, Kathmandu, Nepal

Websites:

https://rds.icimod.org/

www.CBS.gov.np

www.dos.gov.np

www.lawcommission.gov.np

www.mofe.gov.np

www.mohp.gov.np

www.pollution.gov.np

www.iqair.com

अनुसूची १: अध्ययन टोलीको सो-घोषणा

अध्ययन टोलि द्वारा घोषणा

प्रतिवेदनको शिर्षक: रविन्द्र मेमोरिअल अस्पताल, जनकपुरधाम-धनुषा को EIA प्रतिवेदन

हामि निम्न घोषणा गर्दछौ:

हामि पेशेवर रुपमा स्वीकार्य र स्टान्डर्ड विधि प्रयोग गरी अध्ययन गरेका छौ

अध्ययन गरी आएका निष्कर्षहरु हाम्रो ज्ञान अनुसार सबैभन्दा उपयुक्त छन्

हामीहरु हाम्रो अध्ययनको क्षेत्रमा भ्रामक जानकारीको लागि उत्तरदायि रहनेछौं

हामीहरुले प्रतिवेदन जाँच तथा अध्ययन गरेकाछौं

अध्ययन टोलिको नाम,पद र हस्ताक्षर

नाम	पद	हस्ताक्षर
मदन गोराथोकी	वातावरण विज्ञ /टोली प्रमुख	
नुर सिंह डंगोल	जैविक वातावरण पक्ष	
अशेष निरौला	प्राकृतिक श्रोत-साधन व्यवस्थापन	
शिवलाल चालिसे	इन्जिनियरिङ पक्ष	
शैलेश रेग्मी	जन स्वास्थ्य	
राजेश कुमार दथेपुथे	भौतिक वातावरण पक्ष	

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची २: स्वीकृत कार्यसूची

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

वातावरण तथा जैविक विविधता महाशाखा

०७८/६५

मिति: २०७९।०३।१६

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय: रविन्द्र मेमोरियल अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्रनिर्धारण (SD) तथा कार्यसूची (TOR) प्रतिवेदन स्वीकृती सम्बन्धमा।

प्रस्तुत विषयमा यहाँ मन्त्रालयको मिति २०७८।०८।२७ को च.नं. ५३३ को पत्रानुसार प्रस्तावक मयेश प्रदेश को धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ रविन्द्रनगरमा प्रस्तावित रविन्द्र मेमोरियल अस्पतालको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण (SD) तथा कार्यसूची (TOR) प्रतिवेदन उपर कारवाही हुँदा प्रस्तावकबाट पेश भएको परिमार्जित SD/TOR प्रतिवेदनलाई प्रचलित कानूनको विधिले गरी सार्थ उक्त प्रतिवेदनका पालना र कार्यान्वयन गर्ने गरी प्रतिबद्धता जनाएका विषयहरुको पूर्ण पालना गर्ने गरी तपशिलका शर्तहरु सहित वातावरण संरक्षण ऐन २०७६ को दफा (४) को उपदफा (१) को प्रावधान तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ को उपनियम (७) र नियम ५ को उपनियम (५) बमोजिम नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७९।०३।१३ को निर्णयानुसार स्वीकृत गरिएको व्यहोरा अनुरोध गर्दछु।

शर्तहरु:

१. वातावरणीय प्रभाव अध्ययन (EIA) को क्रममा कुनै थप/नयाँ वातावरणीय संवाल तथा प्रभावहरु पहिचान हुन गएमा ती संवालताई समेत EIA प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।
२. EIA प्रतिवेदन तयारीका क्रममा कार्यसूचीले औंल्याएका प्रभाव (Impact) र न्युनीकरण (Mitigation) का उपायहरु (Measures) लाई क्रमबद्ध रुपमा उल्लेख गर्नु पर्नेछ।
३. वातावरण व्यवस्थापन योजनामा सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव निराकरण/न्युनीकरणका उपायहरु के, कहाँ, कसले र कहिले गर्ने बारेमा स्पष्ट उल्लेख हुनुपर्नेछ।
४. सार्वजनिक सुनुवाईको क्रममा उठेका सवालहरु प्रतिवेदनमा कहाँ, कसरी समावेश गरिएको छ सो देखिने तालिका तथा माई-फुटिङ्गमा संशोधनका र सहभागिको हस्ताक्षर EIA प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।
५. स्थानीय निकायको सिफारिस संलग्न गर्दा सार्वजनिक सुनुवाइको मिति पश्चातको हुनु पर्नेछ।
६. प्रस्तावकले वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन वातावरण संरक्षण ऐन,२०७६ र वातावरण संरक्षण नियमावली २०७७ मा भएका व्यवस्था र प्रक्रियाहरुको पूर्णपालना गरी तयार पार्नु पर्नेछ ।

२०७९।०३।१६

(सिर्जना शाह)
महाशाखा वैजनिक अधिकृत

बोधार्थ:
श्री गणेशाय गोविन्द हेल्थ फाउन्डेशन प्रा.लि., जनकपुरधाम, धनुषा ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

रविन्द्र मेमोरियल अस्पतालको वातावरणीय प्रभाव मूल्यांकनको कार्यसूची

जनकपुरधाम

धनुषा जिल्ला, मधेश प्रदेश

पेश गरीएको निकाय	मार्फत
नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाण्डौं नेपाल	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाह पथ, काठमाडौं फोन नं. : ०१-४२६२५४३,४२६२८०२ ईमेल : info@mohp.gov.np

प्रस्तावक

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.
जनकपुरधाम, धनुषा
ईमेल: rabindramemorialhospital@gmail.com
फोन नं: ९८४४०२०५१९

२०७९/०३/२३
मा. मन्त्री

वैशाख, २०७१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विषय सूची

नेपाल स्वास्थ्य तथा ज रामशाहपथ,

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

तालिका सूची

चित्रहरु

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूचिहरू

अनुसूची १ [illegible]

अनुसूची २ [illegible]

अनुसूची ३ [illegible]

अनुसूची ४ [illegible]

[illegible] को जानकारी

अनुसूची ५ [illegible]

संक्षेपीकरणको सूची

%	प्रतिशत
°c	डिग्री सेल्सियस
अ.प्र.क्षे.	अप्रत्यक्ष प्रभाव क्षेत्र
आईयूसिएन (IUCN)	International Union for Conservation of Nature
आइसीयु(ICU)	Intensive care unit
ईसिजी(ECG)	Electrocardiogram
एस. ए. आई. सि. एम. (SAICM)	Strategic Approach to International Chemicals Management
ऐन. बि. सि. (NBC)	Nepal Building Code
ऐनसिप (NCSIP)	National Conservation Strategy Implementation Project
ओपिडी(OPD)	बाहिरि बिरामी शाखा (Out Patient Department)
ओटी(OT)	Operation Theatre
कि.मि.	किलोमिटर
के.त.वि.	केन्द्रीय तथ्याङ्क विभाग
क्र.स.	क्रम संख्या
गा.पा.	गाउँपालिका
घ.धु	घरधुरी
जि. आई. एस. (GIS)	Geographic Information System
जि. ओ. एन. (GoN)	Government of Nepal
जि. डि. पि. (GDP)	Gross Development Product
जी.पी.एस.	ग्लोबल पोजिसनिंग सिस्टम
डि.एच.एम. (DHM)	Department of Hydrology and Meteorology
ध.मि.	घनमिटर
न.पा.	नगरपालिका
नं.	नम्बर
ने.रु	नेपाली रुपैया

ने.स.	नेपाल सरकार
पि. पि. ई. (PPE)	Personal Protective Equipment
प्र.प्र.क्षे.	प्रत्यक्ष प्रभाव क्षेत्र
मि.	मिटर
लि.	लिटर
रा.वा.प्र.मु.नि.	राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका
व.वा.म.	वन तथा वातावरण मन्त्रालय
वा.अ.	वातावरणीय अध्ययन
वा.प्र.मू.	वातावरणीय प्रभाव मूल्यांकन
वा.सं.नि.	वातावरण संरक्षण नियमावली
स.प्र.क्षे.	समग्र प्रभाव क्षेत्र
साईटिस (CITIES)	Convention on International Trade in Endangered Species
सि.बि.एस. (CBS)	Central Bureau of Statistics
सि. टि. स्क्यान(CT Scan)	Computed Tomography Scan
सि.नं.	सिरियल नम्बर

परिच्छेद १

पृष्ठभूमि

१.१ भूमिका

नेपालमा समग्र स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकास वि. सं. २०१३ को प्रथम आवधिक योजना सँगै सुरु भएको हो। वि. सं. २०३२ मा १५ वर्षे प्रथम दिर्घकालिन स्वास्थ्य योजना लागू भएको र वि. स. २०४८ ले संरचनागत विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी र सहभागितालाई प्रवर्दन गरेको थियो। त्यसैगरी स्वास्थ्य नीति, २०७१ ले जनसहभागिता मुलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिएको थियो। हालको स्वास्थ्य नीति, २०७६ ले स्वास्थ्य क्षेत्रलाई संघिय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्वन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिएको छ। स्वास्थ्य मा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गर्ने रणनीति रहेको छ। त्यसैगरी, १४औं योजना देखि १५औं योजना सम्म अन्य क्षेत्रमा भन्दा निकै कम विकास भएको छ, शिशु मृत्युदर घटाएर प्रतिहजार २० मा ल्याउने लक्ष्य थियो त्यो २१ सम्म मात्र ल्याउन सफल भयो, ५ वर्षमुनिका बालबच्चाको मृत्युदर घटाएर ३० मा ल्याउने लक्ष्य जबकी त्यो ३९ मै सिमित रहयो, त्यसैगरी मातृ मृत्युदर १४५ ल्याउने लक्ष्य थियो र त्यो पनि २३९ मा नै सिमित रहयो। १४ औं योजना बाट १५औं योजना सम्म स्वास्थ्य क्षेत्र विकासले १.७ % ले मात्र GDP मा योगदान गरेको छ र १५ औं योजना अनुसार २०८०/८१ सम्म यो बढेर १.८ % मात्र हुने प्रतेप्क्षण गरिएको छ। यहाँ थाहा पाउन सकिन्छ, स्वास्थ्य क्षेत्र विकासकामा गति लिनु आवश्यक छ। १५ औं योजनामा नेपाल सरकार निजि स्वास्थ्य संस्थाहरुसंग सहकार्य गरेर भएपनि हरेक संघिय स्थानिय क्षेत्रको घरदैलोमा स्वास्थ्य सेवा पुर्याउने लक्ष्य लिइएको छ।

स्वास्थ्य सेवा कुनैपनि समुदायमा स्वस्थ जीवनशैलीका लागि मेरुदण्डको रुपमा रहेको हुन्छ। यसले मानिसहरुलाई विभिन्न रोगबाट बचाउँछ साथसाथै दिर्घकालिन रुपमा पनि रोग लाग्नबाट रोक्छ। जनताको जीवनशैलीको गुणस्तर स्वास्थ्य को आधारमा निर्धारण गरिन्छ जसले अन्ततः देशको समृद्धिलाई मार्गनिर्देशन गर्छ। गुणस्तर वातावरण र स्वास्थ्य सुरक्षा मानिसहरुको आधारभूत अधिकार पनि हो। दिनानुदिन बढ्दै गरेको भिडभाड, वातावारणको गुणस्तरमा गिरावट, बस्ती र सुकुम्बासी बस्तीमा वृद्दि जस्ता कारणले स्वास्थ्य सँग सम्वन्धित मुद्धाहरु वृद्दि भैरहेका छन्।

यस वास्तविकताका कारण, हामी मृत्युदर बढेको चुनौतीहरुको सामना गरिरहेका छौं। जसका लागि स्वास्थ्य सेवा बाट बन्चित समुदायहरुमा पुग्न सुनिश्चित स्वास्थ्य सेवाहरुको लागि हामीलाई थप प्रशिक्षण प्राप्त चिकित्सकहरुको आवश्यकता छ। स्वास्थ्य कर्मीहरु उपलब्ध नहुने मुद्दाहरुलाई

सम्बोधन गर्न, मृत्युदर घटाउने, आयु बढाउन देशभरको विभिन्न सुलभ क्षेत्रमा दक्ष जनशक्ति मार्फत स्वास्थ्य सेवाहरु कार्यान्वयन गर्नुपर्छ। त्यसैले सरकारले उद्दारिकरण आर्थिक नीति अन्तर्गत निजि क्षेत्रको लगानी द्वारा अस्पतालहरु, नर्सिङ होम, शिक्षण संस्था, किल्निकहरु जस्ता स्वास्थ्य सेवाहरु संचालन गर्न प्रोत्साहन गरेको छ। त्यसै सन्दर्भमा, प्रस्तावित रविन्द्र मेमोरियल अस्पताल तथा शिक्षण संस्थाले स्वास्थ्य सेवा र सुविधाहरुका धेरै पक्षहरुमा उच्च गुणस्तरसँग सेवाहरु दिने सुनिश्चित गर्दछ। कार्डियोलोजी, अर्थोपेडिक, रेडियोलोजी, अल्ट्रा सोनोग्राम, गाइनोकोलोजी, बाल रोग आदि को सफल उपचार दिने प्रतिज्ञा छ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

Adhi Engineering Consultancy Pvt. Ltd.
Estd 2075

Janakpur

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

१.२ प्रस्तावकको नाम र ठेगाना

रविन्द्र मेमोरियल अस्पताल, जनकपुरमा गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. द्वारा संचालित अस्पताल हो।

<u>पत्राचार गर्ने पूर्ण ठेगाना:</u>

गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका-२३, रविन्द्रनगर

ईमेल: rabindramemorialhospital@gmail.com

सम्पर्क गर्ने आधिकारिक व्यक्तिहरु

रामबेंद्र प्रसाद शाह ९८४४०२०५१९

विचन्द्र शाह ९८५४०२०५६२

१.३ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

एडेली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि. यो प्रतिवेदन तयारीको लागि परामर्शदाता हो।

<u>परामर्शदाताको पत्राचार गर्ने पूर्ण ठेगाना:</u>

एडेली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.

बागमती प्रदेश, ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका-०४

ईमेल: adelyeng.consult@gmail.com

फोन नं: ९८४१९५०००६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

१.४ कार्यसूचीको उद्देश्य

यस कार्यसूचीको मुख्य उद्देश्य वातावरणीय प्रभाव मूल्याङ्कनको लागि मार्गदर्शन प्रदान गर्नु हो। विस्तृत उद्देश्यहरू निम्न लिखित छन्:

- वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सँग सम्वन्धित विषयवस्तु/सवालहरू पत्ता लगाउनु,
- प्रत्यक्ष प्रभावित क्षेत्र, अप्रत्यक्ष प्रभावित क्षेत्र र प्रभावित क्षेत्र गरी क्षेत्र निर्धारण गर्ने,
- वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अपनाउने अध्ययन विधि निर्ख्यौल गरी स्वीकृत गर्ने,
- वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा आकर्षित हुने कानुनी कुराहरूलाई स्पष्ट गर्ने,
- वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा आवश्यक पर्ने जनशक्ति, समय, वजेट व्यवस्थापन वारे निर्क्यौल गर्ने।

१.५ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यहरु

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य आयोजना निर्माण र कार्यान्वयन चरणको समयमा वातावरणको संरक्षण गर्नु हो। विस्तृत उद्देश्यहरू निम्न लिखित छन्:

- आयोजना प्रभावित क्षेत्रको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्वन्धित वस्तुगत अवस्थाको तथ्यांक/सूचना संकलन गर्ने,
- आयोजना कार्यान्वयन गर्दा भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरू पत्ता लगाउने, आंकलन गर्ने तथा मूल्यांकन गर्ने,
- सकारात्मक प्रभाव वढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरण गर्न व्यवहारिक र स्थान विशिष्ट उपायहरू पत्ता लगाई कार्यान्वयन गर्ने
- वातावरण व्यवस्थापन योजना तथा (वा.व्य.का.यो.) तथा वातावरणीय अनुगमन योजना (वा.अ.यो.) वनाई कार्यान्वयन गर्ने,
- निर्णय कर्तालाई आयोजना निर्माण तथा कार्यान्वयन गर्नु पूर्व वातावरणीय प्रभाव र प्रभाव न्यूनीकरणका उपायहरूको वारेमा पूर्व सूचना दिने।

१.६ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यता

वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्वन्धित अनुसूची ३ को (ख) स्वास्थ्य क्षेत्र अनुसार १०० शैय्या भन्दा वढीको अस्पताल, नर्सिङ होम वा चिकित्सा व्यवसाय संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ। प्रस्तावित अस्पताल ३०० शैय्या (१०० शैय्या भन्दा वढी) अस्पताल संचालन गर्नु भन्दा पहिले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने देखिन्छ। साथसाथै वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्वन्धित अनुसूची ३ को (ज) (२) अनुसार १०,००० वर्ग मि. क्षेत्रफल भन्दा वढी built-up area वा floor area भएको आवासीय व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण

[illegible] नियमको (ङ) (६) अनुसार २०,००० लि. भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्नु पर्ने वातावरणीय प्रभाव मुल्यांकन गर्नुपर्ने नियम अनुरुप EIA संघ मार्फत गर्न लागिएको हो।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ५ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धी अनुसूची ५ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारणको प्रतिवेदन तयार गरिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

परिच्छेद २

आयोजनाको बारेमा जानकारी

२.१ प्रस्तावको सामान्य परिचय

रविन्द्र मेमोरियल अस्पताल, गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. द्वारा संचालित ३०० शैय्या (bed) भएको फिजियोलोजी, माइक्रोबायोलोजी, आर्थोलोजी, गाइनोलोजी, डर्माटोलोजी, कार्डियोलोजी, न्युरोलोजी, यूरोलोजी, रेडियोग्राफी जस्ता सम्पूर्ण रोगहरुको उपचार र सुविधा सम्पन्न, २४ सै घण्टा आकस्मिक सेवा प्रधान गर्ने गरि अस्पताल तथा शिक्षण संस्थान हो।

२.२ प्रस्तावको सान्दर्भिकता

जनकपुरधाम तिव्र रुपमा विकास भैरहेको तराईको एक ठुलो सहर हो। बस्ती सँगसँगै जनसंख्या दिनानुदिन बढिरहेको छ, अव्यवस्थित बसोबास, दुर्गन्ध, धुलोधुँवा, दूषित खानेपानी आदिको कारणले प्रदूषित वातावरण र विहारी जीवनशैलीको प्रभावले अझैपनि न्यून जीवनशैली बिताइरहनु परेको छ जसले गर्दा विभिन्न दिर्घकालिन तथा अल्पकालीन रोगविघिहरु झेल्नुपरेको छ र गुणस्तर स्वास्थ्य सेवाको निकै आवश्यक देखिन्छ। त्यसैले ३०० शैय्या (bed) भएको फिजियोलोजी, माइक्रोबायोलोजी, आर्थोलोजी, गाइनोलोजी, डर्माटोलोजी, कार्डियोलोजी, न्युरोलोजी, यूरोलोजी, रेडियोग्राफी जस्ता सम्पूर्ण रोगहरुको उपचार र सुविधा सम्पन्न, २४ सै घण्टा आकस्मिक सेवा प्रधान गर्ने गरि अस्पताल तथा शिक्षण संस्थानको निर्माण र संचालन गरि, पुरा धनुषा लगायत महोत्तरी, सर्लाही, सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, रौतहट जिल्लाहरुलाई पनि गुणस्तर र उच्च स्वास्थ्य सेवा लिनको लागि नजिक र सजिलो विकल्प हुने हुँदा प्रस्ताव कार्यान्वयन गर्नु आवश्यक छ।

जनकपुरधाम देशकै ठूला सहरहरु मध्य औधोगिक, पर्यटकीय तथा वाणिज्य हरेक रुपमा तिव्र विकास भैरहेको सहर भएता पनि स्वास्थ सेवाको माग अनुसार सेवा प्रदान गर्ने सरकारी तथा निजि स्वास्थ संस्थानहरु भने छैनन्। सरकारी स्वास्थ्य संस्थान हेर्ने हो भने सामान्य स्वास्थ सेवा प्रदान गर्ने तथा औषधी र खोपहरुको वितरण गर्ने, हरेक वडा मा एउटा स्वास्थ्य चौकी छन् भने सरकारी स्तरको जिल्ला अस्पताल र आँखा अस्पताल छन् र निजि सुविधाजनक अस्पतालहरु बत्रे क्रममा छन्। यी स्वास्थ्य संस्थानमा सबै किसिमका सेवा र सुविधा दिन सक्दैनन्। त्यसैले आधुनिक र सम्पूर्ण सुविधा मुलक स्वास्थ संस्थानको खाँचो देखिन्छ।

२.३ अवस्थिति र पहुँच

प्रस्तावित रविन्द्र मेमोरियल अस्पताल तथा शिक्षण संस्थान, जनकपुरधाम (अक्षांश २६०४३·१२.५३·उ., देशान्तर ८५०५४·३७.०१·पू.) मा अवस्थित छ। प्रस्तावित अस्पताल प्रदेश नं. २, धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका – २३, रविन्द्रनगर मा

पर्दछ। प्रस्तावित अस्पताल जनकपुर चकपण देखि जनकपुर – जलेश्वर सडक खण्ड भएर जान सकिन्छ। प्रस्ताव अस्पताल जनकपुर चकपथमा पर्ने जिरो माईल (Zero Mile) देखि १ कि. मि. बाहिर पर्दछ र जनकपुरधाम को प्रसिद्ध जानकी मन्दिर अस्पताल भन्दा ३.२ कि. मि. टाढा रहेको छ। अस्पतालको अवस्थिति गुगल नक्सा र नेपालको नक्सामा तल देखाइएको छ।



चित्र १ : गुगल नक्सामा अस्पताल स्थल

चित्र २: नेपालको नक्सामा अस्पताल स्थल

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

आयोजना क्षेत्रको भौगोलिक बनोट तराईको समथर भू-भाग हो। यस क्षेत्रले भौगोलिकरुपमा गंगातटीय भू-भागको प्रतिनिधित्व गर्दछ। यस क्षेत्रको माटोको बनोट मलिलो एलुभिएल र कोलोभिएल डिपोजिसन भएर बनेको छ। जनकपुरधाममा पहिला ७२ बटा पोखरी रहेको तर हाल ५२ पोखरी रहेका छन त्यसैले जनकपुरधामलाई पोखरीको सहर भनेर चिन्निन्छ। प्रस्तावित अस्पताल Seismic Zoning Factor with peak Ground Acceleration ०.३ अन्तर्गतको क्षेत्रमा पर्दछ। त्यसैगरी भौगोलिक रुपमा प्रस्तावित अस्पताल तराई जोन अन्तर्गत पर्दछ।



चित्र ३: seismic zoning factor अनुसार प्रस्तावित अस्पतालको क्षेत्र



चित्र ४: जियोलोजिकल नक्सामा प्रस्तावित अस्पतालको स्थान

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

२.४ प्रकृति/किसिम

प्रस्तावित अस्पताल सेवामूलक निजि संस्था हो र यो निर्माण तथा संचालन किसिम भित्र पर्दछ।

२.५ आयोजनाको प्रमुख विशेषताहरु

प्रस्तावित अस्पतालका प्रमुख विशेषताहरु निम्न तालिकामा देखाइएको छ।

तालिका १: प्रस्तावित अस्पतालको प्रमुख विशेषताहरु

अवयव	विवरण
प्रस्तावको नाम	रविन्द्र मेमोरियल अस्पताल तथा शिक्षण संस्था
प्रस्तावको अवस्थिति	जनकपुरधाम उपमहानगरपालिका — २३, धनुषा
प्रदेश	मधेश प्रदेश
अक्षांश	२६°४३'१२.५३"उ.
देशान्तर	८५°५४'३७.०१"पू.
उचाई (altitude)	८३ मि. समुन्द्री सतह देखि
दर्ता	कम्पनीको दर्ता नम्बरः १४६९३०/०७२/०७३ करदाता प्रमाणपत्र नम्बरः ६०४२३५८८८
शैय्या संख्या	३००
जग्गा कित्ता नं	४१७, ५७, १४१६, १४१७
जग्गाको क्षेत्रफल	२७८०.०४ वर्ग मि. (५-७-१-२.९४ रोपनी)
जम्मा अस्पतालको क्षेत्रफल	१०,३४४.२१ वर्ग मि.
जग्गाको स्वामित्व	निजी जग्गा (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. र यसको सेयर होल्डरको नाममा)
पार्किंग क्षेत्र	१३०० वर्ग मि. (३०० वर्ग मि. बेसमेन्ट र १००० वर्ग मि. खुल्ला क्षेत्र)
पार्किंग क्षमता	१०० चार पाङ्ग्रे र ३१ दुई पाङ्ग्रे (विधि तथा श्रोतः स्वास्थ्य संस्था संचालन सम्बन्धि मापदण्ड, २०७७ अनुसार ३०० शैया अस्पतालको लागि १०० वटा गाडी अट्ने पार्किंग क्षेत्र आवश्यक पर्दछ, १ कार को पार्किंग क्षेत्र २.५ x ४.५ मि. र २ मोटरसाइकल बराबर १ कार पार्किंग क्षेत्र)
खुल्ला क्षेत्र	११३९ वर्ग मि. (४०.९७ %)
हरियाली क्षेत्र	१३९ वर्ग मि. (५%)
पानीको श्रोत	खानेपानी जमीन मुनिको प्रशोधित पानी र अन्य प्रयोजन को लागि जमीन मुनिको पानी

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

प्रतिदिन आवश्यक पानी	८५,१५० लिटर
शौचालय	५५
अस्पताल भवन	सात तल्लाको एउटा भवन
Floor Area Ratio (FAR)	२.४ < २.५ (permissible)
अधिकतम ग्राउण्ड कभरेज	३३.७८ % < ४०% (permissible)
भवनको set AoIS (set back)	१२ फिट > न्यूनतम ३ फिट (permissible)
पार्किंग स्थल	४६.७६ % > न्यूनतम २५% (permissible)
लाइट प्लेन (Light plane)	५१.१५ डिग्री मा २७.४३ मि. अग्लो भवन < ६३.५ डिग्री मा ४४.३२ मि. अग्लो (permissible)
बेसमेन्ट	९३९.३० वर्ग मि. (पार्किंग, एक्स-रे, एम. आर. आई. , सि. टि. स्क्यान, केमिकल तथा ड्रग स्टोर)
भुई तल्ला	९३९.३० वर्ग मि. (इमर्जेन्सी वार्ड, माइनर अपरेसन कोटा, इमर्जेन्सी आई. सि. यू. , फार्मेसी, एक्टिभ डेलीभेरी)
पहिलो तल्ला	९३९.३० वर्ग मि. (हिस्टोप्याथोलोजी, हेम्याटोलोजी, बायोकेमिस्ट्री ल्याब, ओपिडी, न्युरो ओपिडी, यू. आर. ओ. ओपिडी, ओर्थो ओपिडी, डेन्टल, फिजिओथेरापी, आँखा शाखा)
दोश्रो तल्ला	९३९.३० वर्ग मि. (एस आइसीयु, मेजर अपरेसन, माइनर अपरेसन, प्रि-अपरेसन)
तेश्रो तल्ला	९३९.३० वर्ग मि. (एम आइसीयु, आइसोलेसन रुम, डायोलाइसिस)
चौथो तल्ला	९१६.९३ वर्ग मि. (एन आइसीयु, नर्सरी)
पाँचौ तल्ला	९१६.९३ वर्ग मि. (पी आइसीयु, वार्ड)
छैठौं तल्ला	९१६.९३ वर्ग मि. (वार्ड)
सातौं तल्ला	२२८.७३ वर्ग मि. (अफिस)
विपद तथा प्रकोपको तयारी	आकस्मिक द्वार — २ वटा अग्नि समयन्त्र (Fire extinguisher) - अस्पतालको प्रत्येक तल्लामा जडान आकस्मिक सूचक आकस्मिक वार्ड, आकस्मिक अपरेसन थिएटर र आकस्मिक आइसीयु भुईंतल्लामा नै राखिएको आकस्मिक सभा कक्ष- अस्पतालको भवन अगाडी खाली ठाउँमा जडान गर्ने सेक्युरिटी गार्ड — ४ जना
अपाङ्गमैत्री संरचना तथा सेवाहरु	लिफ्ट — १ वटा ramp — भुईतल्ला देखि माथिल्लो तल्ला सम्म व्हील चियर/ट्रोली/स्ट्रेचर — ३५ भन्दा बढी संख्या

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

	अपाङ्गमैत्री शौचालय – १०, विगर/उडन/ प्लाष्टिक
सेवाहरु	आउटडोर सेवा (जस्तैः एनसिलरीओलोजी, जनरल मेडिसिन, जनरल सर्जरी, यौन रोग, दन्त रोग, बाल रोग, नाक, कान, घाँटी, छाती रोग, छाला रोग, हाड जोर्नी) र इन्डोर सेवा (जस्तैः मेडिकल वार्ड, सर्जिकल वार्ड) तथा निदानात्मक सेवा (जस्तैः एक्सरे, ई. सि. जि., सि. टि. स्क्यान, इन्डोस्कपी, प्रयोगशाला, अपरेसन थिएटर, प्याथोलोजी सेवा) र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी
स्वास्थ्य तथा अस्पतालजन्य फोहोरमैला उत्सर्जन	दैनिक २५५ के. जी. जोखिममुक्त १८० के.जी. जोखिमयुक्त ७५ के. जी.
आयोजनाको लागत (अनुमानित)	ने. रु. १०००,०००,००० (भ्याट बाहेक)

श्रोतः गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. ,२०७७

२.६ आयोजना सम्बन्धी कियाकलाप

निर्माण अघिका कियाकलाप

प्रस्तावित अस्पताल निर्माण अघि परामर्शदाता चयन गरी परामर्शदाता मार्फत आयोजनाको डिजाईन र वातावरणीय अध्ययन गरिने छ। डिजाईन संगै निर्माणको लागि पुर्व तयारि पनि गरिनेछ जसमा अस्पताल निर्माणका लागि आवश्यक जग्गा, निर्माण विधि, आवश्यक स्विकृती लिने जस्ता आदि काम गरिने छ।

निर्माण चरणका कियाकलाप

प्रस्तावित अस्पताल निर्माणको लागि निर्माणकर्ता चयन गर्ने। प्रस्तावक, परामर्शदाता र निर्माणकर्ताको प्राविधिक टोलीहरु बाट अध्ययन र डिजाईनको आधारमा प्रस्तावित अस्पताल गरी संयुक्त सर्वेक्षण गरिन्छ। कुनै परिमार्जन वा परिष्कृत गर्नुपरेमा निर्माणकर्ताले सोको परिष्कृत नक्सा तयार पारी प्रस्तावक समु पेश गरी स्वीकृत गरिन्छ। साथै आवश्यक गुणस्तरीय प्रतिवेदन पेशगरी प्रास्तावकबाट स्वीकृत गराइन्छ।

निर्माणमा प्रयोग हुने हरेक प्रकारका वस्तु तथा सामानहरू जस्तै गिटी, बालुवा, रोडा, सिमेण्ट, जालीतार आदिको नमुना सङ्कलन गरी गुणस्तरीय जाँच गराई आवश्यक गुणस्तरको छ/छैन भनि स्वीकृत गरिन्छ। कंकिटमा आवश्यक अनुपातको डिजाईन गरी आवश्यकता अनुसारको तयार पारी चेक जाँच गराई प्रस्तावक द्वारा स्वीकृत गराइन्छ।

यी सम्पूर्ण कार्य पूर्ण भएपछि अस्पताल निर्माणको कार्य थालनी गरिन्छ। यसको लागि अस्पताल निर्माणको लागि आवश्यक जग्गा जमिनको तयारी गरिन्छ। सो कार्य स्वीकृत नक्साअनुसार

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रोगनिदान विभाग, काठमाडौं

साथसाथै आवश्यक अन्य संरचनाहरू (जस्तै: शौचालय, प्रतीक्षालय, पार्किङ आदि) निर्माण गर्ने, फोहोर व्यवस्थापनका लागि गोदाम बनाउने र पानी बग्ने संरचनाहरू व्यवस्थित निर्माण गरेको छ र अस्पतालको लागि आवश्यक आई.सि.यू. (ICU), भेन्टिलेटर कक्षहरूको पनि निर्माण गरेको छ। यी सबै संरचनाहरू मापदण्ड तथा गुणस्तर अनुसार बनेको/नबनेको परामर्शदाता द्वारा चेक जाँच गराइएको छ।

संचालन चरणका क्रियाकलाप

संचालन चरण अस्पताल व्यवस्थापनमा आधारित हुँदै छ। संचालन चरणका मुख्य क्रियाकलापहरूमा फोहोरमैला व्यवस्थापन, रासायनिक पदार्थको उचित निकास तथा व्यवस्थापन, वातावरणको सरसफाई र स्वास्थ्य सेवा प्रवाह रहेका छन्।

२.४ प्रकृति/किसिम

प्रस्तावित अस्पताल सेवामूलक निजि संस्था हो र यो निर्माण तथा संचालन किसिम भित्र पर्दछ।

२.५ आयोजनाको प्रमुख विशेषताहरु

प्रस्तावित अस्पतालका प्रमुख विशेषताहरु निम्न तालिकामा देखाइएको छ।

तालिका १: प्रस्तावित अस्पतालको प्रमुख विशेषताहरु

अवयव	विवरण
प्रस्तावको नाम	रबिन्द्र मेमोरियल अस्पताल तथा शिक्षण संस्था
प्रस्तावको अवस्थिति	जनकपुरधाम उपमहानगरपालिका — २३, धनुषा
प्रदेश	मधेश प्रदेश
अक्षांश	२६°४३'१२.५३"उ.
देशान्तर	८५°५४'३७.०१"पू.
उचाई (altitude)	८३ मि. समुन्द्री सतह देखि
दर्ता	कम्पनीको दर्ता नम्वरः १४६९३०/०७२/०७३ करदाता प्रमाणपत्र नम्वरः ६०४२३५८८८
शैय्या संख्या	३००
जग्गा कित्ता नं	४१७, ५७, १४१६, १४१७
जग्गाको क्षेत्रफल	२७८०.०४ वर्ग मि. (५-७-१-२.९४ रोपनी)
जम्मा अस्पतालको क्षेत्रफल	१०,३४४.२१ वर्ग मि.
जग्गाको स्वामित्व	निजी जग्गा (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. र यसको सेयर होल्डरको नाममा)
पार्किंग क्षेत्र	१३०० वर्ग मि. (३०० वर्ग मि. वेसमेन्ट र १००० वर्ग मि. खुल्ला क्षेत्र)
पार्किंग क्षमता	१०० चार पाइग्रे र ३१ दुई पाइग्रे (विधि तथा श्रोतः स्वास्थ्य संस्था संचालन सम्वन्धि मापदण्ड, २०७७ अनुसार ३०० शैया अस्पतालको लागि १०० वटा गाडी अट्ने पार्किंग क्षेत्र आवश्यक पर्दछ, १ कार को पार्किंग क्षेत्र २.५ x ४.५ मि. र २ मोटरसाइकल बराबर १ कार पार्किंग क्षेत्र)
खुल्ला क्षेत्र	११३९ वर्ग मि. (४०.९७ %)
हरियाली क्षेत्र	१३९ वर्ग मि. (५%)
पानीको श्रोत	खानेपानी जमीन मुनिको प्रशोधित पानी र अन्य प्रयोजन को लागि जमीन मुनिको पानी

प्रतिदिन आवश्यक पानी	८५,१५० लिटर
शौचालय	५५
अस्पताल भवन	सात तल्लाको एउटा भवन
Floor Area Ratio (FAR)	२.४ < २.५ (permissible)
अधिकतम ग्राउण्ड कभरेज	३३.७८ % < ४०% (permissible)
भवनको set AofS (set back)	१२ फिट > न्यूनतम ३ फिट (permissible)
पार्किंग स्थल	४६.७६ % > न्यूनतम २५% (permissible)
लाइट प्लेन (Light plane)	५१.१५ डिग्री मा २७.४३ मि. अग्लो भवन < ६३.५ डिग्री मा ४४.३२ मि. अग्लो (permissible)
बेसमेन्ट	९३९.३० वर्ग मि. (पार्किंग, एक्स-रे, एम. आर. आई. , सि. टि. स्क्यान, केमिकल तथा ड्रग स्टोर)
भुई तल्ला	९३९.३० वर्ग मि. (इमर्जेन्सी वार्ड, माइनर अपरेसन कोठा, इमर्जेन्सी आई. सि. यू. , फार्मेसी, एक्टिभ डेलीभेरी)
पहिलो तल्ला	९३९.३० वर्ग मि. (हिस्टोप्यायोलोजी, हेम्याटोलोजी, बायोकेमिस्ट्री ल्याब, ओपिडी, न्युरो ओपिडी, यू. आर. ओ. ओपिडी, ओर्थो ओपिडी, डेन्टल, फिजिओथेरापी, आँखा शाखा)
दोश्रो तल्ला	९३९.३० वर्ग मि. (एस आइसीयु, मेजर अपरेसन, माइनर अपरेसन, प्रि-अपरेसन)
तेश्रो तल्ला	९३९.३० वर्ग मि. (एम आइसीयु, आइसोलेसन रुम, डायोलाइसिस)
चौथो तल्ला	९१६.९३ वर्ग मि. (एन आइसीयु, नर्सरी)
पाँचौ तल्ला	९१६.९३ वर्ग मि. (पी आइसीयु, वार्ड)
छैठौ तल्ला	९१६.९३ वर्ग मि. (वार्ड)
सातौ तल्ला	२२८.७३ वर्ग मि. (अफिस)
विपद तथा प्रकोपको तयारी	आकस्मिक द्वार — २ वटा अग्नि समयन्त्र (Fire extinguisher) - अस्पतालको प्रत्येक तल्लामा जडान आकस्मिक सूचक आकस्मिक वार्ड, आकस्मिक अपरेसन थिएटर र आकस्मिक आइसीयु भुईंतल्लामा नै राखिएको आकस्मिक सभा कक्ष- अस्पतालको भवन अगाडी खाली ठाउँमा जडान गर्ने सेक्युरिटी गार्ड — ४ जना
अपाङ्गमैत्री संरचना तथा सेवाहरु	लिफ्ट — १ वटा ramp — भुईंतल्ला देखि माथिल्लो तल्ला सम्म व्हील चियर/ट्रोली/स्ट्रेचर — ३५ भन्दा बढी संख्या

	अपाङ्गमैत्री शौचालय – १०, चियर/उडन/ प्लाष्टिक
सेवाहरु	आउटडोर सेवा (जस्तैः एनसथेसीओलोजी, जनरल मेडिसिन, जनरल सर्जरी, यौन रोग, दन्त रोग, बाल रोग, नाक, कान, घाँटी, छाती रोग, छाला रोग, हाड जोर्नी) र इन्डोर सेवा (जस्तैः मेडिकल वार्ड, सर्जिकल वार्ड) तथा निदात्मक सेवा (जस्तैः एक्सरे, ई. सि. जि., सि. टि. स्क्यान, इन्डोस्कपी, प्रयोगशाला, अपरेसन थिएटर, प्याथोलोजी सेवा) र २४ सै घण्टा आकस्मिक सेवा र फार्मेसी
स्वास्थ्य तथा अस्पतालजन्य फोहोरमैला उत्सर्जन	दैनिक २५५ के. जी. जोखिममुक्त १८० के.जी. जोखिमयुक्त ७५ के. जी.
आयोजनाको लागत (अनुमानित)	ने. रु. १०००,०००,००० (भ्याट बाहेक)

श्रोतः गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. ,२०७७

२.६ आयोजना सम्बन्धी क्रियाकलाप

निर्माण अघिका क्रियाकलाप

प्रस्तावित अस्पताल निर्माण अघि परामर्शदाता चयन गरी परामर्शदाता मार्फत आयोजनाको डिजाईन र वातावरणीय अध्ययन गरिने छ।डिजाईन संगै निर्माणको लागि पुर्व तयारि पनि गरिनेछ जसमा अस्पताल निर्माणका लागि आवश्यक जग्गा, निर्माण विधि, आवश्यक स्विकृती लिने जस्ता आदि काम गरिने छ।

निर्माण चरणका क्रियाकलाप

प्रस्तावित अस्पताल निर्माणको लागि निर्माणकर्ता चयन गर्ने।प्रस्तावक, परामर्शदाता र निर्माणकर्ताको प्राविधिक टोलीहरु बाट अध्ययन र डिजाईनको आधारमा प्रस्तावित अस्पताल गरी संयुक्त सर्वेक्षण गरिन्छ।कुनै परिमार्जन वा परिष्कृत गर्नुपरेमा निर्माणकर्ताले सोको परिष्कृत नक्सा तयार पारी प्रस्तावक सामु पेश गरी स्वीकृत गरिन्छ।साथै आवश्यक गुणस्तरीय प्रतिवेदन पेशगरी प्रास्तावकबाट स्वीकृत गराइन्छ।

निर्माणमा प्रयोग हुने हरेक प्रकारका वस्तु तथा सामानहरू जस्तै गिटी, बालुवा, रोडा, सिमेण्ट, जालीतार आदिको नमुना सङ्कलन गरी गुणस्तरीय जाँच गराई आवश्यक गुणस्तरको छ/छैन भनि स्वीकृत गरिन्छ। कंक्रिटमा आवश्यक अनुपातको डिजाईन गरी आवश्यकता अनुसारको तयार पारी चेक जाँच गराई प्रस्तावक द्वारा स्वीकृत गराइन्छ।

यी सम्पूर्ण कार्य पूर्ण भएपछि अस्पताल निर्माणको कार्य थालनी गरिन्छ। यसको लागि अस्पताल निर्माणको लागि आवश्यक जग्गा जमिनको तयारी गरिन्छ। सो. कार्य स्वीकृत नक्साअनुसार

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

सँगसंगै आवश्यक अन्य संरचनाहरू (जस्तैः शौचालय, प्रयोगशाला, पार्किंग आदि) निर्माण गर्ने, फोहोर व्यवस्थापनका लागि नालिहरु बनाउने र पानी बग्ने संरचनाहरु त्यसलगतै निर्माण गरिन्छ र अस्पतालको लागि आवश्यक आई.सि.यू. (ICU), भेन्टिलेटर कक्षहरुको पनि निर्माण गरिन्छ। यी सबै संरचनाहरू मापदण्ड तथा गुणस्तर अनुसार बनेको/नबनेको परामर्शदाता द्वारा चेक जाँच गराइन्छ।

संचालन चरणका क्रियाकलाप

संचालन चरण अस्पताल व्यवस्थापनमा आधारित हुँने छ। संचालन चरणका मुख्य क्रियाकलापहरुमा फोहोरमैला व्यवस्थापन, रासायनिक पदार्थको उचित निकास तथा व्यवस्थापन, वातावरणको सरसफाई र स्वास्थ्य सेवा प्रवाह रहेका छन्।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

२.७ आयोजनाको लागि आवश्यकता

२.७.१ आवश्यक जग्गाको प्रकार र क्षेत्रफल

प्रस्ताव अस्पताल निर्माण तथा संचालनको लागि २७८०.०४ वर्ग मि. निजी (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. को स्वामित्वमा रहेको) जग्गा छुट्टाइएको छ। जसमध्ये ९३९.३ वर्ग मि. जग्गामा अस्पतालको भवन रहेको छ भने बाँकी जग्गा खाली तथा पार्किंग को लागि रहेको छ। प्रयोग गरिने जग्गाको प्रकार कृषियोग्य जमिन रहेको छ।

२.७.२ अस्पतालजन्य फोहोरमैला व्यवस्थापन

स्वास्थ्य सेवा प्रदान गर्ने संस्था, स्वास्थ्य सेवासँग सम्वन्धित प्रयोगशालावाट निष्काशन हुने फोहोर, रिसर्च सेन्टरहरुमा प्रयोग हुने रसायनजन्य फोहोर आदि सम्पूर्ण फोहोरहरुलाई अस्पतालजन्य फोहोरहरु जनाउछ। स्वास्थ्य जन्य फोहोरमैलाहरुलाई मुख्यतयाः जोखिमयुक्त र जोखिम रहित गरी वर्गीकरण गरिएको छ। रविन्द्र मेमोरियल अस्पतालवाट दैनिक प्रति शैया ०.८५ के. जी. फोहोर उत्सर्जन हुने आंकलन गरिएको छ, जसमा ०.६० के. जी. जोखिममुक्त र ०.२५ के. जी. जोखिमयुक्त हुनसक्ने प्रतेप्क्षण गरिएको छ। यसरी हेर्दा रविन्द्र मेमोरियल अस्पतालवाट दैनिक २५५ के. जी. फोहोर उत्सर्जन हुने देखिन्छ जसमा १८० के. जी. जोखिममुक्त र ७५ के. जी. जोखिमयुक्त हुनेछ। फोहोर व्यास्थापनको लागि अस्पतालको हरेक वार्ड/युनिटहरुमा फोहोरमैला श्रोतमा नै छुट्टाउन फोहोर वर्गीकरण गरी विभिन्न रङका विनहरुको व्यवस्था गरिनेछ। देहाय वमोजिम विभिन्न रङको विनहरुको व्यवस्था गरिनेछ।

- हरियो रङः कुहिने सामान्य फोहोरका लागि
- नीलो रङः नकुहिने सामान्य फोहोरका लागि
- रातो रङः जोखिमयुक्त फोहोरहरुका लागि (जस्तैः संक्रमण जन्य फोहोर, प्याथोलोजिकल, धारिलो, औषधीजन्य तथा साइटोटोक्सिक फोहोरहरु)
- पहेंलो रङः जोखिमयुक्त रासायनिक फोहोरका लागि
- कालो रङः जोखिममुक्त रेडियोधर्मी फोहोरका लागि

यसरी संकलन गरिएका फोहोरमैलाहरु ट्रलिमा हालेर फोहोर व्यवस्थापन साइट लगी वातावरणमा कुनै असर नपर्ने गरी प्रशोधन गरेर पुन प्रयोग गर्न मिल्ने, औधोगिक कच्चा पदार्थको रुपमा प्रयोग गर्न मिल्ने, जैविक कम्पोस्ट मल बनाउन मिल्ने छुटाएर उचित व्यवस्थापन गरिनेछ। फोहोर वर्गीकरण गरि उचित स्थानमा निपटान गर्नुभन्दा आगाडी फोहोर व्यवस्थापन, गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि. को स्वामित्वमा रहेको निजि जग्गाको ८३२.०७ वर्ग मि. (अक्षांश २६° ४३'६.७४" उ., देशान्तर ८५°५४'३९.७९" पू.) मा गरिने छ। फोहोर पानी भने हानिकारक पदार्थलाई ढलमा फाल्न योग्य बनाई अस्पतालको आफ्नो ढल निकास वाट जनकपुरधाम उपमहानगरपालिकाको ढल निकासमा मिसाइने छ।

२.७.३ अस्पताल भवनको डिजाइन

अस्पताल भवनको डिजाइन राष्ट्रिय भवन संहिता २०७६ (NBC 105:2020) अनुसार गरिएको छ। भवन डिजाइनका केहि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २: डिजाइन र नगरपालिकाको मापदण्डहरु

विवरण	नगरपालिकाको मापदण्ड अनुसार	बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड अनुसार	भवन डिजाइन अनुसार
Floor area Ratio (FAR)	३	२.५	२.४
Ground Coverage Ratio (GCR)	-	अधिकतम ४०%	३३.७८ %
Open Space	-	न्यूनतम २५%	४६.७६ %
Set back	५ फिट	न्यूनतम ३ फिट	१२ फिट
भवनको उचाई	-	< ६३.५ डिग्री मा ४४.३२ मि. अग्लो (permissible)	५१.१५ डिग्री मा २७.४३ मि. अग्लो भवन

श्रोतः जनकपुरधाम उपमहानगरपालिका र भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड, २०७२

२.७.४ अस्पताल संचालनको लागि आवश्यक पानीको परिमाण

अस्पताल निर्माण तथा संचालनको लागि बोरहोल बाट पानी निकाली आवश्यक सुरक्षित विधि अपनाई अस्पतालको लागि प्रयोग गरिने छ। अस्पातालको लागि आवश्यक पानीको परिमाण कुन शाखामा कति पानी आवश्यक पर्छ भनि तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३: प्रस्तावित अस्पतालको लागि आवश्यक पानीको परिमाण

महत्वपूर्ण क्षेत्रहरु	पानीको परिमाण	रविन्द्र मेमोरियल अस्पतालको (३०० शैया) को लागि आवश्यक पानीको परिमाणको औपत आंकलन (लिटर)
बहिरंग र आकस्मिक विभाग	५ लिटर प्रति परामर्श	७५० (प्रतिदिन १००-२०० जना विरामी आउने प्रक्षेपण)
अन्तरंग विभाग	४०-६० लिटर प्रति विरामी र प्रति दिन	१५०००
	१५ लिटर प्रति स्याहारकर्ता र प्रति दिन	४५००
शल्यक्रिया कक्ष र प्रसुति कक्ष	१०० लिटर प्रति शल्यक्रिया	५००० (प्रतिदिन ३०-७० जना विरामीको शल्यक्रिया हुने प्रक्षेपण)
सुत्केरी वा पुरक खाना केन्द्र	०.५ — ५ लिटर प्रति परामर्श	९०० (प्रतिदिन २५०-३५० जना प्रक्षेपण)
भिजेको (तरल पदार्थ सहित) पुरक खान केन्द्र	१५ लिटर प्रति परामर्श	१३५०० (प्रतिदिन ८०-१०० जना आउने प्रक्षेपण)
अन्तरंग उपचारात्मक खाना केन्द्र	३० लिटर र प्रति दिन प्रति विरामी	९०००
	१५ लिटर प्रति स्याहारकर्ता र प्रति दिन	४५००
हैजा उपचार केन्द्र	६० लिटर र प्रति विरामी र प्रति दिन	६०००

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

	१५ लिटर प्रति स्याहारकर्ता प्रतिदिन	३०००
गम्भीर घातक श्वास प्रस्वास सम्बन्धि रोग	१०० लिटर प्रति बिरामी प्रतिदिन	५०००
भाईरल रक्तश्रावयुक्त ज्वरो केन्द्र	३००-४०० लिटर प्रतिबिरामी प्रतिदिन	१७५००
प्याथोलोजी प्रयोगशाला	१० लिटर प्रति जाँच	५००
जम्मा		८५,१५०

श्रोतः स्वास्थ्य संस्था संचालन सम्बन्धि मापदण्ड, २०७७

नोट•: आवश्यक पानीको आंकलन र प्रक्षेपण गर्दा, अस्पतालमा दैनिक रुपमा २४सै घण्टा हुनसक्ने बिरामीहरु अनुमान गरी प्रक्षेपण गरिएको छ।

२.७.५ अस्पताल निर्माणको लागि आवश्यक निर्माण सामाग्री

आयोजना निर्माणका लागि स्थानीय स्तरमै उपलब्ध सामग्री र आयातित सामाग्रीहरु आवश्यकता पर्नेछ। आयोजना निर्माणको लागि आवश्यक अनुमानित मुख्य निर्माण सामाग्रीहरु निम्नानुसार उल्लेख गरिएको छ।

तालिका ४: अस्पताल निर्माणको लागि आवश्यक पर्ने मुख्य निर्माण सामाग्री

आवश्यक निर्माण सामाग्री	ईकाइ	परिमाण
सिमेन्ट	मेट्रिक टन (MT)	१,४७१.६०
डण्डी (Rebar)	मेट्रिक टन (MT)	११४.३०
इट्टा(Brick)	संख्या (Number)	२४२,५७५
बालुवा(Sand)	घ. मि. (cubic meter)	१,१४२.२
गिट्टी(Aggregate)	घ. मि. (cubic meter)	९१५

श्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०७७

२.७.६ भण्डारण क्षेत्र, कामदार शिविर, बिग्रन तथा मक व्यवस्थापन क्षेत्र

निर्माण सामाग्री भण्डारणको लागि अस्पताल निर्माण हुने स्थलमा नै भवन निर्माण हुने बाहेकको जग्गामा गरिनेछ भने कामदार शिविर को लागि त्यहि अस्पाताल निर्माण हुने जग्गामै, रहेको पुराना निजि घरटहराहरुमा व्यवस्था गरिने छ र निर्माण सम्पन्न पछि त्यो भत्काई अस्पतालको लागि

हरियाली प्रवर्द्धन गरिनेछ। निसान तथा मक व्यवस्थापनका लागि अस्पताल नीकेक संकेतको ठाउँमा सेकान गरी बेच्न मिल्ने, पुन प्रयोग गर्न मिल्ने र निपटान गर्नुपने सामग्री छुट्टाई नियन व्यवस्थापन गरिने छ।

तालिका ५: भण्डारण क्षेत्र, कामदार शिविर, निसान तथा मक व्यवस्थापन क्षेत्र

सि.नं.	प्रयोगका उद्देश्य	स्थान	क्षेत्रफल	स्वामित्व
१	निर्माण सामग्री भण्डारण क्षेत्र	अक्षांश २६°४३'१२.९७" उ. देशान्तर ८५° ५४'३७.६८" पू.	८२९.१७ वर्ग मि. अस्पताल स्थान	निजि (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)
२	कामदार शिविर क्षेत्र	अक्षांश २६°४३'१२.१९" उ. देशान्तर ८५° ५४'३८.३४" पू.	१११.०८ वर्ग मि. मा रहेको १ तल्ले पुरानो भवन (अस्पताल स्थान)	निजि (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)
३	निसान तथा मक व्यवस्थापन क्षेत्र	अक्षांश २६°४३'६.७७" उ. देशान्तर ८५° ५४'३९.७९" पू.	८३२.०७ वर्ग मि. मा रहेको कृषियोग्य चौडो जग्गा	निजि (गनिनाथ गोविन्द हेल्थ फाउन्डेसन प्रा. लि.)

श्रोतः स्थलगत अध्ययन २०७७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

२.७.७ अस्पतालको लागि आवश्यक जनशक्ति

निर्माण चरण

आयोजना निर्माणको लागि जम्मा २,१६,००० मानव दिनको आवश्यक पर्नेछ जसमध्ये १५१,२०० मानव दिन अदक्ष जनशक्तिको आवश्यक पर्दछ भने ६४,८०० मानव दिन दक्ष जनशक्ति आवश्यक पर्नेछ। जसमध्ये भवन संरचना निर्माण अवधिमा ९०,७२० मानव दिन दक्ष र ३८,८८० मानवदिन अदक्ष , पार्टिसन र पर्खाल अवधिमा ४५३६० मानव दिन दक्ष र १९,४०० मानव दिन अदक्ष र अन्तिमिकरण तथा रंगरोगन अवधिमा १५,१०२ मानव दिन दक्ष र ६,४८० मानव दिन अदक्ष जनशक्तिको आवश्यक पर्नेछ।

अस्पताल संचालन चरण

अस्पताल संचालन हुदा जम्मा ३७४ जना कर्मचारीहरु कार्यरत हुनेछन। जसमध्ये ३४५ जना कर्मचारीहरु क्लिनिकल सेवाका लागि रहनेछन्, १६ जना कर्मचारी सुशासन तथा अस्पताल व्यवस्थापनका लागि रहनेछन् र १३ जना कर्मचारी अस्पताल सहयोग सेवाका लागि कार्यरत रहनेछन्। अस्पतालमा कार्यरत कर्मचारीहरुको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ। अस्पताल संचालन गर्दा अस्पतालका जनशक्तिको स्वास्थ्यलाई मध्यनजर गरि covid-१९ जस्ता रोगहरुको अवस्थामा सुरक्षाका लागि सुरक्षित सामाग्रीहरु (PPE) को उपलब्ध गराईनेछ। साथै आयोजना निर्माण र संचालन दुवै चरणमा नेपाल सरकारले तोकेको कोभिड-१९ जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गरिनेछ।

तालिका ६: सुशासन तथा व्यवस्थापनका लागि जनशक्ति

सि.नं.	कर्मचारीहरु	फुल टाइम	पार्ट टाईम	जम्मा
१	मेडिकल डाइरेक्टर/सुपेरीटेनडेन्ट मेडिकल	१		१
२	मेट्रोन	१		१
३	अस्पताल व्यवस्थापन अधिकृत/ प्रशासक	१		१
४	आइ. टि. अधिकृत/सहायक	२	१	३
५	बायो मेडिकल इन्जिनियर/सहायक	१	२	३
६	मेडिकल रेकर्डर (मेडिकल रेकर्डर अधिकृत/सहायक)	३		३
७	अस्पताल वित्तीय व्यवस्थापक (लेखा अधिकृत/ लेखापाल/ स. लेखापाल)	२		२
८	स्टोर किपर (सहायक/अधिकृत)	१		१
९	रिसेप्सनिस्ट	१		१
जम्मा				१६

श्रोतः स्वास्थ्य संस्था संचालन सम्बन्धि मापदण्ड, २०७७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

तालिका ७: क्लिनिकल सेवाका लागि जनशक्ति

सि.नं.	कर्मचारीहरु	फुल टाइम	पार्ट टाईम	जम्मा
१	General Physician	२		२
२	General surgeon	२		२
३	Gynecologist and Obstetrician	२		२
४	Pediatrician	२		२
५	Anesthesiologist	२		२
६	Orthopedic surgeon	२		२
७	General practioner	२		२
८	Dental surgeon	२		२
९	Dermatologist and venerologist	२		२
१०	Psychiatrist	१		१
११	ENT surgeon	१		१
१२	Pathologist	२		२
१३	Ophthalmologist	१		१
१४	Radiologist	२		२
१५	Plastic, Reconstructive, Aesthetic and Hand surgeon	१		१
१६	Cardiologist	२		२
१७	Neonatologist	१		१
१८	Critical care physician	१		१
१९	मेडिकल अधिकृत	३२	४०	७२
२०	नर्सिंग अधिकृत	१२	१२	३६
२१	नर्सिंग सुपरभाइजर	२	१	३
२२	नर्सिंग स्टाफ	७०	५०	१२०
२३	पारामेडिकल स्टाफ/ हे. अ.	११	२५	३६
२४	औषधी व्यवस्थापक/ फार्मेसी अधिकृत/ फार्मेसी सहायक	१/१/२	०/१/३	७
२५	प्रयोगशालाका लागि आहिने जनशक्ति		३	

२६	एनेस्थेटिक सहायक	६	६	१२
२७	डेन्टल हाइजिनिस्ट	२		२
२८	डेन्टल सहायक	२		२
२९	MO/ Optometrist	१/१		२
३०	अप्थाल्मिक सहायक	२		२
३१	मेडिको लिगल र फोरेन्सिक सेवा	१	१	१
३२	फिजियोथेरापिष्ट	६	६	१२
३३	डाईटिसियन	१		१
३४	सिनियर डाईटिसियन	१		१
जम्मा				३४५

श्रोतः स्वास्थ्य संस्था संचालन सम्वन्धि मापदण्ड, २०७७

तालिका ८: अस्पताल सहयोग सेवाका लागि जनशक्ति

सि.नं.	कर्मचारीहरु	फुल टाइम	पार्ट टाईम	जम्मा
१	हाउस किपर	१		१
२	CSSD	२	१	३
३	Laundary र housekeeping	२	१	३
४	सुरक्षा	२		२
५	Plumber	१	१	२
६	Electrician	१	१	२
जम्मा				१३

श्रोतः स्वास्थ्य संस्था संचालन सम्वन्धि मापदण्ड, २०७७

२.७.८ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाण

अस्पताललेः राष्ट्रिय विधुत प्रशारण लाइनवाट विधुत आपुर्ति गर्नेछ र हरेक प्रकारका उर्जाको प्रयोगमा नविकरणीय उर्जालाई प्राथमिकता दिईने छ। प्रति महिना २२०० किलोवाटघण्टा (Kilowatt hour) विधुत खपत गर्नेछ यसवाहेक कटौतीको अवधिमा आवश्यक अनुसार इनभटर र सोलार प्रविधिको प्रयोग गरी green energy लाई जोड दिइनेछ र अत्यन्तै आयश्यक को वखत मात्र ५०० के. भि. ए. क्षमताको जेनेरेटर प्रयोग गरिनेछ जसले प्रतिघण्टा लोड अनुसार ३६ देखि १२० लिटर डिजल खपत गर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ, काठमाडौं

२.७.९ प्रयोग हुने प्रविधि

प्रस्तावित अस्पताल निर्माण गर्दा प्रायः मेसिन, औजार, विभिन्न उपकरणहरू मैलमैले मानव श्रमको प्रयोग गरिने छ। अस्पताल निर्माण गर्दा मुख्य रूपमा प्रयोग गरिने उपकरणहरू तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ९: निर्माण चरणमा प्रयोग हुने उपकरण तथा प्रविधि

सि.नं.	उपकरण तथा प्रविधि	प्रयोगको उद्देश्य
१	मिक्सर मेसिन (Mixer machine)	कंक्रिटिंग गर्नको लागि
२	भैब्रेटर (Vibrator)	कंक्रिटिंग गर्नको लागि
३	प्लेट कम्प्याक्टर (Plate Compactor)	कंक्रिटिंग गर्दा कम्प्याक्ट गर्न
४	पम्प सेट (water pump/pump set)	पानी तान्न
५	व्हील बरो (wheel Barrow)	विविद कामहरुको लागि
६	डण्डी बंगाउने मेसिन (Bar bending machine)	डण्डीहरुलाई आवश्यक आकार दिन
७	डण्डी काट्ने मेसिन (Bar cutter machine)	डण्डी काट्न
८	आरा (हाते तथा ईलेक्ट्रिक) (saw cutter machine)	Formwork को लागि
९	ज्याक पाईप (jack pipe 2m height)	Beams/columns हरुको कंक्रिटिंग गर्न

२.८ आयोजनाको प्रभाव क्षेत्र

आयोजनाको निर्माण,सञ्चालन तथा मर्मतले वातावरणका विभिन्न क्षेत्रहरुमा अनुकुल तथा प्रतिकुल प्रभावहरु पर्ने हुन्छन्।प्रस्तावको प्रभावित क्षेत्रको वर्गीकरण निम्न तालिकाको अनुसार गरिएको छ।

तालिका १०: आयोजनाको प्रभाव क्षेत्र

प्रत्यक्ष प्रभाव क्षेत्र (प्र.प्र.क्षे.)	आयोजना सञ्चालन हुने स्थानबाट १०० मि. परिधि भित्रको क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा निर्धारण गरिएको छ। अस्पतालको निर्माण र संचालन क्रियाकलापले यस क्षेत्रमा भौतिक, जैविक र सामाजिक तथा सौंस्कृतिक वातावरणलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ।प्रत्यक्ष प्रभाव क्षेत्र अन्तर्गत निर्माण स्थल, कामदार शिविर, भण्डारण क्षेत्र र बिरेन्द्रनगर बस्ति पर्दछ।प्रत्यक्ष प्रभाव क्षेत्र भित्र २१ घरधुरी भित्र ११३ जनसंख्याको बसोबास गर्दछन्।
अप्रत्यक्ष प्रभाव क्षेत्र (अ.प्र.क्षे.)	प्रत्यक्ष प्रभाव क्षेत्र बाहेक ५०० मि. परिधि भित्रको क्षेत्रलाई अप्रत्यक्ष प्रभाव क्षेत्रको रुपमा लिइएको छ।यस क्षेत्रमा अस्पतालको निर्माण र संचालन क्रियाकलापले अप्रत्यक्ष रुपमा प्रभाव पर्ने गर्दछ।जसअन्तर्गत जनकपुरधाम उपमहानगरपालिका बडा नं. २३ पर्दछ।अप्रत्यक्ष प्रभाव क्षेत्र भित्र ४१७ घरधुरी भित्र २२४५ जनसंख्या बसोबास गर्दछन्।
समग्र प्रभाव क्षेत्र (स.प्र.क्षे.)	अस्पताल संचालन हुने नगरपालिका/ उपमहानगरपालिकाहरु तथा प्रदेश नं. २ को प्रशासनिक सिमाहरुलाई लिन सकिन्छ।जसअन्तर्गत पुरा जनकपुरधाम उपमहानगरपालिका पर्दछ।समग्र प्रभाव क्षेत्र भित्र अर्थात जनकपुरधाम उपमहानगरपालिका भित्र ३०,५८१ घरधुरी भित्र ७७,८९६ घरधुरी बसोबास गर्दछन्।

श्रोत: स्थलगत सर्वेक्षण

परिच्छेद ३

प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

वातावरणीय प्रभाव मूल्याङ्कन (वा.प्र.मू.) प्रतिवेदन तयार गर्दा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले दिएको निर्देश अनुसार तयार गरिने छ। तल उल्लेखित तरिका र विधि अपनाएर वा.प्र.मू. प्रतिवेदन तयार गरिने छ।

३.१ वातावरणीय प्रभाव मूल्याङ्कनका लागि आवश्यक सूचना/तथ्यांक

वा.प्र.मू. गर्दा निम्न अनुसारको सूचना/तथ्यांकहरु आवश्यक पर्ने देखिन्छ।

भौतिक वातावरणः स्थलाकृति (टोपोग्राफी), भौगर्भिक विवरण (चट्टान, माटो, भौगर्भिक अवस्था आदि), आर्किटेकचरल तथा स्ट्रकचरल नक्साहरु, माटो परिक्षण प्रतिवेदनको अध्ययन तथा पुनरावलोकन, टोपोग्राफिक र गूगल नक्साहरू, पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनहरु, आयोजना क्षेत्रको भूकम्पीय विवरण, मौसम सम्वन्धी तथ्यांक (तापमान र वर्षा), भू-उपयोगको किसिम र आयोजना क्षेत्रको भौतिक श्रोतहरू सम्वन्धी जानकारी, हावा, पानी र ध्वनिको विद्यमान अवस्था जस्ता भौतिक अव्ययहरू आदि।

रासायनिक वातावरणः रासायनिक सामाग्री र इन्धनको भण्डारण तथा प्रयोग, एसिड, मर्करी तथा अन्य अस्पतालजन्य र ल्यावमा प्रयोग हुने पदार्थ आदि।

जैविक वातावरणः आयोजना क्षेत्रको वनस्पतिको विवरण (प्रभाव क्षेत्रका वनहरूका प्रकार, वनस्पतिको प्रकार, लोपान्मुख वोट विरुवाहरू, औषधी जन्य वोट विरुवाहरू, गैर-काष्ठ जन्य वनस्पति आदि); वन्यजन्तुको विवरण (प्रभाव क्षेत्रका वन्यजन्तुहरूः स्तनधारी, चरा, सरीसृप र उभयचरहरू, वन्यजन्तुको आवतजावत क्षेत्र, जैविक मार्ग आदि); संरक्षित, दुर्लभ र संकटापन्न प्रजाति, संवेदनशील वासस्थान र व्यावसायिक महत्त्वका प्रजातिहरू; निर्माण कार्यले असर पुर्याउन सक्ने जैविक अव्ययहरू आदि।

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः सामाजिक-आर्थिक र सांस्कृतिक पक्षहरू (जनसंख्या, लिङ्ग, जाति, व्यवसाय, शिक्षा, स्वास्थ्य र सरसफाइको अवस्था, वस्तीको प्रकार, वसाई-सराई, धर्म, सांस्कृतिक तथा धार्मिक क्षेत्र, पेशा, वाली उत्पादन तथा खाद्यान्नको उपलब्धताको, ऊर्जाको स्रोत तथा ऊर्जाको उपभोग, भौतिक तथा सामाजिक संरचना, वजारहरू, उद्योग, आयोजना क्षेत्र भित्र भएका विकास गतिविधिहरूको विवरण जस्तै नजिक रहेका स्वास्थ्य संस्थाहरु, त्यहाँ मानिसहरुको स्वास्थ्य स्थिति, अस्पतालको लागि चाहिने वा यसले असर पुर्याउने क्षेत्रको निजी / सार्वजनिक सम्पत्तिहरूको लेखाजोखा आदि)।

३.२ तथ्यांक संकलनको विधि

३.२.१ सन्दर्भ सामाग्रीको अध्ययन

आयोजना संग सम्बन्धित विभिन्न कागजातहरू/दस्तावेजहरूको संकलन तथा अध्ययन गरीएको छ। विभिन्न सरकारी निकायहरू जस्तै वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, केन्द्रीय तथ्यांक विभाग आदि तथा सम्बन्धित अन्य निकायहरूले प्रकाशन गरेका विभिन्न कागजातहरू/दस्तावेजहरू जस्तैः राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५०, वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा, २०७०, राष्ट्रिय आर्थिक जनगणना, २०७५, आदि जस्ता दस्तावेजहरू सूचीकरण गरी अध्ययन गरीएको छ। त्यसै गरी आयोजना संग सम्बन्धित कागजातहरू जस्तैः आर्किटेकचरल तथा स्ट्रकचरल नक्साहरु, माटो परिक्षण प्रतिवेदनको अध्ययन तथा पुनरावलोकन, टोपोग्राफिक र गूगल नक्साहरू, पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनहरुको अध्ययन आदि दस्तावेजहरू पनि सूचीकरण गरी अध्ययन गरीएको छ।

आयोजनाको मौसम सम्बन्धी तथ्यांक जल तथा मौसम विज्ञान विभागबाट लिइनेछ। यसको लागि आयोजना संचालन हुने क्षेत्रको नजिकको मापन केन्द्रको तथ्यांक प्रयोग गरिनेछ। आयोजना क्षेत्रको उचाइ र स्थलाकृतिको परिदृश्य टोपोग्राफिक नक्सा र सर्भे डाटाबाट लिइनेछ। आयोजना क्षेत्रको भू-प्रयोग सम्बन्धी तथ्यांक गूगल नक्सा र GIS बाट लिइनेछ। सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको लागि जनसांख्यिकीय डाटा केन्द्रीय तथ्यांक विभाग र नगरपालिका/गाउँपालिका प्रोफाइलबाट लिइनेछ।

३.२.२ चेकलिस्ट र घरधुरी सर्वेक्षण प्रश्नावलीको तयारी

आयोजना क्षेत्रको भौतिक, जैविक, आर्थिक-सामाजिक, सांस्कृतिक, रासायनिक वातावरणको आधारभूत तथ्यांक संकलन गर्नका लागी समूहगत छलफल/ सार्वजनिक परामर्शको लागि विशिष्ट चेकलिस्ट (Specific Checklist) आदिको प्रयोग गरिने छ।

३.२.३ स्थलगत अध्ययन कार्य

परामर्शदाताको टोलीले आयोजना क्षेत्रमा निरीक्षण र अध्ययन गरी आधारभूत तथ्याङ्कहरु संकलन गर्नेछन्। प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमा स्थलगत भ्रमण गरी भौतिक, जैविक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण र प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने असरहरु सम्बन्धी आवश्यक जानकारी चेकलिष्ट, प्रश्नावली, प्रमुख सूचनादाता अन्तवार्ता, लक्षित समुह छलफलबाट लिइनेछ र सोही बमोजिम प्रस्ताव क्षेत्रको अवलोकन, अध्ययन र तथ्याङ्क समेत संकलन पनि गरिनेछ।

भौतिक वातावरण

यो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरुमा अध्ययन गर्न बाकओभर सर्भे गरिने छ। माटो, बालुवा, चट्टान, खोलानालामा पानीको अवस्था र प्रस्ताव कार्यान्वयनबाट प्रत्यक्ष पर्नसक्ने भौतिक असरहरुका बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा

जानकारी संकलन गर्ने कार्य गरिनेछ। गूगल नक्सा र GIS बाट लिइएको आयोजना क्षेत्रको भूप्रयोग सम्बन्धी तथ्यांक माटो परिक्षणको प्रतिवेदनबाट र स्थलगत सर्वेक्षणबाट अवलोकन गरी प्रमाणित गरिनेछ। स्थलगत सर्वेक्षणबाट अवलोकन गर्ने क्रममा सरकारी जग्गा, निजी जग्गा, बन क्षेत्र, कृषियोग्य जमिन, नदी उकासको जग्गा, खाली जग्गा आदि भू-उपयोगको टिपोट गरी जिओग्राफिक इन्फर्मेशन सिस्टम (जी.आई.एस.) को प्रयोग विश्लेषण गरिनेछ। सोहीअनुसार अस्पताल निर्माणको लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल मापन गरिनेछ। भूकम्पीय जोखिमको बारेमा नेपाल बिल्डिंग कोड २०२० मा राखिएको Seismic Map को अध्ययन गरी लेखिनेछ र बाढीको अवस्था, भूमिगत पानीको तह मापन गर्नको लागि Natural Hazard Map र जल तथा मौसम विज्ञान विभागले प्रकाशन गरेको hydrological तथ्यांक संकलन र विश्लेषण गरी लेखिने छ।

आयोजनाले पानीको गुणस्तरमा प्रभाव पार्न सक्ने सम्भावित स्थानहरु पहिचान गरी पानीको नमुना सङ्कलन गरी प्रयोगशालामा pH, Electrical Conductivity, Turbidity, Total Dissolved Solids, Hardness, Alkalinity, Chloride, Ammonia, Nitrate, Nitrite, Calcium, Iron, Magnesium आदि जस्ता मानकहरु मापन गरिने छ। हावाको गुणस्तर (पि.एम.२.५, पि.एम.१०, टोटल पार्टीकल्स आदि मानकहरु) पोर्टेबल उपकरणबाट र ध्वनिको मात्रा Noise Level Meter तथा Android Noise Measurement device बाट तथ्यांक मापन गरिने छ। मापन गरिएको तथ्यांकबाट आयोजना क्षेत्रको ध्वनिको मात्रा Leq मा विश्लेषण गरिनेछ।

जैविक वातावरण

आयोजना क्षेत्र वरिपरि हिँड्दै अवलोकन गर्दै र स्थानीयहरू संग सोधपुछ गरी वनस्पति (रुख, झाडी/वुटयान, घास) र बन्यजन्तु (स्तनधारी जनावरहरु, सरीसृपहरू, उभयचर, जलचर प्राणीहरु आदि) प्रजातिहरुको को विवरण सूचीकृत गरिने छ। आयोजना क्षेत्रमा पाइने संरक्षित प्रजातिहरु (नेपाल सरकार -ने.स. को संरक्षण, आई.यु.सि.यन. को संरक्षण र सा.ई.टि.यस.को संरक्षण) पनि सूचीकृत गरिने छ।

आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण

आयोजना नजिकैको वस्तीहरूमा समुहगत छलफल तथा सार्वजनिक परामर्श गरी आवश्यक सूचना, जानकारी तथा तथ्यांक संकलन गरिने छ। अस्पतालको लागि चाहिने वा यसले असर पुर्याउने क्षेत्रको निजी सम्पत्तीहरूको डिजाइन नक्सा अनुसार र स्थलगत अवलोकन गरी कोर्डिनेट सहित लेखाजोखा राखिने छ।

आवश्यक सूचना/तथ्याङ्क र संकलन विधिलाई गाउँपालिका/नगरपालिका, वडा, वस्ती र घरधुरी अनुसार तलको तालिका बमोजिम संकलन गरिने छ।

तालिका ११: आवश्यक सूचना/तथ्याङ्क संकलन विधि,(आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण)

अध्ययन गनुपर्ने क्षेत्र	आवश्यक तथ्याङ्क	सूचना/तथ्याङ्क संकलन विधि
आयोजना प्रभावित गा.पा.न.पा.	घरधुरी, जनसंख्या, जात/जाति, शिक्षा, खानेपानी, सरसफाई, स्वास्थ्य, उर्जाको प्रयोग, पेशा, आर्थिक गतिविधि, आदि	सहभागितमूलक ग्रामीण लेखाजोखा (सामुदायिक छलफल) तथा द्रुत ग्रामीण लेखाजोखा (मुख्य सूचनाबालाहरुसँगको अन्तवार्ता जस्तै न.पा./गा.पा./वडा प्रमुख, विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाहरुका कर्मचारी तथा गैर सरकारी संस्थाहरुको प्रतिनिधि)
आयोजना प्रभावित वडा	घरधुरी, जनसंख्या, जात/जाति, शिक्षा, खानेपानी, सरसफाई, स्वास्थ्य , उर्जाको प्रयोग, पेशा, आर्थिक गतिविधि, आदि	सहभागितमूलक ग्रामीण लेखाजोखा (सामुदायिक छलफल) तथा द्रुत ग्रामीण लेखाजोखा (मुख्य सूचनाबालाहरुसँगको अन्तवार्ता जस्तै न.पा./गा.पा./वडा प्रमुख, विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाहरुका कर्मचारी तथा गैर सरकारी संस्थाहरुको प्रतिनिधि)
आयोजना प्रभावित बस्ती .	घरधुरी, जनसंख्या, जात/जाति, शिक्षा, खानेपानी, सरसफाई, स्वास्थ्य, पेशा, उर्जाको प्रयोग, आर्थिक गतिविधि, आदि	सहभागितमूलक ग्रामीण लेखाजोखा (सामुदायिक छलफल) तथा द्रुत ग्रामीण लेखाजोखा (मुख्य सूचनाबालाहरुसँगको अन्तवार्ता जस्तै न.पा./गा.पा./वडा प्रमुख, विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाहरुका कर्मचारीसरकारी तथा गैर सरकारी संस्थाहरुको प्रतिनिधि)

३.२.४ सार्वजनिक सुनुवाइ र सार्वजनिक सूचना प्रकाशित गर्ने

सार्वजनिक सुनुवाइ र सहभागिता गराउनको मुख्य उदेश्य वा.प्र.मू. प्रतिवेदनको गुणस्तर, व्यापकता र प्रभावकारिता सुनिश्चित गर्नु हो साथै निर्णय प्रक्रियामा जनताका भावनाहरूलाई समेत उचित स्थान दिइएको छ भन्ने कुराको सुनिश्चित गर्नु हो। वा.प्र.मू. प्रतिवेदन तयार गर्दा स्थानीय जनताहरूको संलग्नता सुनिश्चित गर्नलाई निम्न विधिहरू अपनाइने छ:

- <u>सार्वजनिक सुनुवाइ गर्ने</u>: वा.प्र.मू. अध्ययन टोलीले प्रस्तावित प्रस्ताव कार्यान्वयन गर्दा प्रभाव पार्न सक्ने क्षेत्रका स्थानीय जनताहरू सँग सार्वजनिक सुनुवाइ गरी आवश्यक राय सुझावहरू लिइनेछ। वा.सं.नि. २०७७ को नियम ६ अनुसार वा.प्र.मू. प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाइ गरिने छ। यसरी सार्वजनिक सुनुवाइ गर्दा सार्वजनिक सुनुवाइ गर्ने

मिति, समय, स्थान र आयोजनाको सम्बन्धमा प्रचार प्रसार गर्न स्थानीय पत्रिका वा रेडियो वा अन्य माध्यमको प्रयोग गरिने छ र स्थानीय तहको सम्बन्धित कार्यालय र आयोजना क्षेत्रको सार्वजनिक स्थलमा सूचना टाँस गरिने छ। उक्त सार्वजनिक सुनुवाइमा प्रभावित क्षेत्रका स्थानीय समुदाय, स्वास्थ्य चौकीको आधिकारिक व्यक्ति, अन्य स्थानीय संघ/संस्था भए तिनिहरूको प्रतिनिधि र स्थानीय निर्वाचित प्रतिनिधिको उपस्थितमा सम्पन्न गरिने छ। उक्त सार्वजनिक सुनुवाइ भएको मुचुल्का तयार गरी उपस्थिति, सुनुवाइबाट प्राप्त सुझाव र तस्बिर वा.प्र.मू. प्रतिवेदनमा राखिने छ। सार्वजनिक सुनुवाइको श्रव्य दृश्य-सामग्री समेत संलग्न गरिने छ।

- <u>सार्वजनिक सूचना प्रकाशन:</u> प्रस्तावित प्रस्तावको वा.प्र.मू. प्रतिवेदन तयार गर्ने सिलसिलामा प्रस्तावित प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पार्न सक्ने प्रभावको सम्बन्धमा लिखित राय सुझाव दिनको लागि सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थामा वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ९ बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गरिने छ साथै सोही बमोजिमको सात दिने सूचना कुनै राष्ट्रिय स्तरको एक दैनिक पत्रिकामा प्रकाशित गरिने छ।
- प्रस्तावित प्रस्ताव कार्यान्वयन गरिने सम्बन्धित जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय र बडा नं. २३ को कार्यालयहरूबाट सिफारिस पत्र लिइने छ। सोको लागि सूचना प्रकाशन भएको ७ दिन पछि सम्बन्धित सरोकार वाला (स्थानीय तह र विषयगत कार्यालय) को राय सुझाव सहित १५ दिन भित्र सिफारिस उपलब्ध गराउने भनी निवेदन पेश गरिने छ।
- साथै स्वीकृत वा.प्र.मू. प्रतिवेदन इच्छुक व्यक्ति, संघ संस्था तथा साधारण जनताहरू समक्ष पुर्याइने व्यवस्था मिलाइने छ।

३.३ वातावरणीय प्रभावहरूको पहिचान, आकलन तथा मुल्यांकन गर्ने विधि

प्रभाव क्षेत्र भित्रको विभिन्न स्रोतहरूबाट संकलन गरिएको जानकारी भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणको आधारमा प्रशोधन (process) र विश्लेषण (Analysis) गरिनेछ। सर्वेक्षणको क्रममा संकलन गरिएको प्राथमिक तथ्यांकको प्रमाणीकरण र क्रस जाँचको लागि संकलन गरिएको द्वितिय तथ्यांक (secondary data) प्रमुख स्रोतको रूपमा प्रयोग गरिनेछ। प्राथमिक स्रोतबाट उत्पन्न गरिएको जानकारीको विश्लेषण र तालिकामा राख्ने काम गरिने छ। सम्भावित प्रभावलाई नकारात्मक तथा सकारात्मक दुवै रूपमा प्रभावहरूलाई विश्लेषण गरिने छ।

प्रभावहरूको पहिचानको आधारमा, स्थानीय वातावरणमा हुने प्रभावहरूको परिवर्तनको पूर्वानुमान गरिनेछ। प्रवृत्तिको विश्लेषण, कारण र असर सम्बन्ध, निष्कर्षहरूको निर्णय, आदि जस्ता प्रभाव पूर्वानुमानको लागि अपनाउने विधिहरू प्रयोग गरेर प्रभाव पूर्वानुमान गरिनेछ। आयोजनाले निर्माणको बेला पेट्रोलियम पदार्थ प्रयोग गरे बापत उत्सर्जन हुने कार्बोन IPCC को निर्देशिका अनुसार अनुमान गरिने छ र त्यो उत्सर्जित कार्बोन सन्तुलन गर्ने न्यूनीकरणका उपायहरु सिफारिस गरिने छ।

वातावरणीय प्रभावहरूको मुल्यांकन राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका, २०५० मा दिइएको परिमाण, सीमा र अवधिको आधारमा गरिने छ। विज्ञहरूको निर्णय तथा त्यस्तै आयोजनाहरूबाट प्राप्त अनुभवहरूको आधारमा प्रभावहरूको मापन गरिनेछ। यदि प्रभाव ३ वर्ष सम्म रहन्छ भने यसलाई अल्पकालिनको रूपमा लिइन्छ। त्यसैगरी यदि प्रभाव ३ वर्ष देखि २० वर्ष सम्म जारी रहयो भने यसलाई मध्यकालिनको रूपमा लिइन्छ र यदि यो २० वर्ष भन्दा लामो छ भने यसलाई दीर्घकालीनको रूपमा लिइन्छ। यस्तै यदि आयोजना क्षेत्र भित्र मात्र प्रभाव पर्ने देखिन्छ भने त्यसलाई स्थान निर्दिस्ट असर, जो स्थानीय तहको स्तर सम्म जान्छ त्यसलाई स्थानीय असर भनेर परिभाषित गरिनेछ र दुई भन्दा बढी स्थानीय तहमा जान्छ भने क्षेत्रीय असर भनेर परिभाषित गरिनेछ। त्यसैगरी यदि आयोजनाले गर्ने प्रभाव अपरिवर्तनीय छ भने प्रभावलाई उच्च, जो लामो समय मा आंशिक रूपमा परिवर्तनशील छ भने मध्यम र त्यस्तो असर परिवर्तनशील छ भने कम असरको रूप मा परिभाषित गरिनेछ। प्रत्यक्ष प्रभाव हुने प्रभावलाई प्रत्यक्ष भनिन्छ र अप्रत्यक्ष प्रभावलाई अप्रत्यक्ष भनिने छ। संख्यात्मक श्रेणी सहितको म्याट्रिक्स विधि अपनाएर पूर्वानुमानित प्रभावहरूको प्रभाव मुल्यांकन गरिनेछ।

तालिका १२: प्रभाव मूल्यांकन तालिका

परिमाण	मान	सिमा	मान	अवधी	मान	प्रकार
उच्च	६०	क्षेत्रिय	६०	दीर्घकालीन	२०	प्रत्यक्ष
मध्यम	२०	स्थानीय	२०	मध्यकालिन	१०	अप्रत्यक्ष
न्युन	१०	स्थान निर्दिस्ट	१०	अल्पकालिन	०५	-
(सरलीकरण: प्रकार —Nature, परिमाण-Magnitude, हद -Extent, अवधी-Duration, महत्व-Significance)						

स्रोतः रा.वा.प्र.मू.नि.२०५०

प्रभावको महत्व

माथिको तालिका अनुसार प्रभावको मूल्यांकन गर्दा, प्रभावको परिमाण, सीमा र अवधिको मानलाई जोड्दा आउने जम्मा मानलाई विज्ञहरुको निर्णय अनुसार प्रभावको महत्व के कति हो निक्यौल गरिनेछ।

३.४ प्रतिवेदन तयारी

